# अछाम जिल्लामा प्रचलित होरी (होली) गीतको वर्गीकरण र विश्लेषण

**त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयममा स्नातकोत्तर द्वितीय वर्ष दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत**

## शोध-पत्र


**शोधार्थी**

**कण्ठबहादुर भण्डारी**

त्रिभुवन विश्वविद्यालय

महेन्द्र बहुमुखी क्यामपस

नेपालगन्ज, बाँके


वि.स. २०६७

त्रि.वि. दर्ता नं. : ६-३-५५-५९६-२००१

# कृतज्ञता-ज्ञापन

जीवनका हरेक आरोह अवरोहहरु पार गर्दै, आर्थिक, पारिवरिक, कठिनाईहरु झेल्दै प्रस्तुत शोध पत्र लेखनको क्रमसम्म आइपुग्दा सर्व प्रथम मलाई शिक्षाको वीजारोपण गर्दै सन्मार्ग तर्फ अग्रसर हुन प्रेरणा दिनुहुने स्व.बुवा दानबहादुर भण्डारी तथा स्व. आमा भरु देवी भण्डारीप्रति हार्दिक श्रद्धाञ्जलीसहित कृतज्ञता प्रकट गर्दछु । बुवाको अल्पायुमै निधन हुँदा अभिभावकको रुपमा हामीलाई संरक्षण प्रदान गर्नु हुने आदरणीय दाजु नयाँराम भण्डारीप्रति कृतज्ञता प्रकट गर्दछु । जीवनका हरेक घुम्तीहरुमा प्रेरणा र हौसला प्रदान गर्नु हुने आदरणीय दाजुहरु श्री बलबहादुर सोडारी, तेजबहादुर भण्डारी र प्रेमबहादुर भण्डारीप्रति कृतज्ञता प्रकट गर्दछु । साथै जीवनका हरेक अभाव र समस्याहरुमा साथ दिने जीवनसंगिनी श्रीमति बिस्ना भण्डारीलाई धन्यवाद सहित आभार प्रकट गर्दछु ।

शोधपत्र लेखनको क्रममा आफ्नो अमूल्य समयको प्रवाह नगरी सही मार्ग निर्देशन गर्नु हुने आदरणीय गुरु श्री गिरीराज पौडेलप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै आवश्यक सामाग्री जुटाई सहयोग गर्नु हुने श्री कर्णबहादुर थापा ज्यू र श्री नृपबहादुर खड्का ज्यू प्रति आभारी छु ।

**शोधार्थी**
**कण्ठबहादुर भण्डारी**

# विषयसूची


| क.स. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | **पहिलो परिच्छेद** | |
| १. | **शोध परिचय** | १ |
| १.१ | शोध शिर्षक | १ |
| १.२ | शोध कार्यको प्रयोजन | १ |
| १.३ | विषय परिचय | १ |
| १.४ | समस्या कथन | १ |
| १.५ | शोध कार्यको उद्देश्य | २ |
| १.६ | पूर्व कार्यको समीक्षा | २ |
| १.७ | शोध कार्यको औचित्य | ३ |
| १.८ | शोध कार्यको सीमा | ३ |
| १.९ | शोध कार्यको अवधि | ४ |
| १.१० | शोध विधि | ४ |
| १.११ | शोध पत्रको रुपरेखा | ४ |
| | **दोश्रो परिच्छेद** | |
| २. | **अछाम जिल्लाको समान्य परिचय** | ५ |
| २.१ | अछामको नक्शा | ५ |
| २.२ | अछामको भौगोलिक परिचय | ६ |
| २.२.१ | भू- वनोट | ६ |
| २.२.२ | नामकरण | ६ |
| २.२.३ | नदी र खोलाहरु | ७ |
| २.२.४ | राजनैतिक विभाजन | ८ |
| २.२.५ | शिक्षा | ९ |
| २.२.६ | स्वास्थ्य | ९ |
| २.२.७ | विद्युत | १० |
| २.२.८ | यातायात | १० |
| २.२.९ | सञ्चार | १० |

| | | |
|---|---|---|
| २.२.१० | पर्यटन क्षेत्र | १० |
| २.३ | ऐतिहासिक परिचय | १२ |
| २.३.१ | प्राचीन काल | १२ |
| २.३.२ | पूर्व मध्यकाल | १२ |
| २.३.३ | मध्यकाल | १३ |
| (क) | बाइसी राज्यहरु | १२ |
| (ख) | एकीकरण पछि | १२ |
| २.३.४ | आधुनिककाल (२००७ साल पछि ) | १४ |
| २.४ | प्रमुख धार्मिक स्थलहरु | १५ |
| (क) | बडीमालिका | १५ |
| (ख) | खप्तडको खापर जगन्नाथ र सहस्रलिङ्ग | १५ |
| (ग) | श्री वैद्यनाथ ज्योतिलिङ्ग | १६ |
| (घ) | बान्नीगढी वरदादेवी | १६ |
| (ङ) | प्रभाको माडी (सिद्ध धुनी) | १७ |
| (च) | श्रीकोटकी भग्न जाल्पादेवी | १७ |
| (छ) | केदार केदारी (नन्दामाता) नदाई | १७ |
| (ज) | तितौराकी त्रिपुरा सुन्दरी | १७ |
| (झ) | अन्य धार्मिक स्थलहरु | १७ |
| २.५ | ऐतिहासिक स्थलहरु | १८ |
| २.५.१ | विनायक | १८ |
| २.५.२ | विमकोट | १८ |
| २.५.३ | घुँघुरकोट | १८ |
| २.५.४ | मंगलसैन | १८ |
| २.५.५ | तडिगैरा | १९ |
| २.५.६ | दर्नाकोट | १९ |
| २.५.७ | बान्नीगढी | १९ |
| २.५.८ | कालीमाटीगढी | १९ |
| २.६ | अछामका प्रमुख चाडपर्वहरु | १९ |
| २.६.१ | विसु तिहार | २० |
| २.६.२ | जेठासे पूर्णिमा | २० |
| २.६.३ | साउने संक्रान्ति | २० |
| २.६.४ | साउने पूर्णिमा | २० |

| | | |
|---|---|---|
| २.६.५ | कृष्ण जन्माष्टमी | २० |
| २.६.६ | घाँसे संक्रान्ति | २० |
| २.६.७ | वडादशै | २० |
| २.६.८ | कार्तिक पूर्णिमा | २१ |
| २.६.९ | तिहार | २१ |
| २.६.१० | भैले पूर्णिमा | २१ |
| २.६.११ | भुवा औसी | २१ |
| २.६.१२ | मकर संक्रान्ति | २१ |
| २.६.१३ | शिवरात्री | २२ |
| २.६.१४ | होरी | २२ |
| २.६.१५ | चैते दशै | २२ |
| २.६.१६ | पुतला | २२ |
| २.६.१७ | अन्य पर्वहरु | २२ |

## तेश्रो परिच्छेद

| | | |
|---|---|---|
| **३.** | **होरी गीतको सैद्धान्तिक परिचय** | २३ |
| ३.१ | लोक साहित्यको परिचय | २३ |
| ३.२ | पैराणिक पृष्ठभूमि | २३ |
| ३.३ | होली (होरी) पर्वको परिचय | २३ |
| ३.४ | अछाम जिलामा होरी गीतको विकास र विस्तरमा डण्डीस्वमीको योगदान | २७ |
| ३.५ | होरी गीतको परिचय | २८ |
| ३.५.१ | लोक डेउडा र होरी डेउडाको तुलना | २८ |
| ३.६ | होरी डेउडाको ऐतिहासिक पक्ष | २९ |
| ३.७ | होरी डेउडाको क्षेत्र | ३० |
| ३.८ | होरी डेउडाको (गीत) को संरचना | ३० |
| ३.८.१ | कथ्य | ३० |
| ३.८.२ | भाषा | ३१ |
| ३.८.३ | चरण वा पद | ३१ |
| ३.८.४ | लय वा भाका | ३२ |
| ३.८.५ | छन्द | ३२ |
| ३.८.६ | अलङ्कार | ३२ |

३.९ होरी गीतका तत्वहरु ३३
३.१० होरी गीतको प्रयोजन ३३
३.१०.१आनन्दको अनुभव ३४
३.१०.२अनुष्ठानको सम्पादन ३४
३.१०.३ सामूहिक गायनको प्रयोग ३४
३.११ होरी गीतको महत्व ३४
३.११.१ साँस्कृतिक तथा ऐतिहासिक महत्व ३५
३.११.२ सामाजिक महत्व ३५
३.११.३ धार्मिक महत्व ३५

## चौथो परिच्छेद

**४. अछाममा प्रचलित होरी गीतको वर्गीकरण र विश्लेषण ३६-८३**
४.१ होरी गीतको वर्गीकरण ३६
४.१.१ रचनाकालका आधारमा वर्गीकरण ३६
४.१.१.१ प्रारम्भिक होरी गीतहरु ३६
४.१.१.२ डण्डीस्वामीकालिन होरी गीतहरु ४०
४.१.१.३ आधुनिककालिन होरी गीतहरु ४७
४.१.२ स्थानीय होरी छन्दका आधारमा वर्गीकरण ५०-६२
४.१.३ विषयवस्तुका आधारमा वर्गीकरण ६२-६७
४.२ होरी गीतको विश्लेषण ६७
४.२.१ तत्वगत विष्लेषण ६८
४.२.१.१ भावात्मकता ६८
४.२.१.२ लयात्मकता ७२
४.२.१.३ भाषाशैली ७३
४.२.१.४ अलङ्कार प्रयोग ७४
४.२.२ अर्थगत विश्लेषण ७५
४.२.२.१ अभिधार्थ ७५
४.२.२.२ लक्ष्यार्थ ७६
४.२.२.३ व्यङ्ग्यार्थ ७७
४.२.३ विषयगत विश्लेषण ७७

४.२.३.१ होरी गीतमा भक्ति /स्तुति ७७
४.२.३.२ होरी गीतमा मायाप्रीति ७८
४.२.३.३ होरी गीतमा प्रकृति वर्णन ७९
४.३.३.४ होरी गीतमा विरह व्यथा ८०
४.२.३.५ चेतनामूलक होरी गीत ८१
४.२.३.६ सामाजिक (ग्राम्य परिवेश वर्णन) ८१
४.२.३.७ सँस्कृति वर्णन ८२
४.२.३.८ ऐतिहासिक होरी गीत ८३

## पाँचौ परिच्छेद

**५. उपसंहार, अछामी भाषिकाको शव्द सूची, सन्दर्भ ग्रन्थ सूची ८४-८८**
५.१ सारांश ८४
५.२ निष्कर्ष ८५

**सन्दर्भ ग्रन्थ सूची**

**परिशिष्ट**
अछामी शव्द सूची
यस शोध पत्रको लागि सहयोग गर्ने व्यक्तिहरु ।

# पहिलो परिच्छेद

## १.    शोध परिचय

## १.१    शोध शीर्षक

"अछाम जिल्लामा प्रचलित होरी (होरी गीतको वर्गीकरण र विश्लेषण" रहेको छ ।

## १.२    शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत नेपाली शिक्षण विभाग महेन्द्र बहुमुखी क्याम्पस नेपालगंजको स्नातकोत्तर तहको आंशिक परिपूर्तिका लागि दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३    विषय परिचय

नेपाल एक बहुधार्मिक, बहुसाँस्कृतिक, बहुजातीय राष्ट्र हो । यहाँका विविध संस्कृतिहरु मध्ये सुदूर पश्चिमको अछाम जिल्लामा होरी पर्वमा डेउडाको रुपमा गाइने र खेलिने गीत होरी पर्व गीतले आफ्नो छुट्टै पहिचान बनाएको छ । होरी पर्व शिवरात्रीदेखि शुरु भएर होरी पूर्णिमासम्म चल्छ । गाउँको सार्वजनिक स्थल (पटकानी) मा गाउँका पुरुषहरु भेला भएर दुई समूहमा विभाजित भई पंक्तिमा उभिन्छन् । अनि एउटा खलिफाको निर्देशनमा गीत गाउँदै पैदल मिलाउदै हाउभाउ सहित नाच्दै जान्छन् । त्यही गीतहरुको वर्गीकरण र विश्लेषणलाई यस शोध पत्रको विषय बनाइएको छ ।

यस्ता होरी गीतहरुले विविध विषयवस्तुलाई समेटेको हुन्छ तापनि प्रमुखरुपमा रामगाथा र कृष्णगाथालाई यी गीतहरुको विषयवस्तु बनाइएको हुन्छ । आजभोलि राजनैतिक र सामाजिक विषयवस्तु समेटेर केही होरी गीतहरु रचना गरिएको पाइन्छ । यसका साथै होरीपर्व ठट्यौलीको पर्व भएकोले अन्तिम दिनमा ठट्यौली गीतहरु पनि गाइन्छ ।

यस्ता गीतहरु सुदूरपश्चिमका अन्य जिल्लामा पनि गाइने भए तापनि प्रस्तुत शोधपत्रमा अछाम जिल्लामा गाइने गीतहरुलाई आधार मानी अध्ययन गरिने छ ।

## १.४    समस्या कथन

लोकगीतको एउटा महत्वपूर्ण अङ्गको रुपमा रहेको डेउडा गीतकै एउटा अंशको रुपमा चिनिने होरी गीतले सुदूरपश्चिम क्षेत्र अझै प्रष्ट रुपमा भन्ने हो भने अछाम जिल्लामा महत्वपूर्ण स्थान ओगटेको भए तापनि यस विषयमा व्यापकरुपमा अध्ययन, वर्गीकरण र विश्लेषण हुन सकेको पाइदैन । यी गीतहरुको खोजी अध्ययन र अनुसन्धान कार्य हुन सकेमा नेपाली साहित्यको श्रीवृद्धिमा

सघाउ पुग्ने आशा गर्न सकिन्छ । त्यसैले यो शोधपत्रमा निम्न लिखित समस्याको केन्द्रमा रहेर शोधकार्य गरिने छ ।

क) अछाम जिल्लामा के कस्ता होरी गीतहरु प्रचलित छन् ?

ख) उक्त होरी गीतहरुलाई के कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?

ग) उक्त होरी गीतलाई के कति आधारमा विश्लेषण गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यको मुख्य उद्देश्य नेपाली लोकसंस्कृति र लोकगीतको क्षेत्रमा महत्वपूर्ण स्थान ओगट्ने अछामी लोकसंस्कृति अन्तर्गत होरी पर्वमा गाइने पर्वगीतको खोजी गरी यसै होरी गीतमा केन्द्रित रहेर निम्नलिखित उद्देश्य पूर्तिका लागि यो शोधपत्र केन्द्रित हुनेछ ।

क) अछाम जिल्लामा प्रचलित होरी गीतको विषयवस्तु, प्रस्तुतीकरण, भाव, भाषाशैली, लय वा भाका आदिका आधारमा वर्गीकरण गर्नु ।

ख) प्रचलित होरी गीतलाई तत्वगत, अर्थगत र विषयवस्तुका आधारमा विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

अछाम जिल्लामा प्रचलित होरी गीतहरुको सङ्कलन र अध्ययन हालसम्म कसैबाट पनि हुन सकेको पाइदैन । केही पत्र–पत्रिका, पुस्तककार कृति, क्यासेट एल्बमहरुमा अछामी तथा सुदूर पश्चिमेली डेउडा गीतका बारेमा चर्चा भएको पाइन्छ । तथापि पर्वगीतका रुपमा होरी पर्व विशेषमा गाइने होरीका डेउडा गीतहरुको मात्र उद्देश्यमूलक रुपमा अध्ययन र अनुसन्धान हालसम्म भएको पाइदैन । तथापि यस शोधकार्यको सामग्री सङ्कलनका क्रममा केही कृतिहरु प्राप्त भएका छन् जुन यस शोधकार्यको सहयोगी सिद्ध भएका छन् ।

**क) 'होरीका डेउडा' केवल गिरी (डण्डी स्वामी) अछाम कालापाटा–**

उक्त कृति कालापाटाका केवल गिरीद्वारा परम्परागत रुपमा गाइने होरी गीतलाई रामकथा र कृष्णकथामा आधारित गीतहरुको रुपमा रचना गरी उक्त गीतहरुलाई १६ वटा छन्दको नाम समेत दिइ होरी खेल्ने तौर तरिका समेत उल्लेख गरेका छन् । उक्त कृति अप्रकाशित रहेपनि उनको पाण्डुलिपि सुगालीमा हालसम्म सुरक्षित छ ।

**ख) परम्परागत होरी गीतहरु (अज्ञात)**

रचनाकारको नाम नखुलेको केही होरी गीतहरु हस्तलिखित सामग्रीको रुपमा पाप्त गर्न सकिन्छ ।

**ग) यदुनाथ शर्मा** - भागेश्वर अछाम-

यदुनाथ शर्माद्वारा केही फुट्कर होरी गीतहरु सामाजिक विषयवस्तुमा रचना गरी प्रचलनमा आएको बुझिन्छ ।

घ) सुरत बहादुर शाह (कालीमाटी) झारखण्ड वैजनाथ क्षेत्र एक चिनारी पृ. ९९-१०४
उक्त रचना सुरतबहादुर शाहद्वारा वैद्यनाथ स्मारिका २०५७ मा प्रकाशित गरेका थिए । उक्त रचनामा अछाम जिल्लामा होरी कहिले देखि प्रारम्भ भयो भन्नेकुरा उल्लेख गरेका छन् । उनको उक्त खोजमूलक रचनाले अछामी होरीको सम्बन्धमा राम्रो जानकारी प्रदान गरेको छ ।

ङ) अछामको इतिहास डा.राजाराम सुवेदी - उक्त कृतिमा अछामी होरी सम्बन्धी केही महत्वपूर्ण जानकारी प्राप्त गर्न सकिन्छ ।

**च) होरी डेउडा** - टीकापुर साँस्कृतिक समाज -उक्त कृतिमा होरी गीतहरु सङ्कलित छन् ।

## १.७ शोधकार्यको औचित्य

नेपाली लोकसाहित्यको अध्ययनमा जिल्ला वा क्षेत्रगत साहित्यिक अनुशीलन अपेक्षित हुन्छ । वास्तवमा जिल्ला वा क्षेत्रिय स्तरको विधागत लोकसाहित्यिक अध्ययन राम्रोसँग हुन नसकेसम्म सिङ्गो नेपाली लोकसाहित्यको अध्ययन पूर्ण हुन सक्दैन । यस्तो स्थितिमा अछाम जिल्लाको लोकसाहित्यिक संलग्नतामा आदीम प्रयासहरु र अहिलेसम्मको लोक गीत र लोक संस्कृतिको यात्रामा मूलतः अछामी लोकगीतको विधातर्फ यसका विभिन्न पक्षहरुको आलेखन संङ्कलन तथा विभिन्न चाडपर्व, संस्कार कर्म र दुःख सुखको साथीका रुपमा यसको महत्वमाथि प्रकाश पार्नु र अछामी संस्कृतिको जगेर्ना गर्न अछामी पर्व गीतहरुको अध्ययन गर्न इच्छुक व्यक्तिहरुका लागि सहयोगी सामाग्रीको रुपमा स्थापित हुनका साथै अछामी लोक संस्कृतिको वारेमा समेत प्रकाश पार्नुले यस शोध कार्यको औचित्य प्रष्ट हुनेछ ।

## १.८ शोधकार्यको सीमा

यस शोध कार्यको सीमा निम्न अनुसार रहेको छ :-

(क) यस शोध पत्रले सेती अञ्चलको अछाम जिल्लाको प्रतितिधित्व गरे तापनि मूलतः यसले अछाम जिल्लाको सात सय क्षेत्र बलिगाउँ जुपू , बान्नातोली , कालागाउँ, मलातीकोट , कालिका र दर्ना गा.वि.स. हरुलाई यसको सीमाभित्र राखिने छ ।

(ख) यस सातसय क्षेत्रभित्र प्रचलित होरी गीतहरुको स्थलगत रुपमा सङ्कलन गर्दा यहाँ प्रचलित अछामी भाषाका होरी गीतहरुलाई मात्र यस भित्र सङ्कलन गरिने छ ।

(ग) सङ्कलित गीतहरु अछामी भाषामा नै रहनेछन । वर्गीकरण र विश्लेषणमा यहाँको जनजीवनलाई मुख्य आधार मानी सामाजिक, ऐतिहासिक, पौराणिक, मायाप्रेम, चाडपर्व र संस्कारका आधारमा नेपाली भाषामा गरिने छ ।

(घ) होरी गीतमा डेउडा गीत र नृत्य दुवै सँगै हुने भएकाले यस शोधकार्यमा पनि उक्त दुवै आधारमा गरिने छ ।

## १.९ शोधकार्यको अवधि

यस शोधकार्यलाई शोध प्रस्ताव पेश गरेको मितिले बढीमा छ महिनामा पूरा गरिने छ ।

## १.१० शोध विधि

प्रस्तुत शोध पत्र तयार पार्दा निम्न विधिको अवलम्वन गरिने छ ।

**(क) क्षेत्रीय अध्ययन पद्धति**

यस अध्ययन विधि अनुसार अछाम जिल्लाका विभिन्न सम्भाव्य स्थानहरुमा पुगेर बूढापाका बेद्धिजीवी र होरीका खलिफाहरुलाई भेटी लिखित रुपमा गीत सङ्कलन र टेप रेकर्डिङ विधिको प्रयोग गरिने छ ।

**(ख) पुस्तकालयीय विधि**

हाल सम्म सङ्कलित होरी गीतहरु तथा आवश्वक सामग्रीहरुको अध्ययन गरेर सङ्कलित गीतहरुको वर्गीकरण र विश्लेषण गरिने छ ।

## १.११ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा निम्न अनुसार रहने छ -

पहिलो परिच्छेद - शोध परिचय

दोस्रो परिच्छेद - अछाम जिल्लाको सामान्य परिचय

तेश्रो परिच्छेद - होरी गीतको सैद्धान्तिक परिचय


चौथो परिच्छेद - अछाम जिल्लामा प्रचलित होरी गीतको वर्गीकरण र विश्लेषण

पाँचौ परिच्छेद - उपसंहार, अछामी भाषिका शब्द सूची, सन्दर्भ ग्रन्थ सूची

# दोश्रो परिच्छेद

## २.    अछाम जिल्लाको सामान्य परिचय

### २.१    अछाम जिल्लाको नक्शा



## २.२ अछामको भौगोलिक परिचय

**अछामको भौगोलिक परिचयलाई निम्न बुँदाहरुमा अध्ययन गर्न सकिन्छ ।**

### २.२.१ भू बनोट

नेपालका १४ अञ्चलहरु मध्ये सुदूपश्चिमाञ्चलमा पर्ने सेती अञ्चलको पहाडी जिल्ला हो अछाम । यसको उत्तर तर्फ बाजुरा,पूर्वतर्फ दैलेख, कालिकोट, दक्षिणतर्फ सुर्खेत र पश्चिमतर्फ डोटी जिल्ला पर्दछ । छिमेकी जिल्लाको तुलनामा क्षेत्रफलमा सानो भए तापनि जनसंख्याको हिसाबले ठूलो छ । यसलाई सेती नदी, बुढीगङ्गा र कैलास खोलाका फाँटहरुले रमणीय र धनधान्य पूर्ण पारेका छन । यहाँ समथर जमिनको तुलनामा पहाडी भिरालो भाग नै बढी छ । तर उराठ लाग्दा पहाड र हिमाली क्षेत्र छदै छैन भने पनि हुन्छ । यहाँ उच्च लेक होचा पहाड खोलाका छेउमा टार, फाँट र सैनहरु प्रशस्त रहेका छन । यहाँ न धेरै गर्मी न धेरै जाडो हुने हुँदा जनजीवनका लागि अत्यन्त अनुकुल क्षेत्र मानिन्छ ।

मध्य पहाडी भागमा पर्ने अछाम जिल्लामा प्रशस्त वन जङ्गल, जलश्रोत, जडीवुटी, वन्यजन्तु तथा पशुपंक्षीहरु पाइन्छन् । भौगोलिक रुपबाट अछाम जिल्ला २८° ४५' देखि२९° ३३' सम्म उत्तरी अक्षांश र ८१° ०२' पूर्व देखि ८१° ३५' पूर्वी देशान्तरसम्म विस्तार भएको छ । समुद्री सतह देखि अछाम जिल्ला ५४० मिटर देखि ३८२० मिटरसम्म उचाईमा रहेको छ । यसको क्षेत्रफल १६९२ व.कि.मि. रहेको छ ।[१]

ठूला जलाशय र ताल तलैयाका दृष्टिकोणले पनि अछाम जिल्ला प्रख्यात मानिन्छ । यस्ता जलाशयहरुमा खप्तड ताल प्रमुख हो भने रामारोशन क्षेत्रमा पर्ने बाह्रवण्ड र ऋषिदह पनि प्रख्यात छन । अन्य साना तिना वण्डहरु धेरै छन । अछामको धरातलीय स्वरुप अनौठो र रमणीय हुनाले घुमफिर र दृश्यावलोकनका निम्ति उपयुक्त मानिन्छ ।

### २.२.२. नामकरण

हरेक ठाउँको नाम रहनुका कुनै न कुनै आधारहरु हुन्छन् । कुनै नाम स्थानको आधारमा, कुनै पेशाको आधारमा, कुनै पुरुषार्थको आधारमा रहेका हुन्छन् । अछाम जिल्ला नाम रहनुका कारणहरु खोजी गर्दा निम्न मतहरु देखिएका छन् ।

<u>प्रथम मत</u> - अछाम नामकरणका सम्बन्धमा अछामी राजाको प्रारम्भिक राजधानी वूढीथर्पू सेरालाई मानिन्छ । सेरा वूढीथर्पूबाट केहि तल पास्तोली गाड वग्दछ । त्यहाँदेखि पूर्वपट्टि तीनवटा छहरा खसेका छन । ती मध्ये एउटा छहरो अलि ठूलो र डरलाग्दो छ । यी तीनवटै छहरामा माथिको

---

१ (अछामको इतिहास डा.राजाराम सुवेदी पृ.१०)

मूलबाट पानी आउछ । प्राचीनकालमा यो मुहानलाई अस्माम्वु भनिन्थ्यो । त्यहाँ प्रत्येक माघे संक्रान्तिमा मेला लाग्दछ । सोही अस्माम्वु शब्दबाट अप्र भ्रंश भई अस्माम्व अच्छाम्म ,अछाम्म र अछाम भयो भन्ने एउटा मत पाइन्छ ।

द्वितीय मत – परापूर्वकालमा आश्वलायन ऋषि खप्तडमा तपस्या गर्न आउँदा उनका साथमा एउटा चेला पनि आएका थिए । उनी बालव्रहृमचारी हुनाले ऋषि आश्वलायनले आफ्नो मदतका लागि योग सिकाउन आफ्नो साथमा ल्याएका थिए । उनको नाम अक्षम थियो । आफ्नो गुरुको आज्ञा अनुसार ती ब्रहृमचारी कैलासको मुहान रामारोशन क्षेत्रमा आएर तपस्या गरी बसे । उनका तपस्याका तेजले वरपरको वातावरण अत्यन्त तेजोमय र आकर्षक भयो । त्यस्तो तेजोमय धर्तीलाई अक्षम स्थल भनियो । पछि गएर त्यही अक्षम स्थल नै अछाम नामले चिनिन थाल्यो ।

तृतीय मत - अछामको नामकरण सम्बन्धमा अर्को मत अनुसार कर्णाली प्रदेशका राजा जितारी मल्लका जेठा छोरा अक्षय मल्ल राजकुमार छँदा अछामको कार्यभार सम्हाल्न विनायकमा आइ बसे । त्यहाँ बस्दा उनले अनेक देवल र मुङ्गहरु निर्माण गराए । उनी धार्मिक र प्रजावत्सल थिए । उनको नामबाट उक्त ठाउँलाई अक्षय मल्ल भूमि भनियो । त्ससपछि अपभ्रश हुदै अक्षयम र अन्त्यमा अछाम रहन गयो ।[२]

### २.२.३ नदी र खोलाहरु

अछाममा ठूला साना गरी २७ वटा नदी र खोलाहरु छन् । ती मध्ये प्रमुख नदीहरुमा कर्णाली,सेती,बुढीगंगा,कैलास खोला,छिपेखोला र चाइरवा हुन् ।

**(क) कर्णाली नदी**

अछाम जिल्लाको पूर्वी सिमानामा बग्ने कर्णाली नदीले अछामको लगभग आधाजति सिमाना ओगटेको छ । यो नेपाल बाहिरबाट आउने हिमनदी हो । यसले पूर्वी क्षेत्रको कालेकाँडा गा.वि.स. लाई कालिकोटबाट छुट्टयाउछ भने बारला, तोली, पुल्लेतोला, लयाटी, कालिकास्थान, बयाला, रानीवन, भैरवस्थान, रहफ गा.वि.स.लाई दैलेखबाट छुट्टयाउछ अनि रहफ तुर्माखाँद, नाडा, ढुङ्गाचाल्ना, ढकारी, वलाता गा.वि.स.बाट सुर्खेत जिल्लालाई छुट्याउँछ ।

**(ख) वूढीगङ्गा**

अछाम जिल्लाको चिनारी संगै बूढीगङ्गाको नाम आउँछ । यो नदी बाजुरा जिल्लाको उच्च हिमश्रृङ्खलाबाट शुरु भई सेती नदीमा मिसिएको छ । यसको बगरमा साना ठूला धेरै उर्वर फाँटहरु छन् । प्रसिद्ध व्यापारिक केन्द्र साफेबगर यसकै किनारमा पर्दछ । यसका किनारमा प्रसिद्ध

---

२ (अछामको इतिहास पृ. २७

तीर्थस्थलहरु छन् । जस मध्ये वैद्यनाथ प्रमुख हो भने अन्य वाहुली र त्रिवेणीघाट जिमीराडी र इकिडी गाड पनि छन् ।

**(ग) कैलास खोला**

अछाम जिल्लाको प्रसिद्ध पर्यटन क्षेत्र रामारोसनबाट शुरु भई जिमीराडीनेर बूढीगङ्गामा मिल्ने कैलास खोलाले अछाम जिल्लाको आर्थिक विकासमा ठूलो टेवा पुर्‍याएको छ । यसबाट साना ठूला गरी ६ वटा जलश्रोत आयोजना संचालित छन् । कैलाश खोला जलविद्युत योजनाले अछामको साँफेदेखि सदरमुकाम मंगलसेनमा विद्युतसेवा उपलब्ध गराएको छ । यसको किनारमा जिमिराडी,कैलासमठ,जमालेलाई प्रसिद्ध तीर्थस्थलका रुपमा चिनिन्छ । यसबाट निकालिएका सिचाई कुलाहरुले तटीय क्षेत्रलाई उर्वर बनाएको छ ।

घ) **चाइ रवा गाड** - बूढी अछामको शिर भागमा बग्ने सेरा गाड, स्याउले गाड, घेघडी गाड, र ढुङ्गानी गाड जस्ता स-साना खोलाहरु मिलेर हिच्मा नजिक पुगेपछि ठूलै खोलाको रुपलिई मंगलसेनको पाटालाई हिच्मा बलातासँग पृथक गर्ने काम यस खोलाले गरेको छ ।

ङ) **कुईका गाड** - कुइका, चाल्साबाट बग्दै किनारका जमिनलाई उर्वर गर्दै टोट्केसालनेर कर्णली नदीमा समाहित हुन्छ ।

च) **विनायक गाड** - यो खोला कालापानीको खाँददेखि विनायक र तोलीको बीचबाट बग्दै लयाटीनेर कर्णाली नदीमा मिसिन पुग्छ ।

छ) **प्रभाली गाड** - संगरपर्वतबाट उत्पति भई कुमाइथान र प्रभाको फाँट हुदै साँफेबगरमा बूढी गङ्गामा मिसिन्छ ।

ज) **लुँग्रेली गाड** - सँगरपर्वतको देवीथुमदेखि उत्तरतर्फको पर्वतबाट उत्पति भई श्री वैद्यनाथ मन्दिर निकट बूढीगङ्गामा समाहित हुन्छ ।

झ) **छिपेखोला** - वैद्य पर्वतको बेलथुमबाट उत्पति भई पूर्वबाट पश्चिम बग्दै साँफेबगर नेर बुढीगङ्गामा मिसिन्छ ।[३]

## २.२.४ राजनैतिक विभाजन

अछाम जिल्लाको सर्वाङ्गिण विकासका लागि यस जिल्लालाई १३ वटा इलाकाहरुमा विभाजन गरिएको छ । ती हुन् (१) चौरपाटी (२) श्रीकोट (३) ठाटी (४) मेललेख (५) साँफे (६) शान्तडा (७) जयगढ (८) मंगलसेन (९) बल्डाडा (१०) विनायक (११) कमलबजार (१२) ढकारी (१३) तुर्माखाँद हुन् ।

अछामका ७५ गा.वि.स.हरु यस प्रकार छन्

---

३ अछामको इतिहास - डा. राजाराम सुबेदी पृ.१८

(१)सिउडी (२)सोकट (३)पायल (४)लुङ्गा (५)बैजनाथ (६)जाल्पादेवी (७)सिद्धेश्वर (८) मार्कु (९) दुनी (१०) पातलकोट (११) घुँघुरकोट (१२ देवीस्थान (१३) खप्तड (१४)बाव्ला (१५) वूढाकोट (१६) विन्ध्यवासिनी (१७) षोडशादेवी (१८) ऋषिदह (१९) हात्तीकोट(२०) कुस्कोट (२१)ठाँटी (२२) मण्टामाण्डौं (२३) नवाठाना (२४) रिडीकोट (२५) चण्डिका (२६) नन्देगडा (२७) भागेश्वर (१८) शान्तडा (२९) सुतार (३०) चाफामाण्डौ (३१) भटाकाटियाँ (३२)रामारोशन(३३) बाटुलासैन (३४) बर्दादेवी (३५) तिमिल्सैन (३६) गाँज्रा (३७) जनालीकोट (३८) कालिका (३९) दर्ना (४०) मंगलसेन (४१) कुन्तीवण्डाली (४२) जनालीवण्डाली (४३) वलिगाउँ (४४) सेरा (४५) वस्ती (४६) जुपु (४७) वीरपथ (४८) कालागाउँ (४९) मलातीकोट (५०) बान्नातोली (५१) विनायक (५२) पुल्लेतोला (५३) तोली (५४) लयाटी (५५) बारला (५६) कालिकास्थान (५७) बयाला (५८) कालेकाँडा (५९) ढाँकु (६०) मुली (६१) कुइका (६२) घोडासैन (६३) चाल्सा (६४) ढकारी (६५) हिच्मा (६६) धमाली (६७) बलाता (६८) ढुङ्गाचाल्ना (६९) मष्टाबण्डाली (७०) तोषी (७१) रानीवन (७२) तुर्माखाँद (७३) रहफ (७४) नाडा (७५) भैरवस्थान आदि हुन्

## २.२.५ शिक्षा

अछामी जनताको ठूलो लगानी र प्रयत्नको फलस्वरुप वि.स. २०१७ सालमा अछामको बयालपाटामा माध्यमिक विद्यालय सञ्चालन भयो । यही नै अछामको जेठो मा.वि. को रुपमा स्थापित भयो । वि. स. २०३२ सालमा मंगलसेनमा अर्को मा.वि. सञ्चालन भयो । त्यसपछि कालागाउँमा वि.स. २०३७ मा त्यसपछि क्रमश: विनायक, श्रीकोट, मेल्लेख, तुर्माखाद, नेटाकोट, धमाली कालीमाटीमा मा.वि हरु सञ्चालन भए ।

हाल अछाम जिल्लामा प्रा.वि. ३२२ नि.मा.वि. ५३ मा.वि. ४४ उ.मा.वि. १९ र क्याम्पस ५ वटा छन् । यस जिल्लामा १६ वटा श्रोतकेन्द्र र्माफत विद्यालयको गतिविधि निरीक्षण भइरहेको छ । अछामको कुल जनसंख्या मध्ये ७१.५४% साक्षर रहेकोमा ती मध्ये पुरुष साक्षरता दर ५३.१८ % र महिला ३७.१८% रहेको छ ।

श्रोत जि.शि.का. अछाम

## २.२.६. स्वास्थ्य

अछाम जिल्लामा हरेक गा.वि.स.मा एउटा गरी ६२ वटा उपस्वास्थ्य चौकी र १३ वटा स्वाथ्यचौकी र सदरमुखकाम मंगलसेनमा १५शैयाको अस्पताल, बयालपाटामा १५ शैयाको अस्पताल र कमलवजारमा ३ शैयाको प्राथमिक स्वास्थ्य चौकी निर्माण भई हाल सञ्चालनमा रहेका छन् । यातायाको असुविधाका कारण समयमा औषधी नपुग्दा सेवाग्राहीहरु मर्कामा परेको कुरा पटक पटक सुनिन्छ ।

### २.२.७. विद्युत

वि.स. २०४६ सालमा कैलास खोला जलविद्युत आयोजना सम्पन्न भएपछि सदरमुकाम मंगलसेन बयालपाटा, साँफेबगर लगायतका व्यापारिक केन्द्रहरुमा विद्युत सेवा पुगेको छ भने अन्य साना जलविद्युत आयोजनाबाट रामारोशन, शान्तडा, चाफामाण्डौ, मलातीकोटमा विद्युत सेवा पुऱ्याइएको छ ।अन्य गा.वि.स.हरुमा सोलार प्रणालीबाट विद्युत सेवा उपलव्ध गराएको छ ।

### २.२.८ यातायात

नेपलको विकाससँगै अछममा पनि यातायातको सुविधाविस्तार भै रहेको छ । वि.स.२०५२ सालमा डोटीदेखि साँफेवगर मोटरवाटो बनेपछि अछाममा पहिलो पटमक मोटर पुगेको थियो । त्यसपछि साँफेबगरबाट बयालपाटा, जयगढ तिमिल्सैन हुदै मंगलसेनसम्म यातायात सेवा सञ्चालनमा आएको छ । हाल पूर्वी सीमाना कर्णाली राजमार्ग जोड्ने मोटोरवाटो निमार्ण भैसकेको छ र हलुका सवारी साधनहरु सञ्चालनमा छन् ।सो मार्गलाई मध्य पहाडी राजमार्गको रुपमा विकसित गर्न सो मार्गलाई चौडा बनाउने कार्य भै रहेको छ । अर्कातर्फ गैरीटाडदेखि दक्षिण कमलबजार तुर्माखाँद हुदै जङ्गलघाटसम्म मोटरबाटो निर्माण भई सकेको छ र तुर्माखाँदसम्म ट्रेक्टर र जीप सञ्चालनमा छन् । तिमिल्सेनदेखि रामारोशन खण्डको मुजाबगरसम्म ट्रेक्टर र जीप सञ्चालनमा छन् भने मंगलसेनदेखि कालागाउँसम्म मोटरवाटो निर्माण भइसकेको छ ।

साँफेवगरको हवाइसेवा मोटरबाटो सञ्चालन भएपछि ठप्प भएको छ । अछामको पूर्वक्षेत्रमा पर्ने कमलबजार विमान स्थलको निर्माणकार्य सम्पन्न भइ सकेपनि हाल सम्म सञ्चालनमा आउनसकेको छैन ।

### २.२.९ सञ्चार

अछाम जिल्लाका हरेक गा.वि.स.मा स्थानीय हुलाक र जिल्लाका १३ वटा इलाकामा इलाका हुलाक कार्यालयहरुले हुलाक सेवा प्रदान गरिरहेका छन् । जिल्लाका प्रमुख स्थानहरुमा २०५८ साल अघि नै टेलिफोन सेवा पुगिसकेको भएपनि माओवादी द्वन्द्वका कारण टेलिफोन सेवा अवरुद्ध भई मंगलसेनमा मात्र सीमित रह्यो । हाल माओवादी शान्ति प्रक्रियामा सामेल भइसकेपछि टेलिफोन सेवाले जिल्ला भरी विस्तार हुने अवसर पाएको छ । जिल्लाका सदरमुकाम मंगलसेन, बयालपाटामा टेलिभिजन च्यानल पुगेको छ  भने अन्य ठाउँमा टेलिभिजन सुविधा पुग्न सेकेको छैन ।

### २.२.१० पर्यटन क्षेत्र

अछाम जिल्ला पर्यटनका निम्ति पनि महत्वपूर्ण मानिन्छ । विशेष गरी बान्नीगढी, खप्तड, मेललेक, मष्टामाण्डौ, मंगलसेन, विनायक, तडिगैरा, रामारोशन, श्रीकोट, देवीथुम, बैद्यनाथ,

घुँघुरकोट, बाब्ला, हिच्मा, सुंगाली, बलाता, टोटकेसाल जस्ता ठाउँहरु पर्यटनको लागि उपयुक्त मानिन्छन् । रामारोशन क्षेत्रलाई 'बाह्रवण्ड अठार खण्ड' भनिन्छ । यहाँको प्राकृतिक सुन्दरताले पर्यटकहरुलाई आकर्षण गर्न सक्षम छ । बाह्रवण्ड मध्ये केही बव्डहरु पुरिएर गएपनि हाल तल्लो धौने मल्लो धौने, बाटुले, जिगाले, लामादह, लिसेडाली, गाग्रे, ताउले, आदि तालहरु रहेका छन् अठार खण्डहरु मध्ये किनिमिनी गडो रोशन गडो ,रामे आदि छन् । तीमध्ये केहीको परिचय दिन सान्दर्भिक देखिन्छ ।

## १) किनिमिनी गडो

यो गडो रामारोशन गा.वि.स. को उत्तरपुर्वी भागमा पर्दछ । यसलाई सानो उपत्यका भनेपनि हुन्छ । यस ठाउँमा पुग्दा छुट्टै संसारमा पुगेझैं लाग्दछ । तलपट्टि ठूल्ठूला ढुङ्गा छिचोल्दै यस ठाउँमा पुग्दा तराईमा पुगेको अनुभव हुन्छ । त्यहाँ एउटा पनि ढुङ्गा छैन । त्यहाँ १०/१२ वटा टुइनअटर विमान सजिलै अवतरण गर्न सक्छन् । त्यसको उत्तरपट्टि विशाल चट्टाने पहाड छ । जहाँ १०० भन्दा बढी भीर माहुरीले चाका बनाएका छन् । यसको बीचबाट कैलास खोला बगेको छ । हाल यो गडो त्यस गा.वि.स. स्थित श्री यशोदा उच्च मा.वि. को नाममा दर्ता भएको भएपनि यसको सदुपयोग हुन सकेको छैन ।

## २. रोशन गडो

किनिमिनी गडोबाट दक्षिण पूर्वपट्टि करिब १ कि.मी. दूरीमा केही उकालो हिडेपछि रोशन गडो आउँछ । ४ वर्गकिलोमिटरको क्षेत्रफलमा फैलिएको यस गडोमा पुग्दा मानिस रोमाञ्चित हुन पुग्दछ । यसको पश्चिमतिर टहरा छन् । जहाँ गोठालाहरु बस्ने गर्दछन् । यहाँ त्यस गा.वि.स.भरिका भैंसीहरु र राँगाहरु चर्ने गर्छन् । दुहुना भैंसीहरु गोठमा आउँछन् । बाँकी भैंसीहरु त्यही बास बस्छन् । घाँस-पातको आवश्यकता पर्दैन ।

## ३. लामा दह

रोशनदेखि १ किलोमिटर पूर्वमा लामादह पर्दछ । यो रोशनभन्दा अग्लो ठाउँमा छ । यो ताल अत्यन्तै मैलो र वरिपरिको किनारा पुरिदै साँघुरिदै गएको छ ।

## ४. काली दह

यो ताल गहिरो हुनाले कालो देखिन्छ र अत्यन्त डरलाग्दो छ । यसको चारैतिर झ्याउले घेरेको छ । यसको वरिपरि घना जङ्गल छ ।

### ५. जिगले ताल

यो ताल सबैभन्दा ठूलो छ । यसको छेउमा झ्याउले घेरिएको हुनाले यसमा जान गाह्रो छ । यसमा जङ्गली जनावर आएर पानी पिउन सकिने अर्को छेउ सजिलो छ ।

### ६. बाटुले ताल

गोलो आकृतिको हुनाले यसलाई बाटुले ताल भनिएको हो । यो ताल अत्यन्तै रमणीय देखिन्छ । यसको छेउमा एउटा शिव मन्दिर निर्माण गरिएको छ ।

यसका साथै खप्तड राष्ट्रिय निकुञ्ज पनि पर्यटकका लागि आकर्षणको केन्द्र रही आएको भएता पनि यातायातको असुविधाको कारणले पर्यटकहरुको आगमन त्यति हुन सकेको देखिदैन । हाल निर्माणाधिन तिमिल्सेन रामारोशन मोटरबाटो बनिसकेपछि यस क्षेत्रले महत्वपूर्ण फट्को मार्ने सम्भावना रहेको छ ।[४]

## २.३ ऐतिहासिक परिचय

### २.३.१ प्राचीनकाल

प्राचीनकालमा अछाममा छुट्टै राज्य स्थापना भएको प्रमाणहरु नपाइएकोले अछामलाई कुनै न कुनै राज्यमा गाभिएको कुरा पुष्टि हुन आउँछ । नेपालको इतिहासमा प्राचीनकाल भन्नाले लिच्छविकाललाई जनाउँछ । लिच्छविकालमा नेपालको सिमाना वर्तमानको भन्दा व्यापक भएको प्रमाणहरु फेला परेका छन् । लिच्छवी राजा मानदेबको विजय अभियानको कुरा चाँगुनारायनणको शिलालेखमा भेटिन्छ । त्यसकारण बर्तमान अछाम जिल्ला प्राचीनकालमा लिच्छवी शासन अन्तर्गत पर्दथ्यो भन्ने कुरा अनुमान गर्न सकिनछ ।

### २.३.२ पूर्वमध्यकाल

कर्णाली प्रदेशका राजा पृथ्वी मल्लको वि.स. १४०६ मा केही व्यक्तिहरुलाई कर माफ गरिदिएको ताम्रपत्रा साक्षीको रुपमा अछामी राउलाको नाम उल्लेख भएकोले अछाम क्षेत्र कर्णाली प्रदेशका राजाको अधीनमा रहेको कुरा पुष्टि भएको छ । तेह्रौ सताब्दीमा राजा अशोक चल्लको समस्त पश्चिम नेपाल, पश्चिम भोट, लद्दाक सम्मको भूभागलाई केदारे खस मण्डले भनिन्थ्यो । त्यहाँका राजाले बारम्बार काठमाडौ उपत्यका माथि आक्रमण गर्दथे । यसरी कर्णाली प्रदेशमा धाइकन आक्रमण गर्नेहरुलाई काठमाडौ उपत्यका बासीहरुले ‘खस’ भनेका र गोपाल वंशावलीमा

---

[४] अछामको इतिहास डा. राजाराम सुवेदी पृ. २२

पनि सोहीकुरा उल्लेख हुनु र आजकाल पनि डोटी, अछाम, जुम्ला बझाङलाई एकै शव्दमा 'खसान' भन्ने चनल हुनाले अछाम त्यसताका कर्णाली प्रशेदको अधिन रहेको कुरा पुष्टि हुन्छ ।

अछामका विभिन्न स्थानमा रहेका देवल र मुङग्राहरुमा केही लेखेको नभेटिए तापनि विनायक पञ्चदेवलमा अवस्थित शिलालेखमाबाट सोको निमार्ण कर्णाली प्रदेशका राजा जितारी मल्लका छोरा अक्षयमल्लले गरेको कुरा उल्लेख भएबाट अछाम जुम्ला सीजाका राजाको अधिन रहेको कुरा पूष्टि हुन्छ ।[५]

## २.३.३. मध्यकाल

### क) बाइसी राज्यहरु

नेपालको इतिहासमा कर्णाली प्रदेशमाको ठूलो शक्ति आर्जन गरेको खस मल्ल साम्राज्यको पतन भएपछि त्यस क्षेत्रमा मध्यकालीन सभ्यताको थालनी भएको थियो । खस मल्ल शक्तिको विखण्डन पछि कर्णाली प्रदेशमा बाइसी राज्यहरु खडा भएको, तिनीहरुको संख्या कहिले घटी र कहिले बढी भएता पनि तिनीहरुको सामूहिक नाम बाइसी राज्य रहन गयो ।

अछाम राज्य तिनै बाइसी राज्य मध्य एउटा थियो । यहाँ सिजापति समुद्र वंशी राजाकी छोरी हारमता मैयाको विवाह एक ब्राह्मण युवकसँग भएको थियो । उनैबाट जन्मेका बालक देवचन्द्रको शासन स्वीकार नगर्दा वि.स.११९२ मा आफै आई सिजापति राजाले बूढीथर्पु सेरामा राज्यभिषेक गराएका थिए । त्यस पछि अछाममा सोमवंशी शाहहरुको उदय भयो । उनै देवचन्द्रका सन्ततीहरुले अछाममा सिर्तो उठाउन सजिलो होस भन्ने हेतुले अछामीलाई नौ खण्डमा विभाजित गरी नौ खुवा अछाम भनिन थालियो । जस अनुसार अछामीलाई आठसय दरा, पन्द्रवीस दरा, पाचसय, आठवीस, छवीस,नौवीस, सातसय (बाह्रवीस भैसोल्या) तल्लो भैसोल्या मल्लो भैसोल्या गरी नौखण्ड अद्यापि कायम छन् । ती सोमवंशी राजाहरुले नेपालको एकीकरण हुँदासम्म अछाममा शासन चलाएका थिए ।[६]

### (ख) एकीकरण पछि

नेपाल एकीकरणको समयमा श्री ५ रणबहादुर शाहले सल्यानी राजा गजेन्द्र शाहको सहयोगमा अछाममा अक्रमण गरे । तर अछामीहरुले ठुलो बहादुरी साथ लडी तिनीहरुलाई भगाउन र मार्न थाले । नेपाली सेनाका धेरै सिपाहीहरु मारिए । त्यसपछि काठमाण्डौबाट थप सेना कप्तान कालु पाण्डेको नेतृत्वमा आयो । सल्यानी राजाको सेना र उक्त थप सेनाले अछामलाई चेपुवामा पाऱ्यो । अछाममा तालिम प्राप्त सेना न भएकोले हाहाकार पऱ्यो । नेपाली सेनाको विरुद्ध लाग्ने अछामीहरुलाई खोजी खोजी कार्यवाही गरियो । यसक्रममा धेरै अछामीहरुलाई दैलेखको साईमा लगेर मारियो । अछामी राजा देवचन्द्र शाह भागी मुगलानतिर पसे । उनका छोरा मोहर शाहले नेपाल

---

५ अछामको इतिहास - डा. राजाराम सुवेदी पृ. १२५

६ अछामको इतिहास डा. राजाराम सुवेदी पृ. १५३

सरकारसित विद्रोह नगर्ने संझौता गरेपछि अछाम नेपाल राज्यमा गाभिन पुग्यो । त्यसपछि अछाम डोटी प्रदेशको एकाईको रुपमा रहदै आएको थियो । वि.स. १९८७ मा अछाम २ टुक्रा भई कैलास पुर्व दैलेख र कैलास पश्चिम डोटीमा गाभियो ।[७]

## २.३.४.आधुनिक काल (२००७ साल पछि)

डोटी र दैलेखमा विभाजित भएको अछामलाई डोटी र दैलेखका प्रशासनले दुर्व्यवहार गरेको हुँदा अछामी जनताहरु एक जुट भएर नैनबहादुर स्वाँर,टेक बहादुर रावल, हरिप्रसाद भण्डारी इद्रसिह रावल आदि नेताहरुको सक्रियतामा आन्दोलन चल्यो ।उक्त आन्दोलनपछि प्रधानमन्त्री टङ्कप्रशाद आचार्यको मन्त्रीमण्डलले आ.वा. मार्फत उक्त माग स्वीकार गरेकोले अछाम एक हुन पुग्यो र अछाममा माल अदालतको दरबन्दी स्वीकृत भयो ।वि.स. २०१३ सालमा श्री ५ महेन्द्र डोटी सवारी हुँदा अछामका नेताहरुले राजाको बाटो छेकी आफ्ना माग प्रस्तुत गरिएकाले वि. स. २०१४ बैसाखमा  कालागाउमाँ र एक वर्ष पछि मंगलसेन दरवारमा माल अड्डा कायम भयो । वि.स. २०१७ सालमा अछामामा B.D.O. (बलक डेभ्लपमेन्ट अफिसर) खटाई विकास जिल्लाको रुपमा प्रारम्भिक कार्य हुन थाले । २०१९ सालको संविधान जारी हुने बेला बुढी गंङ्गा पारिका १३ गा.वि.स.लाई डोटीमा गाभियो । यसो हुँदा त्यस क्षेत्रका जनतालाई मर्का परेको हुँदा त्यहाँका नेताहरुले विभिन्न चरणमा आन्दोलन गरी रहे । २०२८ सालमा स्थानीय प्रशासन अध्यादेशले अछामलाई प्रशासनिक जिल्लामा परिणत गऱ्यो ।

श्री नैनबहादुर स्वाँर राष्ट्रिय पञ्चायतको अध्यक्ष भएको बेला संविधान संशोधन गर्ने अवसर परेकोले अछामको आवाज केन्द्रले सुन्नु नै पर्ने भयो । तदनुरुप वि.सं. २०३२ मा डोटीमा गाभिएको आठ सय दरा पुन: अछाममा सामेल भयो । यसका साथै अछाममा रा.प.स.को २ वटा सीट कायम भयो । त्यसै बेला सदरमुकाम रिडिकोट सार्ने निर्णय पनि भयो । त्यसपछि फेरि सदरमुकाम मंगलसेनमा नै कायम गर्ने निर्णय हुँदा आठसय र पाँचसय दराका मानिसहरुले सदरमुकाम रिडिकोट हुनु पर्छ भन्ने मागकासाथ विवाद हुँदा साँफेमा गोलीकाण्ड समेत भयो । जसबाट खेतमा काम गरिरहेका चार जनाको मृत्यु भयो । सो गोलीकाण्डका नाइके गंगाबहादुर कुँवर भाग्न सफल भए । पछि धनगढीमा उनलाई पक्राउ गरी गंगाबहादुर कुँवर, डबलबहादुर कुँवरलाई जेलमा राखियो । अन्त्यमा त्यस भेगका जनतालाई आश्वासन दिन वयालपाटामा अस्पताल भवनहरु बने तर भवन बनेको ४० वर्षपछि मात्र उक्त भवनमा गैरसरकारी संस्थाबाटै भएपनि अस्पताल सञ्चालन भयो । यसरी सदरमुकाम मंगलसेनमा कायम रह्यो । [८]

---

७ अछाम इतिहास डा.राजा राम सुवेदी पृ. २११

८ अछामको इतिहास पूर्ववत पृ.सं. २४३

## २.४ प्रमुख धार्मिक स्थलहरु

अछाम जिल्ला धार्मिक दृष्टिकोणबाट पनि महत्वपूर्ण स्थल रही आएको छ । यहाँका थुम्का थुम्कामा देवस्थलहरु छन् । नदी किनारमा धार्मिक स्थलहरु छन् । ती मध्ये केही प्रमुख धार्मिक स्थलहरुको यहाँ वर्णन गरिन्छ ।

**क) बडी मालिका**

जिल्लागत हिसाबमा बडी मालिका पूर्णरुपमा अछाममा नपरेपनि एक राज्यको रुपमा रहँदा लालु लोखडा र लवाडुङ्गा अछाममा नै थिए । ती ठाउँहरु क्रमश: कालीकोट र बाजुरामा गाभिए तापनि रामारोशन र भाटाकाटियाँ गा.वि.स.को सिमाना पञ्चपुरी पाटन बडी मालिकासम्म पुगेको छ । भौगोलिक सिमानाभित्र नपरेपनि अछामीहरु बडी मालिकालाई आफ्नी आराध्य देवीका रुपमा मान्दछन् । अछाम छबिसको पञ्चपुरी पाटन र बाजुरा जिल्ला कैलासमाण्डौ गा.वि.स. वाड नं. ९ को सिमानामा १४६०० फिटको उचाईमा बडी मालिकाको मन्दिर पर्दछ । ऋषि तर्पणी रक्षा बन्धनका पर्वहरुमा यहाँ भव्य मेला लाग्दछ ।

**ख) खप्तडको खापर जगन्नाथ र सहस्रलिङ्ग**

अछाम, बाजुरा, डोटी र बझाङ जिल्लाको सीमानामा पर्ने अत्यन्त मनोरम पर्यटन केन्द्र खप्तडको केही भाग अछाम जिल्लामा पर्दछ । यसै पावन भूमिमा रहेका दुईवटा धार्मिक स्थलहरु खापरजगन्नाथ र सहस्रलिङ्ग हुन् ।

अघि जुम्ली राजाका पालामा निर्माण गरेको खापर जगन्नाथको मन्दिर खप्तड दहदेखि इशानकोणतिर पर्दछ । यहाँका पुजारी महाराजी खड्काहरु हुन्छन् । उनीहरु हाल बझाङमा बस्दछन् । यस मन्दिरको पूजाआजाको लागि सरकारबाट गुठीको व्यवस्था गरिएको छ । करीब ९०० वर्गमिटर क्षेत्रमा फैलिएको अत्यन्त कलात्मक मन्दिर २०३७ सालको भूकम्पले क्षति पुऱ्याएकोले पुन:जीर्णोद्धार गरिएको छ । त्यसभित्र एउटा गुप्ती कोठा छ, त्यही श्री खापर जगन्नाथको मूर्ति छ । मन्दिरका आँगनमा १२ वटा शिला स्थम्भहरु छन् ।

चारै जिल्लामा फैलिएको यो भुस्वर्ग खप्तडको मुटु भनेको त्रिवेणी हो । यहाँबाट उत्तरको भाग बझाङ र बाजुराको पर्छ, दक्षिणतर्फको भाग अछाम र पश्चिमतर्फको भाग डोटी जिल्लाको पर्दछ । यहाँ स्वर्ण गंगा र नीलगंगाको संगमस्थल छ । त्रिवेणीबाट दक्षिण तर्फ (अछाम तर्फ) करीब ३ घण्टाको उकालो हिडाई पछि १३०० फिटको उचाईमा सहस्रलिङ्गको रुपमा महादेवका ठूला साना अनेकौ मूर्तिहरु छन् । त्यहाँ दर्शनार्थीहरुले भक्तिपूर्वक पूजा अर्चना गरि वर माग्दछन् ।

**(ग) श्री वैद्यनाथ ज्योतिर्लिङ्ग**

अछाम जिल्लाको प्रमुख व्यापारिक स्थल साँफेबगरदेखि दक्षिण तर्फ बूढीगङ्गाको पश्चिम तट कालीमाटीगढीदेखि पूर्वतर्फको तल्लो टारमा बैद्यनाथ मन्दिर छ । उक्त मन्दिर पहिले सानो ढिस्कोमा

थियो । तर त्यो ढिस्कोलाई बाढीले बगाई केवल शिवलिङ्ग मात्र बाँकी रहँदा पुनर्निर्मित मन्दिरमा पुनर्स्थापना गरिएको छ ।

वैद्यनाथ क्षेत्रमा नित्य पूजा विधिवत् भैरहेको छ । महाशिवरात्रीमा यहाँ भव्य मेला लाग्दछ । अछाम र डोटी जिल्लाका भक्तजनहरु आई शिवजीको पूजा आराधना गरी वर माग्दछन् । वैद्यनाथमा महाशिवरात्री पर्व मनाउन एक महिनादेखि तयारी शुरु हुन्छ । तदनुसार माघे अमावस्यादेखि गुठीयारहरुले तोकेको जङ्गलबाट ३२ हात लामो टागो काट्ने र स्वस्थानी पूर्णिमाको दिनमा पुराना हटाउने र नयाँ टाँगो गाडने गरिन्छ । फागुन चुतर्दशीको विहानै देखि वैद्यनाथमा विभिन्न ठाउँबाट बाजा गाजा ध्वजा पताका सहित श्री वैद्यनाथको बढाई र जय घोष गरिन्छ । क्रमैसंग त्यो भक्तजुलुश मन्दिर परिसरमा प्रवेश गर्दछ । त्यहाँ पुगी मन्दिरको परिक्रमा गरी पर्गला चढाँउछन् ।

**(घ) बान्नीगढी वरदादेवी**

वान्नी वस्ने वर्दा देवी कोटघर कालिका ।
अछाम त वैकुण्ठ रै 'छ धन्य हो मालिका ।

उक्त अछामी लोक डेउडा गीतले नै बान्नीगढीको महत्वलाई दर्शाएको छ । हालसम्म प्राप्त जानकारी अनुसार सोमवंशी राजाहरुले बान्नीगढीलाई आफ्नो राजधानी बनाएदेखि नै यहाँ वरदादेवीको मन्दिर स्थापना गरेका हुन् ।

अछाम जिल्लाको वान्नीगढी साँफेवगरदेखि दक्षिणतर्फ बरदादेवी गा.वि.स. अर्न्तगत पर्दछन् । यहाँ पुरानो दरवार गढी किल्लाका खण्डहर छन् । यसै गढीका आडमा वरदादेवीको मन्दिरमा अत्यन्तै प्राचीन मूर्ति वाँया हातमा चोट परी सानो खण्डित अवस्थामा थियो । तर त्यो मूर्ति २०४८ सालमा चोरेर वेपत्ता परेपछि देख्न पाइएको छैन ।

**ङ) प्रभाको माडी (सिद्ध धुनी)**

अछाम जिल्ला साँफेवगरबाट उत्तरतिर रहेको गाउँलाई प्रभा भनिन्छ । यो सिद्धेश्वर गा.वि.स. को वडा नं. ८ मा पर्दछ । त्यस गाउको बीचमा साँस्कृतिक महत्वको एउटा भवन छ । जसलाई माडी (धर्मशाला) भनिन्छ । प्रभाको उक्त माडी मूलत: सिद्धाश्रम हो । त्यस माडीभित्रको पश्चिमी पाटोमा सिद्ध बाबाको धुनी, एउटा त्रिशुल, एउटा मृर्ग चर्म, एउटा डमरु, केही दाउरा, खरानी र धुनी जगाउने ठाउँ राखिएका छन् । उक्त माडीमा प्रयोग गरिएका खम्बाका चारवटै पाटामा मध्यकालीन कलाले भरिएका चित्रहरु छन् । माडीको बीच भागमा काठका फल्याक ओछ्याएर ३ फिट अग्लो फलैचा बनाइएको छ । त्यस फलैचाले चाङको काम गरेको छ । फलैचाको क्षेत्रफल १०X१० फिट रहेको छ । त्यस माथि केही न ओछ्याइ बस्न मिल्ने गरी काठलाई चिप्लो र चिल्लो पारिएको छ ।

**च)  श्रीकोटकी भग्न जाल्पादेवी**

साँफेवगरदेखि पश्चिमपट्टिको पहाडमा जाल्पादेवी गा.वि.स.को पूर्वी भागमा जाल्पादेवीको मन्दिर र श्रीकोट भग्नक्षेत्र पर्दछ । श्रीकोट एउटा प्राचीन र ऐतिहासिक क्षेत्र हो । यहाँ प्राचीन भग्नवशेषहरु रहेका छन् । ती अवशेषहरु मध्ये जाल्पादेवीको मन्दिर पनि एक हो । जाल्पादेवीको वास्तविक मन्दिर कहाँ थियो भनेर किटान गर्न नसकिने अवस्था छ । आजकल श्रीकोटको जाल्पादेवीको भग्न मन्दिर एउटा भिरालो ठाउँमा ढुङ्गाको १२० हात व्यास भएको पर्खालले घेराउ गरी बिचमा एउटा सानो देवल जस्तो पारी आकाश खुल्ला गरिएको अवस्थामा छ । वीचमा आकाशे रङ्गको ढुङ्गामा महिषमर्दिनी भगवतीको १०X६ इन्चको मूर्ति त्यो पनि शरीरको भाग लोप भइसकेको उपेक्षित अवस्थामा स्थापित गराइएको छ ।

**(छ)  केदार केदारी (नन्दामाता) नदाई**

अछामको भटाकाटीया गा.वि.स. र ऋषिदह गा.वि.स. को सीमामा सिन्दुरखेत र केदार पाइलाको मध्ये भागमा समतल एवं मनोरम भूमि छ । त्यहाँ टाढा टाढासम्म कुनै ढुङ्गा छैन । तर त्यसको बीच भागमा केही फरकमा २ वटा शिला छन् । दाहिने तर्फको शिला २ फिट अग्लो २ फिट मोटो थेप्चो आकारको छ भने देब्रेतर्फको शिला अन्दाजी ६ फिट अग्लो ६ फिट मोटाई भएको लिङ्ग आकारको छ । यिनै दुई शिलालाई मानस खण्डमा केदार केदारीको रुपमा वर्णन गरिएको छ ।[९]

तर स्थानीय बासीहरु नदाइ वा नन्दामाता देवीको रुपमा पूजा गर्दछन् । यहाँ अनन्त चर्तुदशीको दिनमा भव्यमेला लाग्दछ । गुठीको पनि व्यवस्था छ ।

**(ज) तितौराकी त्रिपुरा सुन्दरी**

पूर्वी अछाममा पर्ने कमलबजारको दक्षिण पूर्व तोषी र तुर्माखाँददेखि पश्चिम घोडासैन गा.वि. स. मा पर्ने चुचुरोलाई तितौराको लेक भनिन्छ । तर पुराणमा यसलाई त्रिपुर पर्वत भनिएको छ ।[१०] यसै पर्वतको थुम्कोमा त्रिपुरा सुन्दरी वा तितौराकी देवीको मन्दिर छ । यहाँ हरेक वर्ष कोजाग्रत पूर्णिमामा भव्य मेला लाग्दछ । पूर्वी अछामको सबैभन्दा ठूलो मेला यसैलाई मानिन्छ । यहाँ सुर्खेत र दैलेखसम्मका मानिसहरु मेला भर्न आउँछन् ।

**झ)  अन्य धार्मिक स्थलहरु**

अछामका सबै धार्मिक स्थलको वर्णन गर्न सम्भव नभएकोले नाम छुटाउन नमिल्ने थुप्रै स्थलहरु छन् । ती हुन् तोषीको बगल देउ, ढकारीको जाल्पादेवी मन्दिर, मंगलसेनको षोडशादेवी मन्दिर, देवीस्थानकी संगरादेवी, विमकोटको षोढशादेवी, कालागाउँको सिद्धसंसारनाथ, कालागाउँ अयारकी कोकिलादेवी, बिलथुमकी बिन्द्रादेवी, साँचुल्लाकी जाल्पादेवी आदि प्रमुख हुन ।

---

९  डा. राजाराम सुवेदी- अछामको इतिहास पृष्ठ २९
१०  अछामको इतिहास पूर्ववत् ३०

## २.५. ऐतिहासकि स्थलहरु

### २.५.१ विनायक

भगवान शंकरका पुत्र श्री गणेशका ११ वटा नाम मध्ये विनायक पनि एक हो । उनै गणेशजीको मन्दिर रहेको हुदा यस ठाउँको नाम विनायक रहन गएको हो । विनायक अछाम जिल्लाको पूर्वी भेक कर्णालीको तटवर्ती क्षेत्रमा पर्दछ । हाल विनायक पञ्चदेवलदेखि उत्तरपट्टिको गह्रोमा विनायकको ढिस्को छ । त्यहाँ पहिले ठूलो गणेश मन्दिर थियो भनिन्छ । तर अहिले न त्यो मन्दिर छ न मूर्ति छ ।

विनायक एउटा प्राचीन सभ्यताको थलोका रुपमा रही आएको कुरा त्यहाँ स्थित पञ्चदेवलले पुष्टि गरेका छन् । कर्णाली प्रदेशमा छिर्ने मूलबाटोमा पर्ने हुँदा यसलाई कर्णालीको ढोकाको रुपमा लिइन्थ्यो ।

### २.५.२ बिमकोट

अछाममा राज्य गर्ने सोमवंशी राजाहरुको पहिलो र जेठो हाँगो मानिने शाह खानदानका राजाहरुको बसोबास भएको विमकोट ऐतिहासिक क्षेत्र मानिन्छ ।  विमकोट एउटा थपोला राज्य थियो । नेपालको एकीकरण पूर्व त्यहाँ सोमवंशीको  जेठा हाँगाले प्रशासनको रेखदेख गर्थ्यो र त्यताको सिर्तो उठाइ खान्थ्यो । नेपालको एकीकाण पछि विमकोटे राजालाई स्थानीय सिर्तो उठाउने जिम्मा दिइएका थियो । पञ्चखतका मुद्दा बाहेकका मुद्दा हेर्ने अधिकार पनि थियो ।

### २.५.३. घुँघुरकोट

अछाम जिल्लाको उत्तरी भेकमा घुँघुरकोट पर्दछ । पहिले यो अछामी राजाको थपौला राज्य थियो । घुँघुर खोला र राहापानी खोलाबाट बनेको घुंघुरकोट घुँघुरुको आकार परेको छ । घुँघुँरुको आकृति परेको टापु भएकोले यसलाई घुँघुरुको ढिस्को भनियो । यहाँ अछामी राजाका सन्तानहरु आई राज्य गरी किल्ला कोट र घरहरु निर्माण गरी बसेकाले यसलाई घुँघुरकोट भनियो ।

### २.५.४. मंगलसैन

अछाम जिल्लाको सदरमुकाम रहेको मंगलसैन अछामी राजाको राजधानी थियो । त्यहाँ रहेको भव्य दरवार २०५८ सालको माओवादी आक्रमणबाट ध्वस्त भएको थियो । त्यही स्थानमा उक्त दरवारको पुन र्निमाणको थालनी भएको छ । हाल मंगलसेन सदरमुकाम भएका कारण विकासका पूर्वधारहरु खडा भैसकेका छन् ।

### २.५.५.तडिगैरा

अछाम जिल्लाको अति विकट र अति रमणीय स्थल रामारोसन गा.वि.स. को वडा नं. ५ मा पर्ने तडिगैरे राजाको बासस्थान भएकोले ऐतिहासिक स्थल मानिन्छ । पहिले यस गा.वि.स. को नाम पनि तडिगैरा गा.वि.स. थियो । यो गा.वि.स. कालीकोट जिल्लासँग जोडिएको छ । यस गा.वि.स. लाई स्वर्गकै टुक्रा भने पनि अत्युक्ति हुदैन ।

### २.५.६. दर्नाकोट

नेपालको मध्यकालीन इतिहासमा कर्णाली प्रदेशमा पर्ने बाइसी राज्यहरु मध्ये दर्नाको नाम पनि पर्दछ । हालको अछाम जिल्लाको मध्येभागमा पर्ने दर्ना एक ऐतिहासिक राज्य हो । अछाम आठवीस क्षेत्रमा पर्ने दर्ना राज्यको चौकिल्ला सिमाना पूर्वमा परिवन करीखोला, पश्चिम जैगड लिडिखोला, उत्तर देउरादेवीको स्थान,दक्षिण कैलाश खोला सम्म थियो

### २.५.७. बान्नीगढी

अछामका सबै टाकुरा भन्दा सुरक्षित एवंम मनोरम मात्र नभई श्री वरदादेवीको मन्दिर एवंम सोमवंशी राजाहरुको मूल थलोको रुपमा पनि बान्नीगढी प्रसिद्ध छ । सिजापति महाराजाबाट देवचन्द्रले अछाम राज्य पाउँदा सेरालाई राजधानी बनाएको भएता पनि घना आवाद क्षेत्र भएकाले सुरक्षाको दृष्टिबाट उपयुक्त नहुदा अछामी राजाले बान्नीगढीलाई केन्द्र बनाएका थिए ।

### २.५.८ कालीमाटी गढी

बुढीगंङ्गाको दाहिने किनारामा अवस्थित यो गाउँमा श्री वैद्यनाथको अनादीकाल देखिको मन्दिर भएकोले पनि यस स्थानको महत्व बढेको हो । राजा विनोदी शाहले आफ्ना चारै तर्फका शत्रुहरुबाट निश्चिन्त भैसकेपछि श्री वैद्यनाथको मन्दिर तथा हालको बोराबाडा गाउँ नजिकै शीतकालीन दरवार सहितको गढी बनाए । जहाँ राजा भान शाहका पालासम्म अविछिन्न शीतकालीन राजधानी रह्यो । हाल उक्त दरवार वा गढीको कुनै चिन्ह पनि बाँकी रहेको छैन ता पनि उक्त दरवारका ढुङ्गाहरु खेतहरुमा भेटिन्छन् ।[११]

## २.६ अछामका प्रमुख चाडपर्वहरु

नेपाल सँस्कृतिको धनी देश हो । यहाँ विभिन्न समयमा वर्षै भरी थुप्रै चाडपर्वहरु मनाइन्छ त्यसै गरी अछाममा पनि वर्षै भरी थुप्रै चाडपर्वहरु मनाएर रमाइलो गरिन्छ ।

---

११ अछामको इतिहास- डा.राजाराम सुवेदी पृष्ठ ७९

### २.६.१. बिसु तिहार

वैशाख १ गते नयाँ वर्षको उत्साहका साथ मनाइने यस चाडमा देवर भाउजु भिना साली बीच ख्याल ठट्टा गर्दै सिस्नो चिलाउने गर्दछन् । सो दिन विहान भात र मासको फाँडो खाइन्छ । चैत्रको अन्तिमतिर गाउँको पटकानीमा खेलिरहेका पुतला त्यस दिन बिसु बाघ लखेटेर समापन गरिन्छ र डेउडा खेली रमाइलो गरिन्छ

### २.६.२ जेठासे पूर्णिमा

जेठ पूर्णिमाका दिन विभिन्न देवस्थलहरुमा धामी झाँक्रीले देवता निकाली नाच्ने र बोकाहरुको बली दिई मनाइन्छ ।

### २.६.३ साउने संङक्रान्ति

साउन १गते संङक्रन्तिको दिनमा अछाममा धेरै जसो ठाउँमा छोरी चेलीहरुलाई मीठो परिकार बनाएर खुवाइन्छ ।

### २.६.४. साउने पूर्णिमा (जनै पूर्णिमा)

साउने पूर्णिमा अर्थात रक्षा बन्धनको दिनमा पुरोहितबाट रक्षाबन्धन बाधिनुका साथै विभिन्न देवस्थलहरुमा धामी बौलाउने र बोकाहरुको बलि दिइन्छ । यस दिन विनायकमा भव्य मेला लाग्दछ ।

### २.६.५ कृष्णा जन्माअष्टमी

यस दिन भगवान  श्री कृष्णाको जन्मदिन भएकोले नारी. पुरुष ब्रतबसी कृष्णको पूजा आराधना गर्दछन् । यस दिन ठाँटीखाँद जयगढ आदि ठाउँहरुमा कृष्णजात्रा मनाइन्छ । बाब्ला र प्रभामा धमारी खेलिन्छ । यसको अघिल्लो दिन अर्थात सव्तमीका दिन गहुँ र मासको विशेष परिकार (डल्ला) पकाई छोरी चेलीहरुलाई बोलाई धुमधामसाथ मनाइन्छ । यसलाई रोटे तिहार भनिन्छ । अछाममा एउटा गीत प्रचलित छ । (च्याल त्यार घुमाउने बाबर रोटे त्यार डल्ला)

### २.६.६ घाँसे सङ्क्रान्ति

असोज सङ्क्रान्तिलाई घाँसे सङ्क्रान्ति भनिन्छ । यसदिन गैरीटांड, कमलबजार, अयारको खाँद आदि ठाउँमा विशाल मेला लाग्दछ । रातभरी डेउडाखेली रमाइलो गरिन्छ

### २.६.७ बडादशै

यो पर्व देशका अन्य भागहरुमा जस्तै देवीका शक्ति पीठहरुमा बली दिई मीठो परिकार बनाई खाने चलन छ । विजया दशमीको दिनमा मान्यजनहरुबाट टीका लगाई आर्शीवाद लिने चनल छ । तर

अछाममा एउटा विशेषता के छ भने वडा दशैमा जुठो सुतकका कारण दशै रोकियो भने जुठो वा सुतकबाट चोखिसकेपछि पूर्णिमामा सम्म जहिले पनि मान्न सकिन्छ ।  त्यसकारण अछाममा दशैको रौनक असोजदेखि कार्तिकसम्म हुन्छ ।

**२.६.८ कार्तिक पूर्णिमा**

यस दिन अछामका गाज्रा , सुतार, चाफामाण्डौमा दशै मेला लाग्दछ । त्यहाँ धेरै रागाबोकाको बली दिइन्छ । रातभरि डेउडा खेली रमाइलो गरिन्छ ।

**२.६.९ तिहार**

यो पर्व देशका अन्य भागहरुमा जस्तै लक्ष्मीपूजा, गाईपूजा र दिदिबहिनीद्धारा भाइलाई टीका र माला लगाइ दिएर धुमधामसाथ मनाइन्छ । अछाममा जुवा तासले यस पर्वलाई विकृत बनाईसकेको तीतो यथार्थ पनि छ । यसलाई रोक्न अनिवार्य भइ सकेको छ ।

**२.६.१०. भैले पुर्णिमा –**

मंसिर पुर्णिमाको साँझ घर घरमा गई तन्नेरी युवा युवतीहरु भैलो खेली चामल र नगद जम्मा गरी भोज खाने चलन छ । तर आजभोलि तिहारमा देउसी भैलो खेल्ने प्रचलन बढदै गएकोले मंसिरमा भैलो खेल्ने चलन हट्दै गएको छ ।

**२.६.११ भुवा औसी**

यो पर्व पौष महिनामा पर्छ । पौष महिनाको कृष्णा पक्ष देखि अछामका केही गाउँहरुमा भुवो खेल खेल्दै गाउँ गाउँमा गएर रमाइलो गरिन्छ । यस खेललाई पुरुषहरुले ढाल र तरवारको साथमा खेल्ने हुदाँ प्राचीन लडाईको मैदानमा भएको सैनिक प्रदर्शनको झलक देखाउँछ ।

**२.६.१२ मकर संक्रान्ति**

यो पर्व माघ १ गते पर्छ । पुस मसान्तको राती गाउँको सार्वजनिक ठाउँमा काठहरु जम्मा गरी मुडा पोल्ने गर्दछन् । यस दिन छोरी चेलीहरुलाई बोलाइ सेल रोटी पकाएर खान दिइन्छ । चेलीहरुको तिहार भएकोले यस तिहारलाई चेली तिहार अर्थात च्याल त्यार भनिन्छ । कारण वश छोरी वहिनी आउन न सके माघ महिना भित्र जुन दिन आए पनि सोही परिकार पकाएर खुवाइन्छ । सो पनि सम्भव नभए घरमै पुऱ्याइन्छ ।

### २.६.१३ शिवरात्री

फागुन कृष्ण त्रयोदशी अर्थात शिवरात्रीका दिन अछामका विभिन्न शिव मन्दिरहरुमा शिवजीको पूजा आजा गरी टाँगो चढाई रातभर डेउडा खेली रमाइलो गर्दछन । वैद्यनाथको मन्दिरमा यस दिन भव्यमेला लाग्दछ ।

### २.६.१४ होरी

यो पर्व देशका अन्य भागमा मनाइने होरी पर्वकै एउटा रुप हो । तर अछाममा यस पर्वलाई आफ्नै मौलिक रीति रिवाजबाट मनाइन्छ । यस पर्वमा गाउँका पटकानीमा शिवरात्रीको केही दिन पछि पुरुषहरु भेला भई ढोल ट्याम्को र झ्यालीको तालमा सामुहिक रुपमा होरीगीत गाउदै एउटै तालमा नाच्दै खेल्दै जान्छन् । होरी पूर्णिमाको राती चीर दाह गरी समापन गरिन्छ । हाल अछामीहरु बसाइ सरी आएका कैलाली,बर्दियाका केही ठाउँहरुमा पनि होरी खेल्ने गरिन्छ । विशेष गरेर टीकापुरमा भव्यरुपमा होरी खेलिन्छ ।

### २.६.१५ चैते दशै

चैत्र शुक्ल अष्टमीका दिन विभिन्न शक्तिपीठहरुमा राँगा बोका बलिदिई देवी भगवतीको पूजा आजा गरी विभिन्न परिकार बनाई खाइन्छ । जुपूको कालिका मन्दिरमा यस दिन भव्य मेला लाग्दछ । यसै गरी मार्कुको बज्रयोगिनी मन्दिरमा पनि धरै राँगा बोकाको बली दिइन्छ र विशाल मेला लाग्दछ ।

### २.६.१६ पुतला

प्राय: अछामभर नै चैत्रको अन्तिम सप्ताहतिर गाउँ गाउँका पटकानीमा महिलाहरु जम्मा भई पुतला खेल्छन । सो पुतलाको समापन वैशाख १गते विशुबाघ बनाई भव्यरुपले गरिन्छ । अघिल्लो राती पुतलाको विहे गरिन्छ । विसु संक्रान्तिको दिनमा बाजा गाजा सहित पुतलालाई डोलीमा राखी एउटी कन्या केटीलाई दुलहा र अर्कोलाई दुलही बनाइ डोलीमा राखी जन्तीको साथमा पानीको मुहानमा लगी सेलाइन्छ । कपडाको सानो पुतलीलाई पुतला भनिन्छ ।

### २.६.१७ अन्य पर्वहरु

अछाम जिल्लामा उकत पर्वहरुका साथै नाग पञ्चमी, हरिशयनी एकादशी, हरिबोधनी एकादशी, गणेश चौथी, तीज, ऋषि पञ्चमी, गौरा, अनन्त पूर्णिमा, कुशे औशी आदि पर्वहरु पनि मनाइन्छ ।

# तेश्रो परिच्छेद

## ३.	होरी (होरी) गीतको सैद्धान्तिक परिचय

### ३.१	लोक साहित्यको परिचय

लोक साहित्य परापूर्वकाल देखि लोक जनजीवनमा चलि आएको साहित्य हो । गाउँका मेलापात भीर पाखाहरुमा गुञ्जने लोकगीतहरु,बूढापाका मानिसहरुबाट भन्दै सुन्दै आइरहेका लोक कथाहरु,गाउँखाने कथाहरु, उखान टुक्काहरु लोक साहित्य अन्तर्गत पर्दछन् । यीनै लोक साहित्य अन्तर्गत पर्ने लोक गीतलाई सुदूरपश्चिममा लोक डेउडाको रुपमा चिनिन्छ । कतै कतै डेउडा भनेको टेडो अर्थात बाङ्गो हो । डेउडा खेल वा नृत्यलाई पंक्तिबद्ध भई टेडो लहर बनाएर खेलिन्छ । त्यसकै अर्को रुप अछाम जिल्लामा खेलिने होरी देउडा हो । तर यसको खेल्ने तरिका र गीतहरु लोक डेउडा भन्दा फरक प्रकृतिको हुने भएकोले यहाँ होरी गीतको मात्र चर्चा गरिने छ ।

### ३.२ पौराणिक पृष्ठभूमि

नेपाल एक बहु धार्मिक बहुसांस्कृतिक मुलुक भएकोले यहाँ धेरै चाडपर्वहरु मनाइन्छन् । ती चाडपर्वहरु मध्ये होरी प्रमुख चाडहरुमा पर्दछ । पौराणिक कथामा वर्णित दानवराज हिरण्य कशिपुका छोरा प्रह्लाद विष्णुभक्त थिए । उनी सानै उमेरदेखि भगवान विष्णुको भजन कीर्तन र आराधना गर्दथे । यो कुरा दानव कुलमा अस्वीकार्य थियो । आफ्नो कुल परम्परा विरुद्ध कार्य गरेकोमा हिरण्यकशिपुले आफ्नो छोरा प्रह्लादलाई यस्तो नगर्न धेरै सम्झाउँदा पनि प्रह्लादले नमानेकाले अन्त्यमा प्रह्लादलाई मार्ने प्रयास गरिन थालियो । अनेकौ प्रयासबाट पनि प्रह्लादलाई मार्न नसकेपछि अन्त्यमा आफ्नी बहिनी होरीकालाई बोलाई आगोमा होम्न लगायो । होरीका आगोबाट नजल्ने वरदान पाएकी हुँदा उसलाई आगोले पोल्न सक्दैनथ्यो । त्यसैले उसले प्रह्लादलाई काखमा राखी ठूलो काठको थुप्रोभित्र बसी र त्यसमा आगो लगाइयो । प्रह्लाद भगवानको स्मरण गरेको हुँदा अन्त्यमा प्रह्लादलाई आगोले नजलाइ होरीकालाई नै जलाएको हुँदा यस खुशीमा रङ अवीर दलेर पर्व मनाउने परम्परा चलेको प्रसङ्ग भएकोले सोही परम्परा अनुसार अछाममा पनि होरी खेल्ने गरिन्छ र स्थानीय भाषामा होरी भनिन्छ ।

### ३.३ होरी (होरी) पर्वको परिचय

पौराणिक मान्यता अनुरुप देश भर नै मनाइने यस होरी पर्वलाई अछाममा आफ्नै मौलिक परम्परा अनुसार होरीको नामले शिवरात्रीको एक हप्तापछि आरम्भ गरी लगभग एक हप्ता भन्दा बढी समयसम्म धुमधामले मनाइन्छ । होरीलाई अछाम जिल्लामा एक महत्वपूर्ण पर्वको रुपमा लिइन्छ । यस पर्वलाई अछामीहरुले परापूर्वकालदेखि मनाउर्दै आइ रहेको पाइन्छ । यो चाड मनाउन परदेशतिर लागेका अछामीहरु पनि फर्कने कुरा यो डेउडा गीतबाट प्रष्ट हुन्छ । “ऐल जेठ पर्व हुन्या

घरथी बाइजाउली । होरी खेली पुल्ता हेरी असार आइजाउली । अर्थात धनकमाउन प्रदेशमा बसेका अछामीहरु आपसमा सल्लाह गर्दै जेठासे पूर्णिमामा पर्व हुने भएकाले हामीले घर जानु पर्छ र होरी खेलेर अनि पुतला हेरेर असारको महिना फिर्ता हुने कुराले अछामको होरीको महत्वलाई दर्शाउँछ ।

यस अवसरमा जिल्लाका धेरैजसो गाउँमा होरी खेलिन्छ यहाँका पुराना मानिसहरुको भनाइ अनुसार अछाममा होरी खेल्ने प्रचलन लगभग ३०० वर्ष भन्दा अघि देखि शुरु भएको मानिन्छ । तर प्रारम्भमा यसलाई  बेग्लै गीतहरुको रचना गरी खेलिन्थ्यो भने अछाममा केवलानन्द स्वामीको पालादेखि पारम्परिक होरीगीतहरुको साथै राम र कृष्णका गाथाहरु गाउँने प्रचलन आयो ।

वास्तवमा होरीखेलको उद्‌गमस्थल कुमाउँ गढवाल नै हो । भनिन्छ वि.स. १७५० को आसपासमा अछामका सोमवंशी राजा भानशाहकी जेठी रानीले आफ्ना माइत कुमाउँ गढवालबाट होरी गीतको बही र साथमा बाजाको तालमा होरी खेलाउने जिताउरे दमाई झिकाई आफ्नो शीतकालीन दरवार कालीकाटी गढी नजिकै रहेकोले प्रख्यात श्री वैद्यनाथ मन्दिरको पूजा अर्चना गरी त्यही होरी खेल खेलाउने अभ्यास गराएका थिए । यसरी शुरु गरिएको होरी खेल हेर्न छरछिमेकका गाउँबाट असंख्य नरनारी भेला भई रमिता हेर्थे र पुरुषहरु खेलमा सहभागी भै अभ्यास गर्थे । यसरी प्रारम्भ भएको होरी लोकप्रिय बन्दै अछामका गाउँ गाउँमा पुगी अछामी संस्कृतिको अभिन्न अङ्ग बन्न पुग्यो ।[१२]

होरी खेल्ने निधो गर्न समाजका अगुवाहरु बैठक बस्छन र निश्चत दिन तोकेर साँझपख गाउँको पटकानीमा दमाइले ढोल ट्याम्को बजाउँछन् सो बाजाको आवाज सुनेपछि गाउँका युवा बृद्धाहरु सो ठाउँमा भेला हुन्छन् । पुरुषहरु अर्धवृताकार रुपमा दुई समुहमा पंक्तिबद्ध उभिन्छन् ।यसरी एउटा वृताकार खेल बन्दछ । एउटा समूहबाट सो खेलको नाइकेले होरी गीत अथवा डेउडा भट्याउछन् । अनि त्यो समुहमा मानिसहरुले सो गीतलाई बाजाको तालमा पैदल र हातको हाउभाउ सहित गाउँछन् । उनीहरुले गाइसकेपछि त्यसै गरी अर्को समुहले पनि उक्त गीतलाई गाउँछन् । डेउडा भट्याउनेलाई खलिफा भनिन्छ । पुरै खेल उसैको निर्देशनमा खेलिन्छ । उक्त लय र तालको गीतको समाप्ती पछि सबै आ-आफ्नो स्थानमा पंक्तिमा उभिन्छन् ।खलिफावाट अर्को गीतको उठान हुन्छ । सो गीतको लय र ताल फरक पनि हन सक्छ । होरी खेलको शुरुवात श्री वैद्यनाथको मन्दिरबाट भएको हुँदा हालसम्म पनि महाशिवरात्रीको भोलीपल्ट विहान उक्त मन्दिरको प्राङ्गणमा होरी खेल शुभारम्भ गरेर लाने गर्दछन् । तर गाउँमा केही दिन पछि मात्र उक्त खेल शुरु हुन्छ ।

होरी खेलको ड्रेस पनि विशेष प्रकारको हुन्छ । होरी खेल्नेहरुले सेतो भोटोसहितको जामा, पछाडी कुमदेखि खुट्टासम्म पुग्नेगरी पिठ्युमा सेतो चद्दर जस्तो पहिर्नु पर्दछ । छाउकोमा पगरी बाँध्नु पर्दछ । जुत्ता पनि सकभर सेतै हनु पर्दछ ।त्यसैमा आ-आफ्ना दिदी बहिनी वा प्रियसीहरुले सुगन्धित

---

१२ सुरत बहादुर शाह-झारखण्ड वैद्यनाथ क्षेत्र अछाम एक चिनारी पृष्ठ ९९-१०४

फूलका माला पहिराई दिएका हुन्छन् । जामा न हुनेहरुले आजभोली सेतो कमिज र पैन्ट लगाउने गर्दछन् । सेतो बाहेक अन्य लुगा लगाएर खेलिन्छ तर यो राम्रो मानिदैन ।

उक्त होरी खेलको प्रारम्भ राजा भान शाहका पालामा भएको र उक्त खेल कुमाउ गढवालबाट आएको भन्ने कुरा गढवालबाट आएका जिताउरे दमाईका सन्ततीहरु हालसम्म कालीमाटीगढीमा नै बसोबास हुनु र उक्त गढवालबाट ल्याएको होरीको बही मुलरुपमा नै कालीमाटीका खड्ग बहदुरका शाहका जिम्मा रहेका हुँदा उक्त कुराको पुष्टि हुन्छ । त्यसै वहीका केही डेउडा (गीत) यहाँ प्रस्तुत छन् । जसको भाषाले पनि उक्त कुराको पुष्टि हुन्छ ।

क) <u>शुभारम्भ गर्दा गाएर खेलिने होरी गीत</u> १३

तमही हमही होरी जानिभो बृज ख्यालु रच्यो<br>
जानिभो बृज ख्यालु रच्यो ।<br>
नदी जमुनाके तीर जानी भो बृज ख्यालु रच्यो ।<br>
ए कहिन भरीभो आँचली हो आँचली हो ।<br>
कहिन भरियो अविर जानी भो बृज ख्यालु रच्यो ।<br>
तमही हमही ....................।<br>
कुपर्लेतन भरियो आँचली हो आँचली हो ।<br>
आँचलन भरियो अविर र होरी जानीभो वृज ख्याल रच्यो<br>
ए काहेको विन्देवानी हमे विन्देवानी हो ।<br>
काहेको माथे मुकुट अबिर होरी जानीभो वृज ख्यालु रच्यो ।<br>
तमही हमही होरी जानीभो वृज ख्यालु रच्यो<br>
ए राधेकी विन्देवानी हो बिन्देबानी हो ।<br>
ए कृष्णाकी माथे मुकुट जानी भो वृज ख्यालु रच्यो ।

ए कहीमै डालौ केशरी लाल केशरी ।<br>
कहीमै डालौ अवीर जानी भो  वृज ख्यालु रच्यो ।<br>
ए राधेमे डालौ अवीर अवै होरी जानी भो वृज ख्यालु रच्यो ।<br>
कृष्ण में डालौ अवीर अवै होरी जानी भो वृज ख्यालु रच्यो ।<br>
तमदी हमही होरी जानिभो बृज ख्यालु रच्यो ।

यसरी आठदिन होरी खेलिसके पछि होरी पूर्णिको दिनमा सवै नरनारी पटकानीमा जम्मा हुन्छ । दमाईले ढोल र ट्याम्कोबाट भेला हुन सङ्केत गरेका हुन्छन् । अन्य दिनमा रात्रीमामात्र होरी खेले

पनि होरी अन्त्य हुनु भन्दा दुई दिन अघि दिउसो पनि खेलिन्छ । पूर्णिमाको दिनमा वाजागाजा सहित होरी गाउँमा घर घर पुग्छ र त्यहाँ सबैले अक्षता र सिन्दुरले होरीको स्वागत गरिन्छ । गाउँको [ज्ञघ] प्रमुख (रजवार) को घरबाट चीर अथवा मेलको हाँगोमा ध्वजा बाँधेर ल्याइन्छ र पटकानीमा फर्की बीचमा गाडिन्छ र वरिपरि अन्य दाउरा ठड्याइन्छ ।

यसरी गाउँको टोल टोल र घरघर जानेबेला यस प्रकारको होरी गीत गाइदै गइन्छ ।

रंगिलो होरी गैजान लाग्यो भटकन लाग्यो छाती रे ।
ए छुटन लाग्या साथी सखिया कैसे  बिताऊ राती रे ।
रङ्गिगिलो होरी गैजान लाग्यो  ................।

**ख)  होरीको समापन**

होरीको सामापनको दिन अर्थात होरी पूर्णिमाको दिन पटकानीको विचमा चीर गाडिसकेको हुन्छ । सधै झै साँझपख सबै नरनारी भेला हुन्छन् । अन्य दिन भन्दा यस दिन बढी मानिसहरु जम्मा हुन्छन् । होरी शुरुहुनु अघि महिलाहरुको डेउडाखेल शुरु हुन्छ ।करीव ९/१० बजे महिलाहरुको डेउडाखेल भङ्ग गराइ होरी खेल शुरु हुन्छ । महिलाहरु होरी खेलभित्र बस्दछन् । होरी सधै झै धार्मिक गाथाहरुबाट शुरु हुन्छ । लगभग तीन चार घण्टा खेलिसकेपछि चीरमा आगो लगाइन्छ । होरी खेल रोमाञ्चक मोडमा पुग्दछ । किन भने यसपछि गाइने गीत व्यङ्गात्मक र अश्लील पनि हुन्छन् । बीचमा वलिरहेको आगोको वरिपरि हातमा हात समाती 'हरिविसना हो ! हरिवसना !' भन्दै निम्न प्रकारको गीत गाइन्छ ।

| **समूह (क)** | **समूह (ख)** |
|---|---|
| ए राजा रामउ हरि विसना ! | हरिविसना हो हरिविसना । |
| ए तम कैको निम्तो हरिविसना | ए हरिविसना हो हरिविसना |
| ए सीताको निम्तो हरिविसना | ,, ,, ,, ,, |
| ए कृष्ण कन्हैयाउ हरिविसना | ,, ,, ,, ,, |
| ए तम कै को निम्तो ,, | ,, ,, ,, ,, |
| ए राधाका निम्तो ,, | ,, ,, ,, ,, |
| ए ......... मुखियाउ ,, | ,, ,, ,, ,, |
| ए तम कै को निम्तो ..,, | ,, ,, ,, ,, |
| ए सालीको निम्तो | ,, ,, ,, ,, |
| ए ......................... | ,, ,, ,, ,, |
| ए तम कै को निम्तो ,, | ,, ,, ,, ,, |
| ए सासुको निम्तो ,, | ,, ,, ,, ,, |

१३ (सुरत बहादुर शाह -झाडखण्ड वैद्यनाथ क्षेत्र अछाम - एकचिनारी) पृष्ठ-९९-१०४)

ए यही थी बोलाइदिउ हरि विसना
ए सौरास जाइया हरि विसना आदि

अश्लील शव्दहरु प्रयोग गदै रमाइलो गर्ने र एक आपसमा रङ्ग अवीर दलि मनोरञ्जनलाई चरम उत्कर्षमा पुऱ्याइ होरीको समापन गरिन्छ । त्यसपछि फेरि डेउडा खेल खेली बिहान घर फर्कन्छन । अछामीहरु होरीलाई यति मन पराउँछन् कि होरी पर्वको अवसरमा गाउँमा कुनै अशौच पर्न गएमा त्यसपछिको शक्लपक्षमा चैत्र वा वैशाखमा पनि होरी खेलिन्छ । यसलाई 'छडके होरी ' अथवा 'दर्के होरी ' भनिन्छ । डण्डी स्वामी आउन पूर्व अछाममा खेलिने होरी गीत बेग्लै प्रकारको थियो । त्यसै आधारमा अछाम भर होरी चल्दथ्यो । होरीलाई अछामी भाषामा लेखी मु-महाजित शाह र डी. रघुविर शाहले अछामामा चलाएका थिए र सोही राग ताल मिलाई होरी गीतमा सुधार गरिएको थियो ।

होरी गीतको सुधार गर्ने क्रममा अछाम सुगालीका श्री केवलानन्द भन्ने डण्डी स्वामीले रामलिला र कृष्ण लिलामा आधारित गीतहरु रचना गरेर होरी खेल्ने तरीका समेत वर्णन गरेका छन् ।

## ३.४ अछाम जिल्लामा होरी गीतको विकास र विस्तारमा डण्डी स्वामीको योगदान

होरी खेल्ने परिपाटी लगभग ३०० वर्ष अघि देखि नै शुरु भए तापनि अछाम जिल्लामा होरीलाई परिमार्जित गरी आधुनिक ढाँचाम खेल्ने खेलाउने कार्य डण्डी स्वामीको योगदानबाट भएको कुरा सबैले स्वीकारेका छन् । त्यस कारण यस प्रसङ्गमा डण्डी स्वामी को हुन भन्ने कुरा चासोको विषय हुने भएकोले यहाँ डण्डीस्वमीको छोटो जीवन परिचय दिनु सान्दर्मिक नै होला ।

डण्डीस्वमीको जन्म र जन्मभूमि वारेमा खासै लेख्य प्रमाण भेटिएको न भए ता पनि हालसम्म प्राप्त तथ्य र जनश्रुतिका आधारमा उनको जन्म भारतको काश्मीरमा लगभग वि.स. १९१० को आसपासमा भएको अनुमान गरिन्छ । उहाँले सन्यास लिनु अघि तत्कालीन ब्रिटिश भारतीय सेनामा अधिकृतको रुपमा सेवारत रहदा संयोगवश उहाँको हातबाट गोहत्या हुन जाँदा पश्चातापवश सन्यास धारण गरी देशाटन गर्दै अछाम परनु भयो । अछाम प्रवेश गरिसके पछि केही समय प्रभा गाउँमा बसी त्यहाँबाट पन्ध्रबीस क्षेत्रको काटेगाउँमा थोरै समय बसोवास गरी त्यहाँबाट कालिका गा.विस. को बाच्कोटमा सेनामा रहँदाका परिचित व्यक्ति करवीर साउँदको घरमा बस्नु भयो । त्यहाँ रहदा बस्दा स्वाभाबिक मानवीय कमजोरीका कारण एउटी नन्दी नाम गरेकी केटीसित प्रेम सम्बन्ध गासिन पुग्यो । अन्त्यमा उनीसित बैवाहिक सुत्रमा वाधिइ त्यहाँबाट रावलहरुको वस्ती सुगाँलीमा आई घरजाम गरी बसे ।[१४]

सुगाली बसाईको क्रममा उनले अछाममा शिक्षाको ज्योति फैलाउने कार्य गरे । अछामका विशिष्ठ व्यक्तिहरु जस्तै वलिगाउँका झपटसिंह रावल सर्वोच्च अदालतका न्यायाधिश, डि. टेक

१४ फणेन्द्रराज रेग्मी अछामी होरीका सन्दर्भमा डण्डी स्वामी केवलानन्द २०६१

बहादर रावल, डि. रण बहादुर रावल, जुपुका चन्द्रसिंह रावल, २०१५ सालमा अछाम क्षेत्र नं. ७३ बाट निर्वाचित सांसद इन्द्रसिंह रावल उनकै शिष्यहरु थिए ।[१५]

यस कममा उनले अछाममा प्रचलित परम्परागत होरीका डेउडा गीतहरुलाई रामायण-कृष्ण चरित्रका गाथाचक्कका आधारमा लेखी खेल्न लगाई अछामीलाई ठुलो गुन लगाउनु भएको छ । उनी हिन्दी, सस्कृत, उर्दु, अंग्रेजी, बंगाली भाषाका ज्ञाता हुनुका साथै गणित व्याकरण, संगीत, साहित्य आर्युवेद सम्वन्धी ज्ञान पनि थियो भनिन्छ । वि.स.१९८७ सालमा उहाँको निधन भएको अनुमान गरिएको छ ।

## ३.५ होरी गीतको परिचय -

होरी गीतको परिचय दिँदा अछामको भाषिक सन्दर्भलाई कोट्याउनु पर्ने हुन्छ । होरी गीतलाई अछाममा होरीका डेउडा भनिन्छ । डेउडा गीत सुदूर पश्चिमकै जनमानसमा भिजेको मौलिक सस्कृति हो । डेउडा शव्दको शाव्दिक अर्थ टेढो वा बाङ्गो हुन्छ । कसैले यसलाई 'दोहोरी' पनि भन्दछन् । वृहत नेपाली शव्दकोशका अनुसार डेउडाको अर्थ - ना (देवडा) पश्चिम नेपालको लोकगीतमा चल्ने गीतको एक ताल देउरा संगितको एक प्रकारको ताल वा भेद[१६] डेउडा एक आपसमा कुममा कुम मिलाई धेरै व्यक्तिहरुले खेल्दा पादपंक्ति वा पैतलो चलाउदा खुट्टा सिधा नचलाई छटके चलाइने र पाइलो पनि एउटा पुरा र एउटा आधा चलाईने वा डेउडा चलाईने भएकोले यसलाई डेउडा वा देउडा भनिएको हो । एउटा गीतलाई गाउँदा पुरा र आधा गरी डेढ पटक गाइने तथा सोही अनुसार खुट्टा चलाई खेलिने हुदा यसलाई डेउडा गीत भनिएको हो । डेउडा गीत सुदुरपश्चिमाञ्चल क्षेत्रको लोकसाहित्यको रुपमा ज्यादै लोकप्रिय विधा हो । होरी गीतको रुपमा गाइने डेउडालाई पनि यिनै डेउडा कै अङ्गको रुपमा हेरिन्छ ।

### ३.५.१ लोक डेउडा र होरी डेउडाको तुलना

होरी डेउडालाई लोक डेउडाकै एउटा अङ्गको रुपमा हेरिने भएता पनि यी दुईमा केही समानता र केही असमानताहरु रहेका छन् । ती यस प्रकार छन् ।

**क) समानता**

१. लोक डेउडा जस्तै होरी डेउडालाई दुईवटा समुह बनाई पालै पालो गाईने गरिन्छ ।

२. यी दुवै गीतलाई गीतको तालसँग छड्के गरी पैदल चलाएर खेलिन्छ ।

३. यी दुवै गीतहरु परम्परादेखि लोक जीवनमा भिज्दै आएका छन् ।

४ यी दुवै गीतलाई वृताकार रुपमा घेरामा गाउदै नाच्दै गरी खेलिन्छ ।

---

१५ अछामको इतिहास पृ. ६७ पूर्ववत्

१६ वृहत नेपाली शव्दकोष

**ख)　असमानता**

यति समानता हुँदा हुदै पनि यी गीतहरुका केही असामनता पनि छन जो यस प्रकार छन् ।

१. लोक डेउडामा दुवै समूहमा एक/एक जना नाइके हुन्छन् र उसकै निर्देशनमा प्रश्नोत्तर शैलीमा खेलिन्छ भने होरी डेउडामा एउटै मात्र नाइके हुन्छ र उसकै निर्देशनमा दुवै समूहले गीत गाइने र खुट्टा र हातको ताल मिलाइन्छ ।

२. लोक डेउडामा नाइके वा गिदाङ्केले स्वस्फुर्त रुपले मौखिक गीत फलाक्ने गर्दछन भने होरी डेउडाहरु लिखित रुपमा रहेका हुन्छन् । नाइकेले या कण्ठस्थ गरेको हुन्छ भने या गीतको बही हेर्नु पर्ने हुन्छ ।

३. लोक डेउडामा एउटा समूहमा केटा पक्ष र अर्को समूहमा केटी पक्ष हुन्छन् भने होरी डेउडामा दुवै समूहमा पुरुष नै हुन्छन् ।

४. लोक डेउडाको क्षेत्र व्यापक छ भने होरी डेउडाको क्षेत्र सिमीत छ ।

५. लोक डेउडा जुन सुकै चाडपर्वमा पनि खेल्न सकिने हुँदा वर्षै भरी चल्छ भने होरी डेउडा होरी पर्व विशेषमा मात्र खेलिने हुँदा फागुन देखि चैत्रसम्म मात्र चल्छ ।

६. लोक डेउडामा कुनै किसिमको बाजा बजाइदैन भने होरी डेउडामा ढोल, ट्याम्को, झ्याली र नरसिङ्गाको ताल मिलाएको हुन्छ ।

## ३.६　होरी डेउडाको ऐतिहासिक पक्ष

होरी गीतको परम्परा अछाममा लगभग ३०० वर्ष यतादेखि चलि आएको जनश्रुति पाइन्छ ।तर हिन्दु धार्मिक ग्रन्थमा उल्लिखित पौराणिक कथा बमोजिम दानवकुलका राजा हिरण्यकशिपुका छोरा प्रह्लादले आफ्नो कुल परमपरा विपरित भगवान विष्णुको आराधना गरेको हुँदा उसलाई मार्न पिता हिरण्यकशिपुले आफ्नी बहिनी होरीकालाई अह्राउँदा प्रल्ह्वादले हरि भजनको कारण सकुशल रही उल्टो होरीका नै आगोमा जलेकी हुँदा यही खुशीमा होरीकाको प्रतीक स्वरुप आागोमा जिउदो कुखुराको बली दिने र केही दिन अघिदेखि हरि कीर्तन गर्ने परम्परा चलेको श्रुति परम्परा रही आएको पाईन्छ ।

होरी पर्वको परम्परा पौराणिककालदेखि रही आएको तथा यस सम्बन्धी गीतहरु विभिन्न स्थान भेद बमोजिम भाषिकभेदहरु रहदै फरक-फरक रही आएका छन् । जस अनुसार भारतको कुमाउँ गढवालतिर चलि आएको होरी खेल्ने चलन कालीमाटीगढीमा राजधानी भएका अछामी राजाको विवाहको कारण कुमाउँ गढवालबाट होरीगीतको बही समेत लेखी अछाममा ल्याइएको श्रुति परम्परा पाइन्छ । त्यपछि अछामका रघुविर शाहले गढवाली भाषाबाट अछामी भाषामा अनुवाद गरी प्रचलनमा ल्याएका थिए । वि.स. १९५० को आसपासमा भारतको कश्मीरबाट अछाम प्रवेश गरेका सन्यासी डण्डी स्वामी भनिने केवलानन्दले रामकथा र कृष्ण कथालाई आधार बनाई होरी डेउडाको रचना गरेका थिए ।

आधुनिक समयमा अछामका केही रचनाकारहरुद्वारा सामाजिक र राजनीतिक विषय वस्तु समेटेर केही होरी डेउडा गीत रचना गरेको पाइन्छ । तिनीहरुमा यदुनाथ शर्माको नाम लिन सकिन्छ । यसरी प्राचीन समयदेखि चलेको होरी डेउडा खेल हालसम्म कायमै रहेको छ ।

## ३.७. होरी डेउडाको क्षेत्र

होरी पर्व हिन्दूमात्रको महत्वपूर्ण चाडको रुपमा लिइन्छ । यसरी हिन्दूधर्मका अनुयायीहरुको क्षेत्र जति व्यापक छ त्यति नै व्यापक यस पर्वको पनि छ । तर भाषा रीतिरिवाज अनुसार फरक-फरक तरिकाले होरी पर्व मनाइन्छ । होरी गीत पनि विभिन्न भाषिक समुदायमा फरक-फरक छन् । यसका नाम पनि फरक-फरक समुदायमा फरक-फरक छन् । यस पर्वलाई फागु, होरी, वसन्त महोत्सव आदि विविध नामले चिन्ने गरिन्छ ।

जहाँ जसरी मनाइने भएतापनि अछाममा यस पर्वलाई आफ्नै मौलिक परम्परा अनुसार मनाइने भएकाले यस होरी डेउडाको क्षेत्रलाई यसै बमोजिम हेर्नु पर्ने हुन्छ । होरी डेउडा गाएर खेल्ने परम्परा कुमाउँ गढवालदेखि शुरुवात भई अछाममा आएदेखि अछामका आठसय दराका १५ गा.वि.स., पाँचसय, सातसय, आठवीस, नौवीस र छवीस दराका मलातीकोट, चाफामाण्डौ र शान्तडासम्म यस होरी डेउडा गीतको प्रचलन कायम गरेको छ । हाल बसाई सराईको क्रममा अछामबाट बसाईसरी तराईको कैलाली, कन्चनपुर र बर्दियाका केही गाउँमा बसेका अछामीहरुले त्यहाँ पनि आफ्नो संस्कृतिलाई जोगाई राख्न होरी र पुतला खेल्ने गर्दछन् । कैलाली टीकापुरमा टीकापुर साँस्कृतिक समाज गठन गरी होरी पर्वलाई व्यवस्थित र मर्यादित बनाउने प्रयास स्वरुप डण्डी स्वामीद्वारा लिखित होरी डेउडा गीतलाई प्रकाशनमा ल्याएका छन् । यसै गरी बर्दियाको पातभार गा.वि.स.मा पनि होरी पर्वलाई वर्षेनी धुमधामका साथ मनाउने गरिन्छ । यसरी होरीको क्षेत्र अछाम लगायत तराईका जिल्लाहरुमा समेत विस्तार भएको छ ।

## ३.८. होरी डेउडा (गीत)को संरचना

संरचना भन्नाले कुनै पनि वस्तुको स्वरुपलाई जनाउछ । वस्तुको स्वरुप निर्माण हुनका लागि त्यसको पूर्णरुप दिन आवश्यक पर्ने अङ्ग भन्ने बुझिन्छ । होरीको डेउडा गीतको संरचना निम्नानुसार हुन्छ ।

### ३.८.१ कथ्य

होरी गीतमा पाइने विषयको प्रसङ्ग नै कथ्य हो । होरी गीतमा विभिन्न विषयहरु समेटिएको पाइन्छ । डण्डी स्वामी पूर्वका होरी गीतहरु श्रृङ्गार रसमा आधारित हुने गर्दथे । डण्डी स्वामीले यिनै

गीतहरुलाई रामकथा र कृष्णकथामा आधारित धार्मिक भावहरुलाई समेटेर गीतहरु लेखे । डण्डी स्वामी पछिका केही व्यक्तिहरुले सामाजिक र राजनैतिक विषयलाई पनि कथ्य बनाएको पाइन्छ ।

### ३.८.२ भाषा

भाषा कुनै पनि साहित्यको ज्यादै महत्वपूर्ण तत्व हो । अछामी होरी गीतमा शुरुका गीतहरुमा अछामी भाषिकाको प्रभाव रहेको छ । ती गीतहरुरुमा हिन्दीको पनि धेरथोर प्रभाव परेको छ । यी गीतहरु मौलिक नभएर लेख्य परम्परामा रहेको हुँदा रचनाकारको मौलिक भाषाको प्रभाव पनि यसमा रहेको हुन्छ । हाल नेपाली भाषामा पनि केही डेउडाहरु रचना गरिएको पाइन्छ ।

### ३.८.३ चरण वा पद

होरी डेउडाको संरचनामा पद र चरणको पनि आवश्यकता पर्दछ । होरी गीतहरु एउटै विषयवस्तु समेटेर एउटा छन्द वा लयमा रचिएको हुन्छ । त्यसमा दुई चरण हुन्छन् । पहिलो चरण्मा दुई पद र दोस्रोमा एक पद गरी त्रिपदी छन्दमा रचित हुन्छ भने कुनै पहिलोमा दुई पद र दोस्रोमा दुई पद गरी चार पदको चौपदी छन्द हुन्छ । जस्तै चौपदी

ए भितरी हेरी बाहिर हेरी हाइ जानकी ।

हेरी कतै नही देखि त हाइ हाइ हाइ जानकी ।

गीतको उठान गर्दाको प्रथम चरण दुई पदको हुन्छ । जुन गीत गाउँदा दुवै समूहका व्यक्तिहरु हातबाँधी पक्तिवद्ध उभिन्छन् । खलिफाले गीत फलाकेपछि उक्त गीत सामुहिकरुपमा लयमा गाइन्छ । दुई-तीन चोटी गाइसकेपछि केवल दोस्रो पद मात्र दोहार्‍याइन्छ । यसलाई एक पट्के भनिन्छ । जस्तै- जानकी माइकी खबरी हनुमान जी लंका जाँदा घडी ।

एक पट्के - हनुमान जी लंका जाँदा घडी ।

यसरी एक पट्के गीत गाउँदै पैदल र हातको चाल शुरु गरिन्छ र क्रमश: खेल दाँया तर्फ अघि बढ्दै जान्छ ।

तर दोस्रो चरणदेखि ढाँचा फरक हुन्छ । दोस्रो चरणको गीत दुई पंक्तिमा विभाजित हुन्छ । जसको पहिलो पंक्ति एक पदको र दोस्रो पंक्ति प्रथम चरण नस्तै दुई पदको हुन्छ र त्यसको पछिल्लो पदलाई एक पट्के भनिन्छ । जस्तै-

एं देखी देवताले सुरसा पठाई ।

ए.बुद्धि बलकी जाँच गरी हनुमानजी लंका जाँदा घडी ।

- हनुमानजी लंका जाँदा घडी ।

यसरी हेर्दा यसको संरचना गजल ढाँचाको हुन्छ । अझ केवलानन्द डणडीस्वामीले गजलको जस्तै गीतको अन्त्यमा आफ्नो नाम समेत जोडेर गजलको तखल्लुसको सम्झना गराएका छन् ।

जस्तै- ए ‘केवल’ मुठी एक बजारी

ए. रक्त ओकल्दै गइ सो मरी हनुमानजी लंका जाँदा घडी ।

प्रथम पद गाउदै पूरा समुह दुई कदम अगाडि बढेर फर्कन्छ र गीत गाइसकेपछि पुनः आफ्नो स्थानमा आउँछ अनि सबैले एकै तालमा ताली बजाउछन् ।

### ३.८.४ लय वा भाका

लय वा भाका भनेको हरेक गीतको स्वरसंगठन हो । होरी गीतलाई पनि ठाउँ अनुसार फरक फरक लय वा भाकामा गाउने गरिन्छ । होरी डेउडा गीतमा पौपट, त्रिपदी, चौपदी आदि छन्दका रचित गीतहरुलाई अलग-अलग लयमा गाउने र खेल्ने गरिन्छ । पौपट भाकामा सामुहिक नृत्य जस्तै हातको ताल र खुट्टाको ताल मिलाई एक फन्को घुम्दा ज्यादै रोमाञ्चक हुने हुँदा पौपट भाका लोकप्रिय मानिन्छ । अन्य भाकाहरु गाउँ ठाउँ अनुसार फरक हुन्छन् ।

### ३.८.५ छन्द

होरी डेउडा गीतहरु गजलको ढाँचामा रचिएका हुनाले शास्त्रीय छन्दसित यिनको तालमेल नमिले तापनि डण्डीस्वामीले आफ्नो कृति 'होरीको बही' मा आरम्भमा नै यसको खेल्ने तरिका र छन्दहरुको उल्लेख गरेका छन् । जस अनुसार ढामी छन्द, त्रिपदी छन्द, दीर्घतुरा छन्द, ढुढामी छन्द, ढुढौची छन्द, पौपट छन्द, चौपदी छन्द, तुर्याली छन्द, समदतुर्या छन्द, त्रिभंग छन्द, मन्दतुर्या छन्द गरी १६ वटा छन्दको उल्लेख गरेका छन् ।[१७] साथै यसमा अन्त्यानुप्रासको प्रयोग सबै ठाउँमा भएको छ ।

### ३.८.६ अलंकार

होरीको डेउडामा विविध अलङ्कारको प्रयोग गरिएको हुन्छ । विशेष गरी अन्त्यानुप्रासको प्रयोग शुरुको चरणसँग गरी गजलको ढाँचामा डेउडा गीत बन्दछ । गजलको झै हरेक शेरको दोस्रो पद पहिलो चरणसँग अन्त्यानुप्रास मिलाएको हुन्छ । जस्तै :-

लाग्या हुल्ली मचाउन मार मार भनी
ए लौ लौ मार मार भनी ।
ए नबोली हनुमान भइ रीस मारी
लाग्या ती यक्ति बनाउन मार मार भनी
ए लौ लौ मार मार भनी ।
ए मिली असुर बुद्धि बिचारी

---

१७ राजाराम सुवेदी अछामको इतिहास पृष्ठ ३३९

ए घिउ तेल लाग्या खेडान मार मार भनी
        ए लौ लौ मार मार भनी ।

ए अंगमा बेरी तेल रुवाई ।
        ए सल्काइ आगो निधान मार मार भनी ।
        ए लौ लौ मार मार भनी ।

यहाँ पहिलो चरण मचाउनसित अनुप्रास मिलाइ, बनाउन, खेलान, निधान को शब्द संयोजनले अन्त्यानुप्रासको सुन्दर प्रयोग भएको छ ।

## ३.९ होरी डेउडा (गीत)का तत्वहरु

साहित्यको कुनैपनि विधाको आफ्नै विशेषता र आफ्नै खास तत्वहरु हुने गर्छन् । त्यसै गरी होरी (डेउडा) गीतको रचनामा त्यसका तत्वहरुको विशेष भूमिका हुन्छ । तत्वबिनाको गीत निर्जिव जस्तै हुन्छ । होरी गीतका तत्वहरु निम्न प्रकारका छन् (१) भावात्मकता (२) लयात्मकता (३) भाषाशैली (४) अलङ्कार

(१) भावात्मकता - कुनैपनि साहित्यिक रचनामा भाव छैन भने प्राणहीन शरीर जस्तै हुन्छ । त्यसैले होरी गीतमा पनि भावात्मकता मुख्य तत्वका रुपमा रहेको हुन्छ । भावहरु विभिन्न घटनाका कारण मानव मनमा आउने संवेग हुन् जस्तै- रति, शोक, हाँस्य, उत्साह, घृणा आदि ।

(२) लयात्मकता- कुनै पनि गीतलाई गाउन योग्य बनाउन लय वा भाकाको आवश्यकता पर्छ । अछामी होरी गीतमा पनि विभिन्न लय वा भाकाहरु हुन्छन् । तिनलाई विभिन्न छन्दका नामले चिनिन्छ । जस्तै- त्रिपदी छन्द, चौपदी छन्द, ढुढौची छन्द, ढुढामी छन्द, मन्दगामी छन्द आदि ।

(३) भाषाशैली- हरेक रचना कुनै न कुनै भाषामा रचिएको हुन्छ । अछामी होरी गीतहरु अछामी भाषिकामा रचित छन् । आधुनिक होरी गीतहरु नेपाली भाषामा रचिएका पाइन्छन् ।

(४) अलङ्कार- अलङ्कार साहित्यिक विधाहरुको महत्वपूर्ण तत्व हो । यसले रचनालाई सुन्दरता प्रदान गर्दछ र श्रुतिमधुर बनाउँछ । अछामी होरी गीतहरु पनि विभिन्न अलङ्कारले सुसज्जित छन् ।

## ३.११ होरी डेउडा (गीत) को प्रयोजन

होरी डेउडा गीत अछामी लोक संस्कृतिको अभिन्न अंग भएकोले यसको प्रयोजन बारे चर्चा गर्नु पनि प्रासङ्गिक नै ठहर्छ ।

### ३.१०.१ आनन्दको अनुभव

कुनै पनि साहित्यको मूल उद्देश्य नै आनन्द प्राप्ति हो । होरी गीत पनि लोक साहित्यको एउटा अङ्ग भएकोले यसमा पनि आनन्द प्राप्तिको उद्देश्य रहेको हुन्छ । त्यसमा पनि गीत संगीतले मानिसलाई आनन्दको चरम सीमामा पुऱ्याउँछ र केहीछिनको लागि भएपनि दु:ख बिर्साउने कार्य गर्दछ । लोक जीवनको अभिव्यक्ति, सरल भाषा र सरस शब्दावली सुरिला लय संगीतका साथ प्रस्तुत हुँदा व्यक्तिले दु:ख दैन्य र अभावहरुलाई बिर्सेर आनन्दको अनुभव गर्दछ । यस प्रकारको आनन्द लोक साहित्यका विविध विधाहरु धार्मिक गीतहरु भजन कीर्तनहरुमा पाइन्छ ।

अछामी संस्कृतिको अभिन्न अंगको रुपमा रहेको होरी पर्वले गाउँका सर्वसाधारण किसानहरुले दिनभरी खेतमा वा वनपाखामा काम गर्दै थकित भएको शरीरको वास्ता नगरी होरी पर्वमा हरेक राती भेला भई सोही आनन्दको अनुभूति गर्दछन् ।

### ३.१०.२ अनुष्ठानको सम्पादन

हाम्रो अछामी समाजमा गीतहरुले मन्त्र जस्तै महत्व राख्दछन् । गीतहरुबाटै धार्मिक सामाजिक, साँस्कृतिक क्रियाकलापहरु सम्पन्न हुन्छन् । हरेक चाडपर्वहरुका विशेष गीतहरु हुन्छन् । त्यस्तै होरी पर्व मनाउँदा आफ्नै मौलिक परम्परा अनुसार होरी डेउडा गीतले पनि उत्तिकै महत्व बोकेको छ । होरी पर्वलाई सम्पन्न गर्न हरेक गाउँमा एउटा खलिफा हुने गर्दछ ॥ जसले सम्पूर्ण होरी गीतहरुलाई कण्ठष्थ पारेका हुन्छन् । यदि सो व्यक्तिको अनुपस्थिति रहेमा छिमेकी गाउँका खलिफालाई बोलाएर उक्त होरीको वही हेरेर भएपनि होरी पर्वलाई सम्पादन गरिन्छ ।

### ३.१०.३ सामुहिक गायनको प्रयोग

सामुहिक रुपमा गायन हुनु डेउडा गीतको प्रमुख विशेषता हो । होरी डेउडा गीतमा पनि समाजका के युवा के बालक के बृद्ध सबैले आपसमा मिलेर आपसी सामाजिक सद्भाव कायम राख्दै गाइने र खेलिने भएकाले यसले सामाजिक एकता र मेलमिलापमा ठूलो सहयोग पुऱ्याउँछ ।

## ३.११ होरी गीतको महत्व

हाम्रो लोक परम्परा र लोक संस्कृति जीवनको अभिन्न अङ्गको रुपमा रहेको हुन्छ । त्यसै गरी अछामी संस्कृतिको अभिन्न अंगको रुपमा रहेको होरी पर्व वा होरी गीतलाई हाम्रो जीवनशैलीबाट अलग्याउन सकिदैन । हाम्रो देशका कुनाकाप्चामा र दूर दराजका गाउँहरुमा मनोरञ्जनको एक मात्र साधनको रुपमा रहेको यहाँको लोक संस्कृति वा चाड पर्व, जात्रा, राम रमिता नै हो । यहाँ कुनै चाड वा जात्रा हुनु पहिलेदेखि नै यहाँका युवा युवतीहरु औला गन्न थालेका

हुन्छन् । यसैले नै यहाँको चाड पर्वको महत्वलाई पुष्टि गर्दछ । त्यसकारण होरी गीतको महत्वलाई निम्न बुँदाहरुमा प्रकाश पार्न सकिन्छ ।

### ३.११.१ साँस्कृतिक तथा ऐतिहासिक महत्व

नेपाल सानो मुलुक भएपनि धर्म र संस्कृतिका दृष्टिले सम्पन्न मुलुक मान्न सकिन्छ । यहाँ विविध धर्म र संस्कृति मान्ने मानिसहरु बसोबास गर्दछन् । विविध धर्महरु मध्ये हिन्दू धर्मावलम्बीहरुले अधिकांश भूमि ओगटेका छन् । हिन्दूहरुका चाडपर्वहरुमा होरी दशै र तिहारपछिको तेस्रो ठूलो पर्व मानिन्छ । हिन्दूहरुकै बाहुल्यता रहेको अछाम जिल्लामा यस पर्वलाई महत्वपूर्ण पर्वको रुपमा लिइन्छ । धन कमाउन विदेश गएका अछामीहरु होरी पर्वमा घर फर्कन्छन् । यसबाट यस पर्वको साँस्कृतिक महत्व प्रष्ट हुन्छ ।

साथै यस पर्वको एहितहासिक महत्व पनि छ । यहाँका बाइसी चौविसी राज्य मध्येका अछामी राजाका पालामा होरी पर्वलाई विशेष पर्वका रुपमा मनाइने गरेको परम्पराले यसको ऐतिहासिकता पुष्टि हुन्छ । होरी पर्वलाई पौराणिक ग्रन्थसित सम्बद्ध मानिएकाले पनि होरी पर्व ऐतिहासिक महत्व रहेको छ ।

### ३.११.२ सामाजिक महत्व

होरी पर्वले हाम्रो संस्कृतिलाई टेवा पुऱ्याउनुको साथै हाम्रो समाजमा सामाजिक सद्भाव कायम राख्न सघाउ पुऱ्याउछ । होरी गीत सामुहिक रुपमा खेलिने खेल वा नृत्य भएकाले गाउँ वा समाजमा रहेका सानातिना झै झगडा वा मनमुटावको अन्त्य गरी आपसी मेलमिलाप र प्रेम र सद्भावको साथमा होरी खेलमा सहभागी हुने हुँदा यसको सामाजिक महत्व रहेको छ । गाउँ घरमा रहेका सानातिना मनमुटावले होरीमा वाधा पुऱ्याउने हुँदा होरी प्रारम्भ गर्नुभन्दा अघि सबैजना बसेर समस्याको समाधान गरी होरीलाई निर्वाध रुपमा खेल्ने हुँदा यसको सामाजिक महत्व बढेको हो ।

### ३.११.३ धार्मिक महत्व

नेपाल विविध धर्मावलम्बीहरुको साझा देश भएको भएपनि हिन्दूहरुको बाहुल्यता भएको हुँदा यहाँको रीतिरिवाज चाडपर्वहरुमा पनि यसको प्रभाव हुनु स्वभाविक हो । हिन्दूहरुकै महत्वपूर्ण चाडमध्येको होरी पर्वको धार्मिक महत्व पनि उत्तिकै छ । हिन्दु धार्मिक ग्रन्थमा उल्लेख भए बमोजिम भगवानका भक्त प्रल्हादलाई आफ्नै पिताको आदेशमा आफ्नी फुपु होरीकाले मार्न खोज्दा भगवानको कृपाबाट भक्त प्रल्हादको रक्षा गरी होरीकालाई मारेको घटनासित सम्बद्ध भएकोले यस पर्वको धार्मिक महत्व रहेको छ । साथै यसमा गाइने गीतहरु राम, कृष्ण र शिव कथामा आधारित भएकाले पनि यसको धार्मिक महत्व पुष्टि हुन्छ ।

# चौथो परिच्छेद

## ४. अछाममा प्रचलित होरी गीतको वर्गीकरण र विश्लेषण

अछाम जिल्लामा प्रचलित होरी (डेउडा) गीतको अध्ययन गर्दा विभिन्न कोणबाट वर्गीकरण गर्नु पर्ने हुन्छ ।

## ४.१ होरी गीतको वर्गीकरण

अछाम जिल्लाको होरी पर्वको आफ्नै मौलिक विशेषता रहेको छ । होरी गीको अध्ययन गर्दा विभिन्न कोणहरुबाट वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । यसरी वर्गीकरण गर्दा निम्न आधारमा गर्न सकिन्छ ।

४.१.१ रचनाकालका आधारमा

४.१.२ स्थानीय होरी छन्दका आधारमा

४.१.३ विषयवस्तुका आधारमा

### ४.१.१ रचनाकालका आधारमा वर्गीकरण

अछामी होरी गीतहरुलाई रचनाकालका आधारमा वर्गीकरण गर्दा ऐतिहासिक पृष्ठभूमिलाई केलाउनु पर्ने हुन्छ । अछाममा खेलिने होरी गीतहरु अछामी राजा भान शाहकी जेठी रानीले आफ्नो माइती कुमाउँ गढवालबाट होरी गीतको वही झिकाइ त्यहीबाट बाजा बजाउने दमाईसमेत झिकाएर होरी खेल्ने परम्पराको शुरुवात गरेको कुरा थाहा भएको छ ।[१८]

यसबाट के कुरा स्पष्ट हुन्छ भने अछामी होरी गीको उद्‌गम स्थल कुमाउँ गढवाल नै हो । यसकारण प्रारम्भिक होरी गीतहरुमा गढवाली भाषिकाको प्रभाव रहेको पाइन्छ । रचनाकालका आधारमा होरी गीतहरुलाई वर्गीकरण गर्दा सामान्यत तीन चरणमा विभाजन गर्न सकिन्छ ।

१) प्रारम्भिक होरी गीतहरु

२) डण्डीस्वामी कालिन होरी गीतहरु

३) आधुनिक होरी गीतहरु

**४.१.१.१ प्रारम्भिक होरी गीतहरु:-** (शुरुदेखि डण्डी स्वामी आउनु पूर्वको समय)

अछामी होरी गीतहरुको उद्‌गम स्थल भएको कुमाउँ गढवाल क्षेत्र रहेको हुँदा प्रारम्भिक होरी गीतमा गढवाली भाषाको प्रभाव रहेको पाइन्छ । जस्तै :-

तमही हमही होरी जानि भो बृज ख्यालु रच्यो

---

१८ सुरत बहादुर शाह झाडखण्ड बैजनाथ क्षेत्र एक चिनारी (पृ.९९-१०४)

जानि भो बृज ख्यालु रच्यो ।
नदी जमुनाके तीर जानि भो बृज ख्यालु रच्यो
ए कहि न भरियो आँचली हो आँचली हो ।
कहीन भरियो अवीर जानि भो बृज ख्यालु रच्यो ।
हम ही तम ही ...................
कुपर्ले नत भरियो आँचली हो आँचली हो
आँचलन भरियो अवीर जानि भो बृज ख्यालु रच्यो ।
ए काहेको विन्देवानी हमे विन्देवानी हो ?
काहेको माथे मुकुट अबै होरी जानि भो बृज ख्यालु रच्यो ।
तमही हमही होरी ..................... ।
ए राधेकी विन्देवानी हो विन्देवानी हो ।
कृष्णकी माथे मुकुट जानि भो बृज ख्यालु रच्यो ।
ए काहेमें डालौ केशरी लाल केशरी ?
ए काहेमें डालौ अवीर जानि भो बृज ख्यालु रच्यो ।
ए राधेमें डालौ केशरी लाल केसरी ।
कृष्णमे डालौ अबीर होरी जानि भो बृज ख्याल रच्यो ।
तमही हमही होरी जानि भो ।

त्यसपछि अछामका केही व्यक्तिहरुले अछामी भाषामा गीतहरु रचना गरी होरी खेल्ने परम्परालाई अघि बढाएका थिए ।

जस्तै –

होरीका राम जाऊँ भिनासाली पातलु ढोल बाजि रे ।
ए पातलु ढोलु बाजि रे ।
ए क्याउ खाई क्याउ लाई जाऊं भिनासाली पातलु ढोल बाजि रे ?
ए माथ सूर्ज फूल पैरौ भिनासाली पातलु ढोल बाजि रे
ए पातलु ढोल बाजि रे ?
ए होरीका राम जाउँ भिनासाली पातलु ढोल बाजि रे ।
ए क्याहा पैरी जाउँ भिनासाली पातलु ढोल बाजि रे ।
ए पातलु ढोल बाजि रे
ए कान कर्ण फूल पैरौ भिनासाली पातलु ढोल बाजि रे ।
ए पातलु ढोल बाजि रे ।
ए होरीका राम जाउँ भिनासाली पातलु ढोल बाजि रे ।

प्रारम्भिक होरी गीतहरु विभिन्न विषयवस्तुमा आधारित भएर रचना पारिएको पाइन्छ् जस्तै :

**(क) संस्कृति सम्बन्धी**

भिजैको भिजैको चुदरी पारै पार चुदरी रङ्ग भिजैको ।

ए चुदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

ए होरिया दाइले मछली मार्‍यो भिजैको चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

ए क्याहा वरणकी मछली मार्‍यो भिजैको चुँदरी .........?

चुँदरी पारै पार ............।

ए हरिया वरणकी मछली मार्‍यो भिजैको चुँदरी ......................?

चुँदरी पारै पार ............................ ?

ए क्याहा वरणकी मछली मार्‍यो भिजैको चुँदरी .....?

चुँदरी पारै पार .........?

ए रुपा वरणकी मछली मार्‍यो भिजैको चुँदरी ...............?

चुँदरी पारै पार .......... ?

ए होरिया दाइले मछली मार्‍यो भिजैको चुँदरी ...............?

चुँदरी पारै पार .......... ?

ए क्याहा वरणकी मछली मार्‍यो भिजैको चुँदरी ...............?

चुँदरी पारै पार चुँदरी.......... ?

ए क्याहा वरणकी मछली मार्‍यो भिजैको चुँदरी ...............?

चुँदरी पारै पार चुँदरी.......... ?

ए पहेला वरणकी मछली मार्‍यो भिजैको चुँदरी ...............?

चुँदरी पारै पार चुँदरी.......... ?

ए होरिया दाइले मछली मार्‍यो भिजैको चुँदरी ...............?

चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

**(ख) प्रकृति वर्णन**

ए पिपल हाँगी मेरी पिछवाली त्यापर ठाडी दवाइ रम्भा जनि तोड ।

ए त्यापर ठाडी दवाइ रम्भा जनि तोड ?

रम राइ रम्भा जनि तोड ।

ए विष्णुका बारीमा के फूल फुल्यो ?

ए सूर्य फूल फुल्यो राइ रम्भा जनि तोड ।

रम राइ रम्भा ................ ।

ए शंकरका बारीमा के फूल फुल्यो ?
ए केवडी फूल फुल्यो राइ रम्भा जनि तोड
        रम राइ रम्भा जनि तोड ।
ए खोलीकी हाँगी मेरी पिछवाली लालत जाँच गराई रम्भा जनि तोड ।
ए लालत जाँच गराइ रम्भा जनि तोड ?
        रम राइ रम्भा जनि तोड ।
ए ब्रह्माका बारीमा के फूल फुल्यो ?
ए पात्ती फूल फुल्यो राइ रम्भा जनि तोड ।
        रम राइ रम्भा जनि तोड ।
ए रामजीका बारीमा के फूल फुल्यो ?
ए अबीर फूल फुल्यो राम रम्भा जनि तोड ।
        रम राइ रभ्मा जनि तोड ।
ए कृष्णका बारीमा के फूल फुल्यो ?
ए गुलाफ फूल फुल्यो राइ रम्भा जनि तोड ।
        रम राइ रम्भा जनि तोड ।
ए आला नरिवल पंच सुपारी पूजा गरिल्यौ राइ रम्भा जनि तोड ।
        रम राइ रम्भा जनि तोड ।

**(ग)शिव भक्ति**

सधैं हार मान्दछौ मन्मा शम्भुजीको
        बदन देखेर शम्भुजीको ।
ए बदन देखेर शम्भुजीको हो हो रम्भुजीको ।
ए जगतका नाथ भई नङ्गा ।
ए हार मान्दछौ शम्भुजीको
        बदन देखेर शम्भुजीको ......... । हो हो .........।
ए जुगाको नाउँ छैन अङ्गमा ।
ए रुप यस्तै छ शम्भुजीको । हो हो .........।
        बदन देखेर .......... ।
ए बाघको छाला पैह्रेर हिड्छन् ।
ए ढाँचा यस्तै छ शम्भुजीको ।
        बदन देखेर शम्भुजीको । हो हो .............. ।
ए अफिम, गाँजा, अत्तर चण्डु ।

बडो प्यारो छ शम्भुजीको ।

बदन देखेर शम्भुजीको । हो हो ........... ।

ए शिरमा चन्द्रमा अङ्गमा खरानी ।

ए चाला यस्तै छ शम्भुजीको ।

बदन देखेर शम्भुजीको । हो हो .........।

ए जटाका माझमा गङ्गा ललाटमा ।

ए चन्द्रमा राखेको शम्भुजीको । हो हो ........।

ए सर्पको माला पैह्रेर हिड्छन् ।

ए चलन यस्तै छ शम्भुजीको । हो हो .....।

### ४.१.१.२ डण्डीस्वामी कालिन होरी गीतहरु (वि.सं. १९४० देखि १९८७ सम्म)

अछामी संस्कृतिमा 'केवलानन्द' डण्डी स्वामीको महत्वपूर्ण योगदान रहेको छ । उनी भारतको उत्तर प्रदेशमा पर्ने कुमाउँ गढवालबाट अछाममा प्रवेश गरेका सन्यासी थिए । अछामका विभिन्न स्थलको भ्रमण गर्दै सुँगालीमा आश्रम बनाइ बसेका डण्डी स्वामीले अछाममा शिक्षाको प्रचार प्रसार गर्नका साथै परम्परागत श्रृगारिक ढाँचाका होरी गीतहरुलाई रामभक्ति र कृष्णभक्ति गीतमा परिणत गरी समाजमा आध्यामिक चेतना फैलाउने कार्य गरेका थिए । त्यसको साथसाथै उनले होरी खेलका तौर तरिका सिकाइ भाका र लयका बारेमा पनि राम्रो ज्ञान प्रदान गरेका थिए । त्यसपछि डण्डी स्वामी रचित होरी गीतहरु नै प्रमुख रुपमा प्रचलित भए । प्रस्तुत छन् डण्डी स्वामी रचित केही होरी गीतहरु -

#### ४.१.१.२ क शिव स्तुति १९

शिव नाचे सदाशिव बम भोला, शिव नाचे सदाशिव बम भोला ।

शिव नाचे सदाशिव बम भोला ।

ए शिष मुकुटमें गंगा बिराजे ।

ए लठुरी लठुरीकी लोला शिव नाचे सदाशिव बम भोला ।

शिव नाचे .............।

ए डिमिडिमि डमरु बाजि रह्यो रे ।

ए हात बिभुतिकी गोला शिव नाचे ......... ।

ए तीन ही लोकको वस्ती बसाई ।

ए आफु फिरे जैसे डण्डोला शिव नाचे .......... ।

शिव नाचे .............।

ए हार श्रृगार देवको दियो ।[१९]

ए आफु रमावै छार कोइला शिव नाचे ..........।

शिव नाचे .............।

ए शाल दोसल्लाकी नही चाहा ।

ए ओढे बघम्बरकी छाला शिव नाचे .........।

शिव नाचे .............।

ए पान सुपारी नै मन भावै ।

ए खावै धतुराकी सौ तोला शिव नाचे ..........।

शिव नाचे .............।

ए त्यागी घोडा हात्तीको त्यागी ।

ए चढी हे बल्ल बुढे धौला शिव नाचे ..........।

शिव नाचे .............।

ए सुर नर तेरो स्तुति गावै ।

ए केवल देव अनमोला शिव नाचे सदाशिव बम भोला ।

**ख. पौराणिक होरी वर्णन**

शंकर खेलत होरी रे लाल शंकर खेलत होरी रे लाल ।

ए शंकर खेलत होरी रे लाल ।

ए शंकर खेलैं पार्वती खेलै ।

ए खेले सदाशिव गौरी रे लाल शंकर खेले होरी रे लाल ।

ए शंकर ...............।

ए खेलै भवानी माई अम्बिका ।

ए खेल त योगिनी काली रे लाल शंकर खेले ......।

ए शंकर खेले ..........।

ए गणपति स्वामी, कुमार जी खेले ।

ए खेलै सनकादिक योगी रे लाल शंकर खेले ........।

ए शंकर खेले ..........।

ए ताल तवला मृदङ्गा बाजे ।

ए डिमिडिमि डम्मरु ख्याली रे लाल शंकर खेले ...।

ए तिकिधिकी धिनतक ढोलक बाजे ।

---

१९ *xf]/L b]p*f ^Lsfk/ ;f:s[lts ;dfh ^Lsfk"/ 2061 k[= 2*

ए होरी रे होरी जताइ रे लाल शंकर  खेल ।
ए नाथ त थै थै थै तक थैया ।
ए छम छम नेवरी बाजी रे लाल शंकर खेले ..........।
        ए शंकर खेले ..........।
ए हात पाउकी छवि न्यारी ।
ए पाउकी चाल अनौठी रे लाल शंकर .........।
        ए शंकर खेले ..........।
ए भाङ धतुराकी लदलदावे ।
ए सिउर आँखकी बोरीले लाल शंकर खेले ...............।
        ए शंकर खेले ..........।
ए रंग अबीर भरीले तम्बा ।
ए गुलाब केशरी झोली  रे लाल शंकर खेले ........।
        ए शंकर खेले ..........।
ए प्रथम होरी भई शिवरात्री ।
ए कैलासमा उत्पत्ति भई रे लाल शंकर .............।
        ए शंकर खेले ..........।[२०]

## ग.    राम कथामा आधारित होरी गीत

१. अयोध्याका राजा दसरथका कुलमा श्रीरामले जन्म लिएपछिको आख्यान

चार ही चार कुमार प्यारे दसरथके चार कुमार प्यारे ।
                    दसरथके चार कुमार प्यारे ।
ए बृद्ध बाहुली अवस्था भै रे ।
ए नै भै पुत्र गरु क्या रे दसरथके चार कुमार प्यारे ।
                    दसरथके चार ............... ।
ए पुत्रका लागि गइ गुरु पास ।
ए विन्ति गरी युक्ति सोध्या रे दसरथके चार ............।
                    दसरथके चार ............... ।
ए सुनी वशिष्ठ श्रीरिङ्गी आई ।
ए यज्ञ गरी वर दिया रे दसरथके चार .......... ।
ए चैत्र नवमीका शुभ दिन ।

---

२० होरी देउडा पुर्ववत् पृ. ३

ए जेठा श्रीराम जन्म्या रे दसरथके चार ........... ।
दसरथके चार ............... ।
ए जन्म्या भरत सोही महिना ।
ए लक्ष्मण शत्रुध्न जुम्ल्या रे दसरथके चार ............।
दसरथके चार ............... ।
ए देखी कुमार दसरथ हर्षाइ ।
ए नौमती बाजित्र बाज्या रे दसरथके चार .............।
दसरथके चार ............... ।
ए मंगलचार भइ द्वारद्वार ।
ए दान दक्षिणाकी भइ न्यारे दसरथके चार ...........।
दसरथके चार ............... ।
ए सुनी नर नारी अयोध्या आई ।
ए दर्शन पाई भेट्या रे दसरथके चार ................।
दसरथके चार ............... ।
ए सूर्यवंशमा रामजी केवल ।
ए दीप रघुवंशी जाग्या रे दसरथके चार .............।
दसरथके चार ............... ।
चार ही चार कुमार प्यारे दसरथके चार कुमार प्यारे ।

२. (राम सीता लक्ष्मण वन जाँदा अयोध्याबासीहरुले विलाप गरेको आख्यान)
प्रभु गमन वनका सिधारी भै अयोध्या उजाड हमकी जन छाड ।
रघुराई हमकी जन छाड ।
ए हरि शरणगत आई हमकी जन छाड ।
रघुराई हमकी जन छाड ।
ए पहिलो डेरा तमसा तिर ।
ए राती पुग्या अधियार हमकी जन छाड ।
रघुराई हमकी .............. ।
ए सो नदी तिर प्रजाको भीड ।
ए भोकै सुत्या विआहार हमकी जन छाड ।
रघुराई हमकी जन छाड ।
ए रामले प्रजा देखी दुखाई ।
ए भाग्या हो मारि उफाड हमकी जन छाड ।

रघुराई हमकी .............. ।
ए राम न देखी प्रजा फर्किया ।
ए हाय राम ! गर्दै पुकार हमके जन छाड ।
रघुराई हमकी .............. ।
ए सो सुनी दसरथ प्राण त्यागी दिया ।
ए गई छाडी सनिसार हमकी जन छाड ।
रघुराई हमकी जन छाड ।
ए गई रामजी दोसरी डेरा ।
ए पुग्या गंगा किनार हमकी जन छाड ।
रघुराई हमकी जन छाड ।
ए डेरा तेस्रा सो तिर बारी ।
ए तराइ माझीले सो पार हमकी जन छाड ।
रघुराई हमकी .............. ।
ए भारद्वाजका आश्रम चौथा ।
ए पुग्या प्रयाग मझार हमकी ...........।
रघुराई हमकी .............. ।
ए डेरा पाँचवा चित्रकुटमा ।
ए गई बसी बर्ष दुई चार हमकी जन छाड ।
रघुराई .............. ।
ए बाल्मिकीजीका आश्रममा रही ।
ए फेरि अगस्त्यका द्वार हमकी ..............।
रघुराई हमकी .............. ।
ए सोधी ऋषि थै कुटी बनाई ।
ए पञ्चवटी भै तयार हमकी जन छाड ।
रघुराई हमकी .............. ।
ए काँस कुशकी बनी कुटिया ।
ए बसी सीताराम नार हमकी जन छाड ।
रघुराई .............. ।
ए तेह्र वर्ष केवल विती ।
ए लक्ष्मण थिया सुसार हमकी जन छाड ।
रघुराई .............. ।
प्रभु गमन वनका सिधारी भै अयोध्या उजाड हमकी जन छाड । [२१]

## घ.	कृष्ण लिलामा आधारित

(भूभार हर्न कृष्ण जन्मेपछिको आख्यान)

ए देवकी बासुदेवका बाला मथुरा मैं जन्म्या नन्दलाला ।

मथुरा मैं जन्म्या नन्दलाला ।

ए भाद्रमासकी पक्ष अँध्यारी ।

ए अष्टमी रात अति काला मथुरामें जन्म्या .............।

मथुरामें जन्म्या .............।

ए जन्म हुँदैमा नेल खुस्या रे ।

ए भई बसुदेव हर्षाला मथुरामे जन्म्या नन्दलाल ।

मथुरा मे ............।

ए कंसका पाल्या निदाइ गया रे ।

ए उघ्री दुवार खुली ताला मथुरामें जन्म्या नन्दलाला ।

मथुरामे ............।

ए वाल कन्हैया बोल्या ताहाँ रे ।

ए मकी पुऱ्याइदे नन्दशाला मथुरामे ..........।

मथुरामे ............।

ए वहाँ यशोमती भई सुतकेरी ।

ए जन्मी छोरी सो मायामाला मथुरामें ।

मथुरमें जन्म्या ................।

ए बालक लिइ गोकुल पुग्या रे ।

ए थिइन यशुमती सो निद्राला मथुरा मे .......।

मथुरामे ............।

ए राखी काखमा बालक वारी ।

ए लिइ आइ कन्या साटी बाला मथुरामें .........।

मथुरामे ............।

ए फर्की बसुदेव जेल पुग्या रे ।

ए कन्या रोइ जागी हेराला मथुरामें ...........।

मथुरामे ............।

ए झट दिया थाहा कंश दर्वारी ।

ए आयो दगुरी सो चण्डाला मथुरामें ...........।

मथुरामे ............।

ए खोसी कन्या लिइ शिला पछारी ।

ए उडी आकास कही हाल मथुरामें ....................।

मथुरामे ............।

ए केवल तेरो काल मुरारी ।

ए जन्म्या गोकुल भई गोपाला मथुरामें .........।

मथुरामे ............।

**(श्रीकृष्णले पानी भर्न आएकी गोपिनीहरुसित छेडखानी गर्दा गोपिनीहरुले गरेको आग्रह)**

नन्दका छोरा अभिमानी मकि भरी लिन दे जलपानी ।

ए बेर भई हो घाट छाडि दे ।

ए घर मेरी सासु रिसान्नी मकि भरिलिन दे जलपानी ।

मकि भरी लिन दे ........... ।

ए नन्द रिसाउली मकि खिसाउली ।

ए हासन्नी जेठानी देवरानी मकि भरी .........।

मकि भरी .................।

ए छाड् कन्हैया चाल टेडाई ।

ए नत्र पाउला गाल जानी मकि भरी ..........।

मकि भरी लिनदे .................।

ए तँ टेडो मेरी गागरी टेडी ।

ए टेडिया बानी नदेखा नि मकि ..........।

मकि भरी .................।

ए तँ छोरा होइ नन्द महलको ।

ए हामी हौं भानुकी कन्या नि मकि भरी ............।

मकि भरी .................।

ए तँ कालो हामी गोरी उज्याली ।

ए क्या जोडी तेरी हामरी मकि भरी ...........।

मकि भरी  लिन दे.................।

ए क्या सेखी तेरी हाम्रा अगाडि ।

ए केवल न छैला छेडखानी मकि भरी ...........।

मकि भरी .................।

नन्दका छोरा अभिमानी मकि भरी ...........।[२१]

### ४.१.१.३ आधुनिक कालिन होरी गीतहरु

२१ होरी देउडा पूर्ववत

अछामी होरी गीतहरुमा केवलानन्द स्वामीले नयाँपन थपिदिएपछि अछाममा होरीले धेरै महत्वपूर्ण स्थान लिएको पाइन्छ । त्यसपछि अछामी कविहरुले राम कथा र कृष्ण कथामा आधारित होरी गीतहरुको रचना गरेको पाइन्छ । साथै विविध विषय वस्तु समेटेर पनि होरी गीतहरु रचिएका छन् ।

**क. रामायणमा आधारित**

रामसीता वन जानु पऱ्यो रामसीता वन जानु पऱ्यो ।
रामसीता वन जानु पऱ्यो ।
ए राज्याभिषेक भोलि हुन्यामा ।
ए चौध वर्ष वन जानु पऱ्यो राम सीता वन जानु पऱ्यो ।
रामसीता ................।
ए मन्थरा दासी दुष्ट हुनाले ।
ए कैकेइले वर माग्नु पऱ्यो राम सीता वन .........।
राम सीता वन ...........।
ए दसरथ नृपले बाचा गरेका ।
ए पितृवचनलाई मान्नु पऱ्यो राम सीता वन .........।
राम सीता वन ...........।
ए चौरासी व्यञ्जन भोजन गर्न्या ।
ए कन्दमूल खोजी खानु पऱ्यो राम सीता ...................।
राम सीता वन ...........।
ए राजमहलमा निवास गर्न्या ।
ए खालि भूमिमा सुत्नु पऱ्यो राम सीता वन ..........।
राम सीता वन ...........।
ए राम लक्ष्मण वनमा सिधारी ।
ए राज्य भरतले गर्नु पऱ्यो राम सीता वन ...........।
राम सीता वन ...........।
ए तीन लोकका मालिक धन्य प्रभु हुन् ।
ए कर्मको फल भोग्नु पऱ्यो राम सीता वन ..................।
राम सीता वन ...........।
राम सीता वन जानु पऱ्यो राम सीता वन जानु पऱ्यो ।

**ख. कृष्ण लिलामा आधारित**

वृज कुञ्जमा धूम मचाई होरी वृजकुञ्जमा धूम मचाई होरी ।

वृजकुञ्जमा धूम मचाइ होरी ।

ए कहाँ मै जन्म्या कृष्ण कन्हैया ।

ए कहाँ मै जन्मी राधा गोरी वृजकुञ्जमै धूम मचाइ होरी ।

वृजकुञ्जमा .............।

ए गोकुल जन्म्या कृष्ण कन्हैया ।

ए मथुरा मै जन्मी राधागोरी वृजकुञ्जमा .............।

वृजकुञ्जमा ............... ।

ए कति वर्षका कृष्ण कन्हैया ।

ए कति वर्षकी राधा गोरी वृजकुञ्जमा ..........।

वृजकुञ्जमा धूम............... ।

ए बाह्रा वर्षका कृष्ण कन्हैया ।

ए तेह्र वर्षकी राधागोरी वृजकुञ्जमा ...........।

वृजकुञ्जमा ............... ।

ए क्याहा पैरे कृष्ण कन्हैया ।

ए क्याहा पैरे राधागैरी वृजकुञ्जमा .........।

वृजकुञ्जमा ............... ।

ए पिताम्बर पैरे कृष्ण कन्हैया ।

ए मखमल पैरे राधागोरी वृजकुञ्जमा ....................।

वृजकुञ्जमा ............... ।

ए क्याहा चढी  आया कृष्ण कन्हैया ।

ए क्याहा चढी आइन् राधागोरी वृजकुञ्जमा ........।

वृजकुञ्जमा ............... ।

ए रथ चढी आया कृष्ण कन्हैया ।

ए बाहिल चढी आइन् राधागौरी वृजकुञ्जमा ........।

वृजकुञ्जमा ............... ।

## ग. बाँसुरी र मुर्चङ्गा वर्णन

ए मोह भयो तीनै लोक राधेश्याम बजावै वाँसुरी ।

ए श्याम बजाबै बाँसुरी  ।

ए क्याहा बाँसकी बाँसुरी छैला ।

ए क्यहाकी मोरचङ्ग राधेश्याम बजाबै ......।

ए श्याम बजाबै ............।

ए हरिया बाँसकी बाँसुरी छैला ।
ए रुपाकी मुरचङ्ग राधेश्याम बजावै ........... । ए श्याम ............।
ए कै स्वर बज्यो बाँसुरी छैला ?
ए कति स्वर मुरचङ्ग राधेश्याम .......... । ए श्याम .............. ।
ए नौ स्वर बज्यो बाँसुरी छैला ।
ए दश स्वर मुरचङ्ग राधेश्याम ............. । ए श्याम .......... ।
ए मोह भयो तीनै लोक राधेश्याम बजावै बाँसुरी ।

**घ) सामाजिक चेतनामूलक**

ए उठ उठ नेपाली भाइ यो प्यारो नेपालमा ।
ए लौ लौ यो प्यारो नेपालमा ।
ए नर र नारी एक भै बाँचौ ।
ए प्रीतिको फूल फुलाऔं यो प्यारो ......... । ए लौ लौ यो प्यारो ........ ।
ए आलस्य छोडी जाँगर देखाइ ।
ए विकासको मूल फुटाऔं यो प्यारो ........ । ए लौ लौं .............. ।
ए छोरा र छोरी पढ्न पठाइ ।
ए शिक्षाको ज्योति जलाऔं यो प्यारो ........ । ए लौ लौं ............ ।
ए रीस र राग छोड सब ही ?
ए प्रेमको बस्ती बसाऔं यो प्यारो ............ । ए लौ लौ ............ ।
ए छोडी शराव तास आज ही ।
ए कार्थमा धन लगाऔं यो प्यारो ........... । ए लौ लौ ............... ।
ए मेची र काली हिमाल तराई ।
ए झिलिमिलि आज गराऔं यो प्यारो ........। ए लौ लौ .............. ।
ए उठ भाइ हो ! त्याग नीद ही ।
ए सुतेकालाई जगाऔ यो प्यारो नेपालमा । ए लौ लौ ....... ।
ए गरीवलाई न्याय दिलाई ।
ए कानुनीराज गराऔ यो प्यारो ....... । ए लौ लौ .......... ।

### ङ)  विरही गीत

जन फुलेइ जन फुलेइ केवडी फूल पैरने पिउँ परदेश रे लाल ।

ए पैरने पिउँ परदेश रे लाल ।

रात जुनेली पान फुलेली मनमा लाग्छ गुलेली रे लाल ।

ए मनमा लाग्छ गुलेली रे लाल ।

जन फुलेइ जन फुलेइ ..................... । ए पैरने ................।

मनमा चलेको शीतल हावा आगो सरि भै पोल्छ रे लाल ।

आगो सरि भै ................ ।

जन फुलेइ जन फुलेइ ..................... । ए पैरने ................।

विरह व्यथाको चोट निराला मर्म मर्ममा लाग्छ रे लाल ।

मर्म मर्ममा लाग्छ ............... ।

जन फुलेइ जन फुलेइ ..................... । ए पैरने ................।

ढोल बजाइ, अवीर उडाइ, फागुन मास होरी रे लाल ।

फागुन मास होरी रे लाल ।

जन फुलेइ जन फुलेइ ..................... । ए पैरने ................।

लाग्छ उराइठो, बाजो सनाइको जसको पिउँ परदेश रे लाल ।

जसको पिउँ परदेश .................. ।

जन फुलेइ जन फुलेइ ..................... । ए पैरने ................।

सम्झी पियारा रुन्छन विचारा, वर्षाइ आँसुका धारा रे लाल ।

वर्षाइ आँसुका धारा रे लाल ।

जन फुलेइ जन फुलेइ ..................... । ए पैरने ................।

छैन पियारा घरमा मेरा पैरन्या फूलका हार रे लाल ।

पैरन्या फूलका हार रे लाल ।

जन फुलेइ जन फुलेइ केवडी फूल पैरने पिउँ परदेश रे लाल । ए पैरने  पिउँ................।

### ४.१.२ स्थानीय होरी छन्दका आधारमा वर्गीकरण

अछामी होरी गीतहरु विभिन्न १६ वटा छन्दमा रचिएको कुरा डण्डी स्वामीद्वारा लिखित 'होरीको वही' मा उल्लेख गरिएको भए तापनि हालसम्म १४ वटा छन्दमा लिखित गीतहरु मात्र भेटिएको हुँदा १४ वटा छन्दको मात्र वर्णन गरिएको छ । ती हुन-

| | |
|---|---|
| क त्रिपदी छन्द | ख दीर्धतुरा छन्द |
| ग ढढामी छन्द | घ ढुढौची छन्द |
| ङ पौपट छन्द | च चौपदी छन्द |

छ तुर्याली छन्द
ज त्रिभङ्ग छन्द
झ मन्दतुर्या छन्द
ञ मन्दतुरा छन्द
ट मन्दढुढौची छन्द
ठ डेवडी छन्द
ड मन्दगामी छन्द
ढ मन्ददुभंगी छन्द[६६]

**(क) त्रिपदी छन्द**

साथ ऋषिका गमन कियो प्रभु जनक कुमारी विहाइ लियो ।

प्रभु जनक कुमारी विहाइ लियो ।

ए विहा सीताको भई पूर्ण भारी ।

ए जनकले गऱ्याको थियो प्रभु जनक ............. । प्रभु जनक .......... ।

ए जो धनु शिवको ताँदो चढाई ।

ए सोकन सीता दिउ विहाइ प्रभु जनक ........... । प्रभु जनक ......... ।

ए सो सुनी देश देशका राजा आई ।

ए लाइ बल धेर नही उठियो प्रभु जनक ....... । प्रभु जनक ............. ।

ए रावण लागी वाणसुर लागी ।

ए नै उठी धनु रौ भरियो प्रभु जनक ........... । प्रभु जनक ........... ।

ए लाखौं राजा एकैवार लागी ।

ए रौं भरी धनु नै डगियो प्रभु जनक ........ । प्रभु ............ ।

ए बोल्या जनक चिन्ता भै रे ।

ए बुझियो क्षत्री भुइ रितियो प्रभु जनक ..... । प्रभु ........ ।

ए सो बोली मर्ममा बाण झैं लागी ।

ए लक्ष्मण बिन्ति गर्दा उभियो प्रभु जनक .......... । प्रभु ...... ।

ए बिन्ति सुनी सो राम हर्षाइ ।

ए गई धनु जसै छुइयो प्रभु जनक ......... । प्रभु ....... ।

ए भै बज्र स्वर भूमि थरकी ।

ए तीन टुक्रा भै धनु भाँचियो प्रभु जनक ...... । प्रभु ...... ।

ए देखी धनुष् भंग नर नारी ।

ए हर्ष परि बाजा बाजियो प्रभु जनक ......... । प्रभु ....... ।

ए परशुराम आइ झगडा मचाइ ।

ए जाँचि बुझि राम गई खिसियो प्रभु जनक ..... । प्रभु ..... ।

ए थाहा भई दसरथ आइ बराती ।

---

22 xf]/L b]p*f kj{jt\

ए केवल सीता विहाइ लियो प्रभु जनक ........ । प्रभु ....... ।
साथ ऋषिका गमन कियो प्रभु जनक .......... । प्रभु ........ ।

**ख) दीर्घतुरा छन्द**

प्रभु गमन वनका सिधारि भै अयोध्या उजाड हमकी जन छाड । रघुराई हमकी जन छाड ।
ए हरि शरणगत आई हमकी जन छाड । रघुराई ......... ।
ए पहिलो डेरा तमसातिर ।
ए राती पुग्या अधियार हमके जन छाड । रघुराई ......... ।
ए सो नदीतिर प्रजाको भीड ।
ए भोकै सुत्या विआहार हमके जन ......... । रघुराई ........ ।
ए रामले प्रजा देखी दुखाई ।
ए भाग्या हो मारी उफाड हमके जन ......... । रघुराई ........ ।
ए राम नदेखी प्रजा फर्किया ।
ए हाय राम गर्दै पुकार हमके जन .............. । रघुराई .......।
ए सो सुनी दसरथ प्राण त्यागी गया ।
ए गइ छाडी सनिसार हमके जन ......... । रघुराई ............... ।
ए गइ राम जी दोसरी डेरा ।
ए पुग्या गंगा किनार हमकी जन ........ । रघुराई .........।
ए डेरा तेस्रो सोतिर वारि ।
ए तारी भाभीले सो पार हमकी जन ....... । रघुराई ...... ।
ए भारद्वाजका आश्रममा चौथा ।
ए पुग्या प्रयाग मभार हमकी जन छाड । रघुराई ........ ।
ए डेरा पाँचवा चित्रकुटमा ।
ए गई बसी वर्ष दुईचार हमकी जन ....... । रघुराई ..... ।
ए बाल्मिकीजीका आश्रममा रही ।
ए फेरि अगस्तीकाद्वार हमकी जन ........ । रघुराई ....... ।
ए सोधी ऋषि थै कुटी बनाइ ।
ए पञ्चवटी भई तयार हमकी जन ....... । रघुराई ......।
ए काँसकुशकी बनी कुटिया ।
ए बसी सीताराम नार हमकी ............... । रघुराई ........ ।
ए तेह्रवर्ष केवल बिती ।
ए लक्ष्मण थिया सुसार हमकी जन छाड । रघुराई हमकी ....... ।

### ग) ढुढामी छन्द (पंचवटी वर्णन)

ए रङ्गारङ्गी फूलबारी ऐसे लाल रङ्गी फूलबारी । ऐसे लाल रङ्गी फूलबारी ।
सीताकी फूलबारी ऐसे लाल रङ्गी फूलबारी । ऐसे लाल ................ ।
ए रुख पतेली अजम्बर छाई ।
ए फल फूलकी छवि न्यारी ऐसे लाल ........ । ऐसे लाल ............. ।
सीताकी फूलबारी ऐसे लाल................. । ऐसे लाल ................... ।
ए मुलुक देश देश बासना आई ।
ए पञ्चवटी फूलबारी ऐसे लाल................. । ऐसे लाल ................... ।
ए सो सुनी खबर सुपर्णखा आई ।
ए राम देखी मोही न्यारी ऐसे लाल रंगे ......... । ऐसे ..............।
ए मेरा स्वामी होउ भनी वहाँ जाई ।
ए भन्दा राम सुन कुमारी ऐसे लाल ........... । ऐसे ............... ।
ए भाइ कुमार मेरो कुमारी नर्पाइ ।
ए वहाँजाइ भन कुमारी ऐसे लाल ............... । ऐसे ............ ।
ए गई लक्ष्मण पास रामले पठाई ।
ए भन्न लागी सो बिचारी ऐसे लाल ............ । ऐसे ............ ।
ए हो तेरी मेरी जोडी सुहाई ।
ए होउ तिमी स्वामी म नारी ऐसे लाल ......... । ऐसे ............ ।
ए सो सुनी लक्ष्मण बहुतै रिसाई ।
ए नाक काटी दिइ बिगारी ऐसे लाल .............। ऐसे ............. ।
ए गई रुँदी रुँदी त्रिशिर सुनाई ।
ए ल्याई सो भाई गुहारी ऐसे लाल ............... । ऐसे ................।
ए फौज समेत आई गरी लडाई ।
ए रामले केवल मारी ऐसे लाल .................. । ऐसे ............... ।
रंगारंगी फूलबारी ऐसे लाल रंगी फूलबारी । ऐसे ................... ।

### घ) ढुढौची छन्द

रघुवर रामकी देखी सरस व्यौहार कुमार रामकी ।
अरे हाँ हाँ कुमार रामकी ।
ए गाथ साँवर शिलसा नाही ।
ए बुद्धि है बल अपार कुमार रामकी । अरे हाँ हाँ कुमार ........।

ए बुझि विचारी राज्य रामकी ।
ए दिन आँटी सरकार कुमार रामकी । अरे हाँ ........... ।
ए गई गुरु थै विन्ति चढाई ।
ए हेरि दिया दिनवार कुमार रामकी । अरे हाँ ........... ।
ए सुनी सो लोक हषाई भारी ।
ए भै गई सर्जाम तयार कुमार ......... । अरे हाँ ........... ।
ए चित्त नआई द्यौताहरुका ।
ए लाग्या बिगार्नको तार कुमार ......... । अरे ........... ।
ए वाणी पठाई कैकेइ भर्माइ ।
ए लागी सो गर्न विगार कुमार .......... । अरे ........... ।
ए राजा जसैता आई खोपीमा ।
ए निहुँ पारी चरित्र नार कुमार ........... । अरे ........... ।
ए सोधी न पुछी बोली झुकाई ।
ए देऊ वर द्विको अपार कुमार ............ । अरे ........... ।
ए कही राजाले मागन रानी ।
ए दिउ म सो माग्दै हिसार कुमार ....... । अरे ........... ।
ए मागी रानीले भरतको राज्य
ए जाउ राम वन उजाड कुमार रामकी । अरे हाँ ......... ।
ए केवल सुनी बोली रानीकी ।
ए भई राजा विचेत मार कुमार रामकी । अरे हाँ .......... ।
देखी सरस व्यवहार कुमार रामकी ।
रघुवर रामकी देखी सरस व्यवहार कुमार रामकी ।

### ङ) पौपट छन्द

(रावण मारिच पञ्चवटीमा आइ छलकपट गरेको आख्यान)
हरिणा धारै धार, हरिणा धारै धार, हरिणा खाइ वारिको ।
हरिणा धारै धार, हरिणा खाइ वारिको ।
ए सीता माइ हरिणा धपाइ वारिको
रामकी भै गई जाहार खाई वारिको ।
हरिणा धारै धार ..................... ।
ए धनु उठाई दौडी पछाडि वारिको ।
लक्ष्मण रहि रखवार खाई वारिको । हरिणा धारै धार ............. ।

ए हरिणा भेटाइ हान्यो जसई वारिको ।
मऱ्या त भाइ पुकार खाई वारिको । हरिणा धारै धार ............. ।
ए माइले सुनाई लक्ष्मणलाई वारिको ।
बाइजा भनी गुहार खाइ वारिको । हरिणा धारै धार ............. ।
ए सीता माई लक्ष्मणलाई वारिको ।
लाई वचन विगार खाइ वारिको । हरिणा धारै धार ............. ।
ए गई शेष जाई राम भेटाई वारिको
रिस्या राम अपार खाइ वारिको । हरिणा धारै धार ............. ।
ए रावण आई योगीकी नाई वारिको ।
माग्यो त भीख दुवार खाई वारिको । हरिणा धारै .............।
ए सीता माई भिक्षा ल्याई वारिको ।
दिउँ भनि लाग्दा धिसार खाई वारिको । हरिण धारै ................ ।
ए रथ चढाई लैगो उडाई वारिको ।
लैगो लंका मझार खाई वारिको । हरिणा धारै ................... ।
ए फर्की दुई भाइ कुटी पुग्याइ वारिको ।
देखी सो शुन्य भण्डार खाई वारिको । हरिणा धारै ................ ।
ए सीता माई केवल नपाई वरिको
भइ गई राम दु:खार खाई वारिको । हरिणा धारै ............... ।

**च) चौपदी छन्द**

(श्रीराम हरिण मारी फर्कदा कुटीमा  सीता नपाउँदा प्रेम विलापको आख्यान)
हाई जानकी कहाँ गयो मकि छोडित हाइ हाइ हाइ जानकी ।
कहाँ गयौ मकि छोडि त हाइ हाइ हाइ जानकी ।
ए बाहिर हेरी भितरी हेरी हाइ जानकी ।
हेरी कतै नही देखी त हाइ हाइ हाइ जानकी ।
हाइ जानकी कहाँ गयौ .........................।
कहाँ गयौ मकि .......................।
ए कि त चोरी कसैले हरि हाइ जानकी ।
कि त बाघले खाइ त हाइ हाइ हाइ जानकी
कहाँ गयौ मकि ........................।
ए कहाँ देखू तेरो मुहार हाइ जानकी ।

कहाँ सुनू तेरी बोली त हाइ हाइ हाइ जानकी ।
हाइ जानकी कहाँ गयौ ..................।
कहाँ गयौ ......................।
ए कहाँ जाऊँ कहाँ खोजी पाऊँ हाइ जानकी ।
छौ कि कतै यहाँ छिपि त हाइ हाइ हाइ जानकी ।
हाइ जानकी कहाँ गयौ..................।
कहाँ गयौ ....................।
ए कतै न पाइ हिड्या दुई भाई हाइ जानकी ।
रुदै बाटा घाट खोजी त हाइ हाइ हाइ जानकी ।
ए गएका वन खोजी हिड्न हाइ जानकी ।
सोधी रुख बोट झाडी त हाइ हाइ हाइ जानकी ।
ए पशु पंक्षी सोधी सो रसु हाइ जानकी ।
खोजी गाड भिड ढुडी त हाइ हाइ हाइ जानकी ।
ए लेकै लेक खोजी हरेक हाइ जानकी ।
दुसरी लेक जाई पहुचि त हाइ हाइ हाइ जानकी ।
ए देखी गृद्ध जटायु बृद्ध हाइ जानकी ।
भूमि पऱ्याको धाइ त हाइ हाइ हाइ जानकी ।
ए चिन्ही राम देखी बहाम हाइ जानकी ।
गृद्ध बोल्यो कर जोडि त हाइ हाइ हाइ जानकी ।
ए रावण आई रथ चढाइ हाइ जानकी ।
लै गो लंका माई त हाइ हाइ हाइ जानकी ।
ए यति कहि हाल सवही हाइ जानकी ।
गै गो प्राण सो त्यागी त हाइ हाइ हाइ जानकी ।
ए केवल राम दिइ परम धाम हाइ जानकी ।
गृद्ध सौपीरुदै हिडि त हाइ हाइ हाइ जानकी ।
हाइ जानकी कहाँ गयौ मकि छोडी त हाइ हाइ हाइ जानकी ।

### छ) तुर्याली छन्द

(श्री राम वनमा सीताको खोजीमा हिड्दै किष्किन्धापुरीमा पुग्दाको आख्यान)

सोधी हिड्या वनमहाँ छैला जनक दुलारीकी खोजीको ।
ए जनक दुलारीकी खोजीको ।
ए खोजी खोजी धेर दुःख पाई ।

भई नही थाहा केहीको छैला जनक दुलारीकी ...................।

ए जनक दुलारी ................।

ए ऋष्यमुकमा बस्दा थियाइ ................ ।

ए सुग्रीव भाइ बालीको छैला ................।

ए जनक दुलारी ................।

ए आउँदा देखी राम दुई भाइ ।

ए हनुमान निकाली खोजीको छैला ...................। ए जनक दुलारी ................।

ए आई हनुमान राम भेटाई ।

ए लैगो कुम चढाइको छैला ..................। ए जनक ..........।

ए सुग्रीव भेटी गरी मित्यारी ।

ए मीत गरी दु:ख छुटीको छैला ................। ए जनक ................।

ए बालीलाई मारी सुग्रीव रजाई ।

ए दिइ तारा रानी उसैको छैला .............। ए जनक ................।

ए चौमास रामले लेक बसाई ।

ए गई हनुमान खोजीको छैला ..............। ए जनक ................।

ए पदम अठार बानर ल्याई ।

ए भालु, गुना, पृथ्वीको छैला ................। ए जनक ................।

जाँदा देखी रामजी हर्षाई ।

ए निकाली खोज जानकीको छैला ...............। ए जनक ................।

ए हनुमान हात औठी पठाई ।

ए चिनो दिया सो पुगीको छैला ................... ए जनक ................।

ए केवल मर्जी पाई हिड्या ती ।

ए गई खोज सीता माईको छैला ..............। ए जनक ................।

सोधि हिड्या वनमहाँ छैला जनक दुलारीकी खोजीको ।

**ज) त्रिभङ्ग छन्द**

(रावण र रानीको प्रश्नमा दानवहरुको उत्तर)

लाग्यो रावण यो सोधन, हेर जुक्ति छ यहाँको कवन ।

हेर जुक्ति छ यहाँको कवन ।

ए बानर फौज पुगिगै वारि ।

ए आयाको कालकी खोजन । हेर जुक्ति ............हेर .............।

ए सो सुनी बोल्या दानवा भारी ।

ए कत्रो कुरा हो यो देखन हेर जुक्ति ............हेर .............।
ए बसी धरथी मिलि आहारी ।
ए मर्जी हौ सो मारी खावन हेर जुक्ति ............हेर .............।
ए भन्छन् सबैले हाँक बजारी ।
ए तिमी जैऱ्या हाम्रा बात सुनन हेर जुक्ति ............हेर .............।
ए सुनी विभिषण बिन्ती सारी ।
ए यिनका कुरा नाथ न सुनन हेर जुक्ति ............हेर .............।
ए राम प्रभु हुन् होइन मान्छे रे ।
ए तीन थै बैरालो नगर न हेर जुक्ति ............हेर .............।
ए जो दिन बानरले लङ्का पोल्या रे ।
ए उहिल्यै जान्या उनकी यी हुन् भनी हेर जुक्ति ............हेर .............।
ए बोल्या रावण रिसाई भारी ।
ए हानी लात्तीले लाई बचन हेर जुक्ति ............हेर .............।
ए भागी विभीषण दु:खको भारी ।
ए आँटी लिइ प्रभुको शरण हेर जुक्ति ............हेर .............।
ए गइ प्रभुका शरणमा हारी
ए केवल राखी लिया त्यैकन हेर जुक्ति ............हेर .............।

**झ) मन्दतुर्या छन्द**

(अंगदको कर्तव्यदेखी रानी मन्दोदरीले रावणसँग बिन्ती गरेको)

राती गई रणबास रावण, कही सुनाई मन्दोदरी ।
ऐसे कही सुनाई मन्दोदरी ।
ए जो दिन सीता लंकामा आई आई रे
ए सो दिन लागी अलछिन ऐसे कही सुनाई मन्दोदरी । ऐसे.............।
ए जगदम्विका हरी सो ल्याई ल्याई रे ।
ए बीज भई सो नासन ऐसे कही .............। ऐसे..............।
ए शरण परिजा लिई सीता माई माई रे ।
ए सौपिदे श्री रघुनन्दन ऐसे कही .............। ऐसे..............।
ए जो सीता तिर झगडा जाई जाई रे ।
ए तब नही काल कारण ऐसे कही .............। ऐसे..............।
ए नतर स्वामी बांचन नाई नाई रे ।
ए साँची मान सत्य भाषण ऐसे कही .............। ऐसे..............।

ए बिन्ती सुनी मानिले साई साई रे ।
ए हेरी विचारी सो मानन ऐसे कही ..............। ऐसे...............।
ए भनि सुनाई हरेस खाई खाई रे ।
ए लागी मन पछुताउन ऐसे कही ..............। ऐसे...............।
ए केवल बृद्धि अहंकार छाड छाड रे ।
ए लाग्यो रावण यो बोलन ऐसे कही ..............। ऐसे...............।
राती गई रणवास रावण ऐसे कही सुनाई मन्दोदरी ।

**ञ) मन्दतुरा छन्द**

(लक्ष्मणले भालु बानरका साथ प्रस्थान गरेको)

धम्कि गै भालु तमाम, घुइके बानर हो ।
ए कति पुगिगै लङ्गा माई
ए थुनी बाटाघाट गाम घुइके बानर हो । धम्कि गै ..................।
ए सुनी दानवा दगुडी आई ।
ए लङ्का लाग्या जय काम घुइके बानर हो । धम्कि गै ..................।
ए मेघनाद झट्ट पुग्याई ।
ए गर्न थाले संग्राम घुइके बानर हो । धम्कि गै ..................।
ए लक्ष्मण साथ युद्ध मचाई ।
ए भई धेर धुम धाम घुइके बानर हो । धम्कि गै ..................।
ए हानी बाण धनु बजाई ।
ए मेघनाद भै हलाम घुइके बानर हो । धम्कि गै ..................।
ए काटी शिर मेघनादको ।
ए लैगो बाणले उडाम घुइके बानर हो । धम्कि गै ..................।
ए जव सुलोचना देख्न नपाई ।
ए सती गई साथ जाम घुइके बानर हो । धम्की गै ..................।
ए सुनी साई हिक्का खाई ।
ए छाडि दियो मनले ठाम घुइके बानर हो । धम्की गै ..................।
ए 'केवल' फर्की शेष पुग्याई
ए प्रभुकी गरी प्रणाम घुइके बानर हो ।
धम्कि गै भालु तमाम घुइके बानर हो ।

**ट) मन्द ढुढौची छन्द**

(रावणको निधन पछि श्रीरामको स्तुति गान

जय हो जय हो जय हो रधुनाथ प्रभुको जय हो रधुनाथ प्रभुको ।

जय हो रघुनाथ प्रभुको जय हो रघुनाथ प्रभुको ।

रावण मारी लङ्कामा हारी, राज्य विभीषण भै हो

रघुनाथ प्रभुको ................।

सीता माई, अग्नि जलाई, राखी अगेना माझै हो रघुनाथ प्रभुको .........।

जय हो रघुनाथ ............. ।

अग्निकी आँच, नै लागी वाच देखी सीता सत्य नै हो रघुनाथ .......... ।

जय हो .............................।

लिइ निज साथ, श्री रघुनाथ, भई हर्ष दुःख गै हो

रघुनाथ प्रभुको .................। जय हो .................।

बोलाइ किस, दिइ बक्सिस, नाना भाँति लत्याइ हो

रघुनाथ प्रभुको ................. । जय हो ................. ।

वानर भालु, भै खुसियालु गै पाई विदा सबै हो

रघुनाथ प्रभुको ................. । जय हो ................... ।

बीर जाम्बुवान, वीर हनुमान सुग्रीव अनि अंगदै हो

रघुनाथ प्रभुको ............... । जय हो ................... ।

श्री प्रभुसाथ बसी सो रथ गई अयोध्यातिरै हो

रघुनाथ प्रभुको ................. । जय हो ................।

बैसाख छैटी भरत भेटी, गै पुगी दरवारै हो

रघुनाथ प्रभुको ........... । जय हो ............. ।

भेटी सबैले, आनन्द भैले हर्षाया केवल सबै हो

रघुनाथ प्रभुको ........... । जय हो ............. ।

जय हो जय हो जय हो रधुनाथ प्रभुको जय हो रधुनाथ प्रभुको ।

### ठ) डेवडी छन्द

(गोपिनी जमुना घाटमा पानी भर्न जाँदा जे भयो सो को आख्यान)

गै गोपिनी पानी भरन गै गोपिनी पानी भरन ।

ए राखि गागरिया शिर तन, गै गोपिनी ..................। गै गोपिनी ...............।

ए आया कन्हैया देखी ताँहा न गै गोपिनी ..................। गै गोपिनी ...............।

ए पिच्कारी हानौ जोऱ्याइकन गै गोपिनी ..................। गै गोपिनी ...............।

ए गोपिनी गुनी सोजन जान गै गोपिनी ..................। गै गोपिनी ...............।

ए हाँसो हानी हानी श्री नन्दन गै गोपिनी ..................। गै गोपिनी ...............।

ए रंग भिजी सो लागी कामन गै गोपिनी ..................। गै गोपिनी ...............।
ए भागी दगुरी सो गोरी धवन गै गोपिनी ..................। गै गोपिनी ...............।
ए घर घर जाइ पुगी जवन गै गोपिनी ..................। गै गोपिनी ...............।
ए केवल लागि कुरा कहन गै गोपिनी ..................। गै गोपिनी ...............।
गै गोपिनी पानी भरन, गै गोपिनी पानी भर्न ।

**ड) मन्दगामी छन्द**

(गोपिनी दही बेच्न मथुरापुरीमा जाँदा बाटामा ने भयो सो को आख्यान)
गोकुल वारि मथुरा पारि माझ यमुना बही रे बही ।
ए माझ यमुना बही रे बही ।
ए शिर गजुरी मुटुकी धरी बेचन गइ दही रे दही । ए वेचन गई ......................।
ए भै घाट वारि कृष्ण मुरारी थुनी गोपिनी बाँही रे बाँही । ए थुनी गोपिनी ..............।
ए भन्दा हो कान्हा देऊ घाट दान नत्र जवाइ नाही रे नाही । नत्र जवाइ ................।
ए लागी गोपिनी सबै झगडिन ।
क्याहाको दान कही रे कही । ए क्याहाको दान ..................।
ए रीत उल्टाई क्याको चलाई
लेवन दान सही रे सही । लेवन दान सही रे सही ......................।
ए मथुरा जाँऊ कँश सुनाऊ
पाउला स्वाद वाही रे वाही । ए पाउला ....................।
ए केवल कन्हाई, दही लुटाई ।
फोडी मटुकी ताँही रे ताँही । ए फोडी मटुकी ताही रे ताही ।
गोकुल वारि मथुरा पारी माझ यमुना बही रे बही ।

**ढ) मन्ददु भङ्गी छन्द**

(श्री कृष्ण गोपिनीसँग राश रचाउँदाको आख्यान)
वंशी वनबोट रास रचाई कन्हैया, ऐसे रास रचाई कन्हैया ।
ऐसे रास रचाई कन्हैया ।
ए सोह्र हजार गोपिनी हो गोपिनी
उत्ति भया कृष्ण श्याम, महाँ रास रचाई कन्हैया । ऐसे । रास ................।
ए जोडेर हात आफूमा हो आफूमा
नाचन लाग्या सो ठाम महारास रचाई .................। ऐसे .................।
ए बाजी विनायो बाँसुरी हो बाँसुरी ।

बाजी हो बाजा तमाम महारास रचाई ................। ऐसे ................।
ए नाचत ताता थै थै हो थै थै ।
गाई हरि गुण गान महारास रचाई ................। ऐसे ................।
ए देखी हो राम रासकी हो रासकी ।
ब्रह्मा दिइ भई बसकाम महाँरास रचाई ................। ऐसे ................।
ए मोही सवही गोपिका हो गोपिका ।
मोही हो लोक तमाम महारास रचाई ................। ऐसे ................।
ए केवल जय जय कृष्णकी हो कृष्णकी
जय हो राधिका वाम महाँरास रचाई ................। ऐसे ................।
वंशी वन वोट रास रचाइ कन्हैया, रचाई ................। ऐसे ................।

### ४.१.३ विषय वस्तुका आधारमा वर्गीकरण

अछामी होरी गीतहरुलाई विषयवस्तुका आधारमा वर्गीकरण गर्दा निम्न वमोजिम गर्न सकिन्छ (क) श्रृङ्गारिक (ख) पौराणिक (ग) सामाजिक (घ) साँस्कृतिक (ङ) प्रकृति चित्रण (च) चेतना मूलक गरी छ भागमा वर्गीकरण गर्न सकिन्छ ।

**क) श्रृङ्गारिक**

(नायिकाले नदी तारि दिन आग्रह गर्दा माझीले तारको कर स्वरुप के दिन्छयौ भनी प्रश्न गरेको) ।

चुँदरी पारै पार, चुंदरी पारै पार चुंदरी रङ्ग भिजैको
चुँदरी पारै पार, चुंदरी पारै पार चुंदरी रङ्ग भिजैको
घाट घटाला, डुङ्गा तराइ दे, भिजैको
चुँदरी पारै पार, चुंदरी रङ्ग भिजैको। चुदरी पारै पार ...............।
घाटको खेवा, क्या दिन्या गोरी भिजैको
चुँदरी पारै पार, ................। चुंदरी पारै पार ................।
माथ सूर्य फूल, लैजा घटाला भिजैको
चुँदरी पारै पार.............. । चुंदरी ...............।
घाटको खेवा,नै पुग्यो गोरी भिजैको
चुँदरी पारै पार.............. । चुंदरी ...............।
कान कुण्डली, लै जा घटाला भिजैको
चुँदरी पारै पार.............. । चुंदरी पारै पार ...............।
घाटको खेवा, नै पुग्यो गोरी भिजेको
चुँदरी पारै पार.............. । चुंदरी पारै पार ...............।
नाक नथुनी लैजा घटाला भिजैको

चुँदरी पारै पार............... । चुंदरी पारै पार ................।
घाटको खेवा, नै पुग्यो गोरी भिजैको
चुँदरी पारै पार............... । चुंदरी ................।
बाहुली बौदण्ड लै जा घटाला भिजैको
चुँदरी पारै पार............... । चुंदरी ................।
घाटको खेवा, नै पुग्यो गोरी भिजैको
चुँदरी पारै पार............... । चुंदरी ................।

## ख) पौराणिक

(हनुमानले लंकामा रावणको फूलबारीमा गरेको उपद्रव)
भोकको निहुँ हनुमान गै फूलबारीमा
ए हो हौ गै फूलबारीमा
ए केही फल खाई केही झराई ।
झाडी मेवा मिष्ठान्न गै फूलबारीमा । ए हो हो ............।
ए रुख उखाडी भाँची गिराई ।
ए समुद्र फाल्यो बगान गै फूलबारीमा । ए हो हो ............।
ए आई रखबारी रीस बिताई ।
ए हनुमान लाग्यो मदान गै फूलबारीमा । ए हो हो ............।
ए कोही रावणकी गई जनाई ।
सो सुनी भन्यो जवान गै फूलबारीमा । ए हो हो ............।
ए अक्षय कुमार पुग्या झट ही ।
ए गई मारी बानर आन गै फूलबारीमा । ए हो हो ............।
ए गई पुगी झट्ट गरी लडाई ।
ए हनुमानले मार्‍यो जहान गै फूलबारीमा । ए हो हो ............।
ए अक्षय मर्नाको था भै जसै ता ।
ए आयो सोही मेघनाद गै फूलबारीमा । ए हो हो ............।
ए वानर देखी गरी मिच्याई ।
ए हान्यो ब्रह्मका पास गै फूलबारीमा । ए हो हो ............।
ब्रह्मपासमा हनुमान बधाई ।
ए लै गो बाबु देखान गै फूलबारीमा । ए हो हो ............।
उ केवल देखी हनुमानलाई ।
ए लाग्यो रावण हप्कान गै फूलबारीमा । ए हो हो ............।

भोकको निहु हनुमान गै फूलबारीमा ।

### ग) सामाजिक

(धन कमाउन विदेश गएका नेपालीलाई स्वदेशमा आई देशमा नै उन्नती गर्ने सन्देश दिएको सामाजिक चेतनामूलक होरीगीत)

अब नजाऊँ विदेश घर छोडी, अब नजाऊँ विदेश घर छोडी ।
ए नजाऊँ विदेश घर छोडी ।
ए घर महतारी रुन्छिन् धर्धरी ।
ए नजाऊँ भन्दै पुकार नजाऊ विदेश ................। ए नजाऊ ............।
ए फर्केर आई आँसु पुछि द्यौ ।
उ आमाको दिल न तोड नजाऊ विदेश ................। ए नजाऊ ............।
ए आमा तमारी स्वर्ग सिधारी ।
ए पाउला सो समाचार नजाऊ विदेश ................। ए नजाऊ ............।
ए बृद्ध महतारी भन्छिन् पुकारी ।
ए को गर्ला मेरो सम्मार नजाऊ विदेश ................। ए नजाऊ ............।
ए रुन्छिन् सेजकी पिया तमारी ।
ए भन्दै स्वामी न छाड नजाऊ विदेश ................। ए नजाऊ ............।
ए मन मारि मारि के लाउनु सारी ।
ए फाटै लगाई बहार नजाऊ विदेश ................। ए नजाऊ ............।
ए हातको मैलो धनको थैलो ।
ए चाहिँदैन धन अपार नजाऊ विदेश ................। ए नजाऊ ............।
ए साग र सिस्नो घरकै मिठो ।
ए पराइको अन्न-भण्डार नजाऊ विदेश ................। ए नजाऊ ............।
यो देशको माटो मलिलो पारी ।
ए उब्जाऔं अन्न-भण्डार नजाऊ विदेश ................। ए नजाऊ ............।
ए मीठा तर्कारी फलफूल भारी ।
ए  बजारमा अब थुपार नजाऊ विदेश ................। ए नजाऊ ............।
ए बुद्धि विवेक सीप लगाई ।
ए खोल है धन्दा व्यापार नजाऊ विदेश ................। ए नजाऊ ............।
अब नजाऊ विदेश घर छोडी अब नजाऊ विदेश घर छोडी ।

### (घ) साँस्कृतिक

( मथुरामा कृष्ण र गोपिनिहरुले होरी पर्व मनाएको चित्रण )

राधा कन्हैया खेले होरी, बृज राधा कन्हैया खेले होरी ।
वृज राधा कन्हैया खेले होरी ।
ए साथी बटुली घर घर जाई ।
दही र दूधका हण्डा फोरी वृज राधा कन्हैया .......। वृज राधा ......।
ए छ्याप छ्याप गरी बस्त्र भिजाई ।
ए लिइ पिचकारी रङ्ग भरी वृज राधा .......। वृज राधा ......।
ए गोपीका घरमा लुकेर जाई ।
ए खाई दही मख्खन भाँडा फोरी वृज राधा .......। वृज राधा ......।
ए गर्दै उपद्रव बालगोपाल ।
ए गाईका गोठमा गोरु भरी वृज राधा .......। वृज राधा ......।
ए आई सुनाऊ वंशीको स्वर ।
ए गुञ्जीरहेको लोक भरी वृज राधा .......। वृज राधा ......।
ए वृन्दावनमा गोरु चराउँदै ।
ए गर्दथे लीला नानाथरी वृज राधा .......। वृज राधा ......।
ए प्यारा गोपाल छिटै नै आऊ ।
ए छौ तिमी प्यारा प्राण सरी वृज राधा .......। वृज राधा ......।
ए तिम्रा वियोगले तडपिरहेछौँ ।
ए तिम्रै साह्रै मोह परी वृज राधा .......। वृज राधा ......।
राधा कन्हैया खेले होरी वृज राधा कन्हैया खेले होरी ।

### (ङ) प्रकृति चित्रण

( श्रीकृष्णले वसन्त ऋतुमा प्रकृति प्रति मोहित हुदैं राधासित मिलनको आग्रह गरेको )

राधे रमाईला दिन आए, राधे रमाईला दिन आए ।
चारैतिर हरियाली छाए, पंक्षीले प्वाख केलाए,
रमाईला दिन आए,राधे रमाईला ............।
लहरा, कुञ्ज मुनाबीच लुक्दै कोईलीले गीत सुनाए,
रमाईला दिन आए राधे रमाईला दिन आए । ए राधे .....।
कठ्जाई फूलले पवनसित घुम्दै मग मग वास बहाए,

रमाईला दिन ............... । ए राधे ........।
भवँरा, माहुरी, फूलहरु चुम्दै गुञ्जायमान गराए,
रमाईला दिन ............... । ए राधे ........।
ऐसेलु काफल पाकेर लुत्के,रसलेऊ भन्दै बोलाए,
रमाईला दिन ............... । ए राधे ........।
सुन्दर शोभित, वसन्त वनमा, प्रेमीले दिल मिलाए,
रमाईला दिन आए राधे रमाईला दिन आए ।
ए राधे रमाईला दिन आए ।
जाऊ न राधे सुन्दर वनमा फलफूलले निम्ता गराए,
रमाईला दिन आए राधे .........।
ए राधे रमाईला दिन आए ।

**(च) ऐतिहासिक**

(ऐतिहासिक पृष्ठभूमि केलाई वर्तमानमा राष्ट्र निर्माणमा जुट्न आग्रह गरिएको )
मातृभूमिको रक्षाँकन अब आओ नेपाली फर्किकन ।
अब आओ नेपाली फर्किकन ।
ए विश्वभरिमा नाम चिनायौ ।
ए 'वीर नेपाली' भनिकन अब आओ ............। अब..........।
ए विश्वका ठूला शक्तिका सानमु ।
ए लड्यो नेपाली डटीकन अब ............। अब आओ.........।
ए  अंग्रेज भागे जर्मन भागे ।
ए गोर्खाको हाँक सुनिकन अब आओ ............।  अब आओ....।
ए बन्दुक तोप भागे डराई ।
ए नाङ्गो खुकुरी देखिकन अब आओ ........। अब आओ....।
ए गोर्खाली वीर सतलजका तिर ।
ए काँगडा किल्ला नाघिकन अब आओ ........। अब आओ....।
ए पुग्यो नेपाली मलाया पारी ।
ए जर्मनी, जापान, चीन पन अब आओ ........। अब आओ....।
ए वीरको खुन नसामा हाम्रो ।
ए को भन्दा कम् छौं हामी भन अब आओ ........। अब आओ....।
ए छोडी विदेश फर्क झट ही ।
ए देश विकास गर्नाकन अब आओ ........। अब आओ....।

ए पौरखी हात बाँधी न राख ।
ए बाटा र घाटा खन खन अब आओ नेपाली फर्किकन ।
अब आओ नेपाली फर्किकन ।

### (छ) चेतना मूलक

(समाजका विकृति र विसङ्गति हटाएर सकारात्मक कार्य गर्न प्रेरित गरिएको)

ए उठ उठ नेपाली भाइ यो प्यारो नेपालमा ।
ए लौ लौ यो प्यारो नेपालमा ।
ए नर र नारी एक भै बाँचौ ।
ए प्रीतिको फूल फुलाऔं यो प्यारो ..............। ए लौ लौ ............।
ए आलस्य छोडी जाँगर देखाई ।
ए विकासको मूल फुटाऔं यो प्यारो ..............। ए लौ लौ ............।
ए छोरा र छोरी पढ्न पठाई ।
ए शिक्षाको ज्योति जलाऔं यो प्यारो ..............। ए लौ लौ ............।
ए रीस र राग छोड सब ही ।
ए प्रेमको बस्ती बसाऔ यो प्यारो ..............। ए लौ लौ ............।
ए छोडी शराव तास आज ही ।
ए कार्यमा धन लगाऔ यो प्यारो ..............। ए लौ लौ ............।
ए मेची र काली हिमाल तराई ।
ए झिलिमिलि आज गराऔ । यो प्यारो ..............। ए लौ लौ ............।
ए उठ भाइ हो त्याग नीद ही ।
ए सुतेकालाई उठाऔं यो प्यारो ..............। ए लौ लौ ............।
ए गरीबलाई न्याय दिलाई ।
ए कानुनी राज गराऔं यो प्यारो नेपालमा ।
ए लौ लौ यो प्यारो नेपालमा ।

## ४.२ होरी गीतको विश्लेषण

होरी गीतको विश्लेषण गर्दा तीनवटा आधारमा गर्न सकिन्छ ।
१) तत्वगत विश्लेषण (२) अर्थगत विश्लेषण (३) विषयगत विश्लेषण ।

## ४.२.१ तत्वगत विश्लेषण

तत्वगत विश्लेषण गर्दा यसमा रहेका आन्तरिक तत्वहरुलाई केलाई विश्लेषण गर्नु पर्ने हुन्छ । जस्तै (१) भावात्मकता (२) लयात्मकता (३) भाषाशैली (४) अलङ्कार प्रयोग ।

## ४.२.१.२ भावात्मकता

अछामी होरी (डेउडा) गीतमा प्रसङ्गवश विभिन्न भावहरु आएका हुन्छन् । विशेष गरेर पौराणिक ग्रन्थहरुलाई आधार मानी होरी गीतहरुको रचना भएको हुँदा उक्त ग्रन्थहरुको मूल भाव नै यी गीतहरुमा आएको हुन्छ । व्यक्त मुख्य भावहरु जस्तै :

**(क) विरह भाव-**

विरह भावको प्रयोग पञ्चवटीबाट रावणले सीतालाई हरण गरिसकेपछि राम लक्ष्मण फर्केर आई कुटी शुन्य देख्दा प्रकट भएको छ । जस्तै:

हाइ जानकी कहाँ गयौ म कि छोडि त हाइ हाइ हाइ जानकी
ए भितरी हेरी, बाहिर फेरी हाइ जानकी
हेरी कतै नही देखी त हाइ हाइ हाइ जानकी ।
ए कित चोरी कसैले हरी हाइ जानकी
कि त बाघले खाइ त हाइ हाइ हाइ जानकी ।

उपर्युक्त पंक्तिमा रामले सीतालाई कतै नभेट्दा शोक विह्वल हुँदै हाय जानकी ! तिमी मलाई छोडेर कहाँ गयौं ? कुटी बाहिर वा भित्र सबै ठाउँहरु खोजी सकें तर कतै पनि नदेख्दा कि त चोरले हरण गऱ्यो कि त बाघले खायो । के भयो भन्न सकिने अवस्था छैन भनेर शोकले आकुल व्याकुल भएका छन् ।

- जन फुलेइ जन फुलेइ केवडी फूल पैरने पिउ परदेश  रे लाल ।

यसमा नायिकाले आफ्नो प्रियस्वामी परदेशमा भएकोले हाल फुलेर माला लगाउने व्यक्तिको अभावमा बरु तिमीले नफुलेपनि हुन्छ भनेर प्राकृतिक सुन्दरताप्रति पनि कुनै मोह नरहेको विरही भाव प्रकट भएको छ ।

ख) शोक भाव -

पीडा वेदनाको कारण शोक भाव प्रकट हुन्छ । रावणले सीताजीको हरण गरी सके पछि रामलक्ष्मणले सारा जङ्गल खोज्दै रुख विरुवा, चरा चुरुङ्गीलाई सोध्दै हिडेको एक दृष्टान्त प्रस्तुत छ ।

सोधी हिड्दा वन महाँ छैला जनक दुलारीकी खोजीको ।
ए खोजी खोजी धेर दु:ख पाई ।
भई नही थाह केहीको छैला जनक  दुलारीको खोजीको ।

उक्त गीतमा रामचन्द्रले जङ्गलका सारा चराचरलाई सोध्दै हिडेको तथा कहीं कतै पनि पत्तो नपाउँदा अति दु:खको सामना गर्नु परेको व्यथा प्रकट भएको छ ।

ग) **वात्सल्य भाव-**

बालकहरुप्रति आमाको ममतालाई वात्सल्य भाव भनिन्छ । अछामी होरी गीतमा श्री कृष्णको बाललीलाको वर्णनका क्रममा माता यशोदाको मनमा वात्सल्य भाव उत्पन्न भएको छ । जस्तै:

श्रीकृष्ण लालकी जय भन जव लागिन् यशोदा दही मथन ।
ए सुनी मथन लालजी आई ।
लाग्य सो नौनी झट मागन जव लागिन् यशोदा दही मथन ।
ए भन्दी सो माई दही नौनी नाई ।
दिन्छु पख पख पख न जव लागिन् यशोदा ........... ।

उक्त गीतमा यशोदा मैयाले दही मथन गर्न लागेका बेला श्रीकृष्णले दही नौनी मागेको सुनी यशोदाले प्रेमपूर्ण वचनले 'पख एकछिन पछि दिन्छु' भनेर पर्खाएकी छिन । तर कृष्णको बालहठले नमानी रिसाएर ढुङ्गाले हिर्काएको कुरा उल्लेख छ । यसरी उक्त गीत मार्फत यशोदा माताको वात्सल्य भाव उजागर भएको छ ।

**घ) क्रोध भाव-**

जव कसैले आफ्नो अहित हुने कार्य गर्दछ तव उसमा क्रोधको भाव जागृत हुन्छ । अछामी होरीका सन्दर्भमा जव विभीषणले रावणलाई राम भगवान हुन उनीसित शत्रुता गर्नु हुँदैन भन्ने बिचार प्रकट गरे । तव रावणले रिसाएर लात्तीले हानेको प्रसङ्ग यस्तो छ ।

ए सुनी विभीषण विन्ती सारी ।
यिनका कुरा नाथ न सुन हेर जुक्ति छ यहाँको कबन ।
राम प्रभु हुन होइन मान्छे रे ।
तिन थैं बैरालो न गरन हेर जुक्ति छ यहाँको कबन ।
जो दिन बाँनरले लंका पोल्या रे ।
उहिल्यै राया उनकी यी हुन भनी हेर जुक्ति छ ......... ।
बोल्या रावण रिसाई भारी ।
हानी लात्तीले लाई बचन हेर जुक्ति छ यहाँ .......।

यसमा रावणले सीता हरण गर्दा सुग्रीवको बानर सेना सहित रामले लंकामा चढाई गरेको खवर पाएपछि लंकामा रावणले दरवारमा परिवारजन भेला भई जुक्ति सोच विचार गर्ने क्रममा रावणका भाइ बिभीषणले राम साक्षात् बिष्णुको अवतार भएको र उनीसित शत्रुता गरेमा हाम्रो कल्याण नहुने, उक्त कुरा सामान्य वानरले लंका जलाइदिएबाट प्रमाणित भएको विचार प्रकट गर्दा रावण रिसले

चूर भई विभीषणलाई लात्तीले हानी अपमानित गरेर लंङ्काबाट निकालिदिएको हुँदा रावणमा क्रोधको भाव प्रकट भएको छ ।

**ङ) हास्य भाव-**

जव मानिसमा अस्वभाविक बोलीचाली र हाउभाउ प्रकट हुन्छ, तव हास्य भाव जागृत हुन्छ । अछामी होरीमा यस प्रकारको भाव होरीको समापनका क्रममा हुन्छ । समापनको दिनमा चीर दाह गरिसकेपछि सबैले हातमा हातमिलाई डेउडाको तालमा पैदल मिलाई दुई समुहमा विभाजित हुन्छन् । एउटा पक्षले गाउँका भद्र भलादमीका नाम पुर्कादै जान्छ र अर्को पक्षले 'होरी विसना हो होरी विसना' भन्दछ । फेरी प्रथम पक्षले 'तम कै को निम्तो' भन्दछ । दोस्रो पक्षले उही 'होरी विसना हो होरी विसना' भन्दछ ।

| पहिलो समूह | दोस्रो समूह |
|---|---|
| ए राजा रामउ होरी विसना | होरी विसना हो होरी विसना |
| ए तम कै को निम्तो होरी विसना | ए होरी विसना हो होरी विसना |
| ए सीताको निम्तो " | " " " |
| ए माठा गाउँ मुखियाउ " | " " " |
| ए तम कै को निम्तो " | " " " |
| ए सालीको निम्तो " | " " " |
| ए ......... भण्डारी " | " " " |
| ए तम कै को निम्तो " | " " " |
| ए सासुको निम्तो " | " " " |
| ए यही थी बोलाइ दिउ " | " " " |

यस प्रकार गाउँका भद्र भलादमीलाई सासुको निम्तो अर्थात सासुले सहवासका लागि आग्रह गरेको विकृत सम्वाद बोलिन्छ तब हाँसोले पूरा माहौल गुञ्जायमान हुन्छ । यसरी होरी गीतमा हास्य भावको जागृत हुन्छ ।

**च) विस्मय भाव -**

कुनै आश्चर्यको घटना घटित हुँदा विस्मयको भाव प्रकट हुन्छ । अछामी होरी गीतमा राम लक्ष्मण पञ्चवटीमा छँदा रावणले छल गरेर सीताजीलाई गर्दा राम लक्ष्मणमा विस्मयको भाव प्रकट भएको छ । जस्तै :

हाइ जानकी कहाँ गयौ म कि छोडि त हाइ हाइ हाइ जानकी ।
कि त चोरी कसैले हरी हाइ जानकी
कि त बाघले खाइत हाइ हाइ हाइ जानकी ।
कहाँ देखूं तेरी मुहार हाइ जानकी

कहाँ सुनू तेरी बोली त हाइ हाइ हाइ जानकी ।

हे जानकी ! तिमी मलाई छोडेर कहाँ गयौ कि त चोरले हरण गऱ्यो या बाघले खायो । तिमी अचानक कहाँ हरायौं ? अब तिम्रो मुहार कहाँ देख्न पाइएला, तिम्रो बोली कहाँ सुन्न पाइएला ? भन्दै विस्मय भाव प्रकट गरेका छन् ।

**छ) जुगुप्सा भाव -** कुनै व्यक्ति प्रति घृणाको भाव प्रकट भयो भने जुगुप्सा भाव भनिन्छ । अछामी होरी गीत यस्ता जुगुप्सा भावका धेरै उदाहरण पाइन्छन् ।

जस्तै -

ए धिक्कार ! तेरो जन्म कुजाति ।
कै नरको दूत सरसाई गर अव भन जैऱ्या लुच्चा खर खर

सीताको खोजीमा हनुमान लंकामा गई रावणसित भना भन हुँदा रावणले तँ बानर जाति भएकोले तँलाई भिक्कार छ भन्दै कुन मानिसको दुत होस् ए लुच्चा पाजी ! खर खर भन्दैजा, भन्दा हनुमानको जवाफ यस्तो छ ।

ए धत्तेरी पाजी ! पुलस्त्यका नाति !
क्या जानी रामकी मान्छे नर अव सुन जैऱ्या लुच्चा खर खर ।

अर्थात हनुमानजी भन्छन्, धत्तेरी पाजी तँलाई राम्ररी चिनेको छु तँ पुलस्त्यको नाति होस् तर तैले रामलाई के चिनेको छस् । रामलाई मान्छे भनेर चिन्नु तेरो भूल हो । ए पाजी ! लुच्चा तँ सुन्दै जा म आफ्नो वयान गर्छु भनेर उही घृणाका शब्दहरुले सम्बोधन गर्दछन् । यहाँ उक्त सम्वादमा जुगुप्सा भाव प्रकट भएको छ ।।

**ज) रति भाव -** नायक र नायिकाबीचको प्रेमार्कषणलाई रति भनिन्छ । अछामी होरी गीतमा यस किसिमका रतिरागका धेरै उदाहरणहरु पाइन्छन् । जस्तै :

(बन वैरिनी बाँसुरी बाजी रे)२
ए सुन सुन हाइ हाइ मुरलीको स्वर
लै गो कलेजी काटी रे बन बैरीनी बाँसुरी बाजी रे ।
ए विरहीकी आगी मनमा लागी ।
भटकन लागी छाती रे बन बैरिनी बाँसुरी बाजी रे
ए जाऊँ जाऊँ सखी सोही बनमा
खरी सौराइ लागी रे बन बैरिनी बाँसुरी बाजी रे ।

श्रीकृष्णले वनमा बाँसुरी बजाएपछि बाँसुरीको धुनमा मोहित हुँदै गापिनीहरु भन्छिन् , 'हे सखी हो ! बनमा बाँसुरीको धुन बजिरहेको छ । हामीलाई अत्यन्त पीडा दिने खालको सो धुन हाम्रो बैरी जस्तै छ । हे सखी हो सुन न कति राम्रो मुरलीको स्वर । यसले हाम्रो कलेजी काटेर लगी सक्यो अर्थात

मुटु चुड्ने गरी बाँसुरी बजाएको छ । मनमा विरहको आगो लागेको छ, अनि मुटुको धड्कन पनि बढिरहेको छ भन्दै कृष्णलाई भेट्न गोपिनीहरु आकूल व्याकूल छिन । हे सखी हो त्यस वनमा जाऊँ न भेट गर्ने उत्कण्ठा अत्यन्त जागृत भइरहेको छ । यसरी कृष्णको मुरलीले गोपिनीहरुमा रतिराग उत्पन्न भएको छ ।

**झ) डर भाव-**

सम्भावित हानी वा दु:ख पीडाका कारण मनमा उत्पन्न हुने संवेगलाई डर भनिन्छ । अछामी होरीमा डर भावका उदाहरणहरु भेटिन्छन् जस्तै :

नन्दका छोरा अभिमानी, मकी भरी लिन दे जलपानी ।
ए बेर भई हो घाट छाडि दे ।
घर मेरी सासु रिसान्नी मकी भरी लिन दे जलपानी ।
नन्द रिसाउली मकी खिस्याउली ।
हाँसन्नी जेठानी देवरानी मकी भरी लिन दे जलपानी ।

उपर्युक्त गीतमा श्रीकृष्णले गापिनीहरुलाई पँधेरामा बाटो छेक्दा गोपिनीहरु बाटो छोडिदिन आग्रह गर्दै भन्छिन । ए नन्दको छोरा तिमी अभिमानी रहेछौं तिमीले विनाकारण हाम्रो बाटो छेक्दै छौ । यसरी बाटो छेक्दा हामी समयमा पानी लिन सक्दैनौ । कृपया हाम्रो बाटो छोडि हामीलाई पानी लिन देऊ । पानी लिन ढिला भयो भने घरमा सासु रिसाउनु हुन्छ । नन्द पनि मेरो खिसी गर्ली जेठानी र देवरानीहरु हाँस्दै मेरो खिल्ली उडाउनेछिन । त्यसैले तिमीले हाम्रो बाटो छोडिदिनु पर्छ । यसरी गोपिनीहरुमा ढिलो जाँदा आफुप्रति हुने दुर्व्यवहारको आशंकाको कारण डरको भाव पैदा गरेको छ ।

## ४.२.१.२ लयात्मकता

प्राय: जस्तोसुकै गीतहरुमा पनि लयात्मकता हुने गर्छ । लय अथवा राग तालले गीतलाई सङ्गीतमयता प्रदान गर्छ । अछामी होरी गीतहरु पनि सङ्गीतकोसाथमा गाइने तथा नाचिने हुँदा यसमा लयात्मकता पाइन्छ । यी गीतहरुमा जस्तो आफ्नै किसिमको स्थानीय छन्द प्रयोग भएको हुन्छ । जस्तै - पौपट, त्रिपदी, चौपदी, मंन्दतुर्या, ढुढौती, ढुढामी आदि । ती मध्ये पौपट छन्दको उदाहरण प्रस्तुत छ ।

हरिणा धारै धार हरिणा खाइ बारिको ।
सीता माई हरिणा धपाई बारिको ।
रामकी भै गो जहार खाइ बारिको । हरिणा धारै धार ........ ।
धनु उठाइ दौडि पछाडि बारिको
लक्ष्मण रही रखवार खाइ बारिको ।

हरिणा धारै धार हरिणा खाइ बारिको ।

उक्त गीतमा माई-धपाई, जहार-रखवार आदि शब्दहरुमा अन्त्यानुप्रास योजनाले गीतलाई लयात्मकता प्रदान गरेको छ ।

### ४.२.१.३ भाषाशैली

अछामी होरीको उद्‌गम स्थल कुमाउँ गढवाल भएकोले प्रारम्भिक गीतहरुमा कुमाउँनी भाषिकाको प्रभाव रहेपनि पछिका गीतहरु अछामी भाषिकामा रचिएको थिए । होरी गीतका रचयिता केवल गिरी मूलत हिन्दी भाषी भएपनि उनले सबै गीतहरु अछामी भाषिकामा नै रचना गरेका छन् । यदाकदा हिन्दी भाषाको पनि प्रयोग गरिएको पाइन्छ ।

क) अछामी भाषिका प्रयोग

भनासुनी भई हरथर अब भन जैऱ्या लुच्चा खर खर ।
ए कसले पठाइ आइ तु कहाँ ?
कहाँ थै आइ रे बानर अब भन जैऱ्या लुच्चा खर खर ।
ए सुग्रीवले हो पठाइ यहाँ ।
ए किष्किन्धा थै आयाँ निशाचर अब सुन जैऱ्या लुच्चा खर खर ।
ए कसको दूत होइ कसुप आई ।
कौन काम यहाँ आइ बानर अब भन जैऱ्या लुच्चा खर खर ।
ए रामको दूत हुँ अन्जनी माई ।
आयाँ सीतामाइका खबर अब सुन जैऱ्या लुच्चा खर खर ।

उक्त गीतमा अछामी भाषिकाका शब्दहरु हर थर (हर प्रकारको), जैऱ्या (क्षुद्रतावाची शब्द जाबो), लुच्चा (कन्जुस), खरखर (फटाफट), तु (तिमी), कहाँ थै (कहाँबाट), बानर (बाँदर) किष्किन्धा थै (किष्किन्धाबाट) आँया (आएँ) होइ (होस्), कसुप (किन) आदि शब्दहरु प्रयोग भएका छन् ।

**ख) हिन्दी भाषा प्रयोग**

किजिए कृष्ण मुरारी प्यारे लाल हमके वस्त्र दिजिए ।
ए वस्त्र दिजिए दया किजिए
मकर मासकी पानी धेरै ठण्डी ।
काटी खाउ जल भारी प्यारे लाल हमके वस्त्र दिजिए ।
ए वस्त्र दिजिए दया किजिए
थरथर कामी मेरी शरीर
दन्त बाजी टकटक गरी प्यारे लाल हमके वस्त्र दिजिए ।

उक्त गीतमा हिन्दी कतै नेपाली भाषाका शब्दहरु प्रयोग गरी खिचडी भाषा तयार भएको छ । जस्तै: मकरमासकी पानी धेरै ठण्डी ।

### ४.२.१.४ अलङ्कार प्रयोग

अलङ्कार विनाको रचना अपाङ्ग जस्तै हुन्छ । अलङ्कारले रचनालाई जीवन र शोभा दिन्छ । नेपाली साहित्यका अन्य विधाहरु जस्तै अछामी होरी गीतमा पनि विभिन्न अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**अ) शब्दालङ्कार**

**क) उपमा-**

तीनही लोकको बस्ती बसाई।

आफु फिरे जैसे डण्डोला शिव नाचे सदाशिव बम भोला ।

यहाँ तीन लोकको बस्ती बसाउने शंकरजी आफु फिरन्ते जस्तै घुम्दै हिडेको प्रसङ्गले शिवजीलाई फिरन्तेको उपमा दिइएको छ ।

अर्को उदाहरण-

फागुनमास होरीकी नाई (होरीको जस्तै)

रक्त बही लाल रङ्ग सरी हरि लंकामहाँ पहुची परी ।

अर्थात फागुनको महिनामा होरीको जस्तै गरी रातो रङ्ग बग्छ त्यसरी नै राम रावणको युद्ध हुँदा लंकामा रगतको खोलो बगेको छ भनेर मानव रगतलाई होरीको रङ्गको उपमा दिइएको छ ।

### ख) रुपक अलङ्कार

घोर सङ्गाम भई लडाई ।

वर्षा हतियार लागी झरी हरि लंकामहाँ पहुँची परी ।

अर्थात राम रावणको घोर सङ्ग्राम हुँदा हतियारको वर्षा भएको प्रसङ्गमा रुपक अलङ्कार प्रयोग भएको छ ।

**ग) अनुप्रास अलङ्कार**

होरी गीतहरुमा अनुप्रास अलङ्कारको प्रयोग सबै ठाउँमा भएको पाइन्छ । जस्तै :

(१) तपसीका दुई भाइ आई रे ।
गढ लङ्कामा धूम मचाई रे ।

(२) रावण मारी, लङ्कामा हारी राज्य विभीषण भै हो
रघुनाथ प्रभुकी जय हो रघुनाथ प्रभुकी

(३) सीता माई अग्नि जलाई राखी अँगेना माझै हो

रघुनाथ प्रभुकी जय हो ! रघुनाथ प्रभुकी ।

उपर्युक्त पंक्तिहरुमा आई रे, मचाई रे मा अन्त्यानुप्रास छ । त्यसै गरी मारी-हारी, भै हो-जय हो, माई-जलाई, माफै हो-जय हो आदि शब्द जोडीहरुमा अन्त्यानुप्रासको सुन्दर प्रयोग भएको छ ।

वन बैरिनी बाँसुरी बाजी रे, वन वैरिनी बाँसुरी बाजी रे ।

यहाँ 'ब' वर्णको पटक पटक आवृति भएकोले वृत्यानुप्रास छ ।

**आ) अर्थालङ्कार**

**क) श्लेष अलङ्कार**

श्लेष अलङ्कारमा एउटै शब्दले दोहोरो अर्थ दिन्छ । जस्तै :

राम चरण चित्त दे दे दे ।

केवलानन्दी ले ले ले ।

उक्त पंक्तिहरुको पहिलो अर्थ प्रभु रामको चरणमा आफ्नो मनलाई अर्पण गरेमा वास्तविक आनन्द लिन सकिन्छ । अर्को अर्थ- होरी गीतका रचनाकार केवल गिरीको नन्दी नाम गरेकी एउटी युवतीसित प्रेम सम्बन्ध थियो त्यसैले उनले रामको चरणमा मनलाई अर्पण गर्दै केवल गिरीले नन्दीलाई अपनाउनु पर्छ भन्ने रहेको छ । भनिन्छ- केवल गिरी नाम गरेका डण्डी स्वामीले उक्त कन्यासित विहे गरी घरजम गरेका थिए ।

## ४.२.२ अर्थगत विश्लेषण

होरी गीतमा रहेको शब्दशक्तिलाई आधारमानी निम्न तीन प्रकारले अर्थगत विश्लेषण गर्न सकिन्छ ।

**१. अभिधार्थ**

**२. लक्ष्यार्थ**

**३. व्यङ्ग्यार्थ**

### ४.२.२.१ अभिधार्थ

होरी गीतमा रहेका शब्दहरुले साधारण कोशीय अर्थ प्रकट गरेमा त्यस्ता गीतलाई अभिधात्मक होरी गीत भनिन्छ । त्यस्ता गीतहरुमा कुनै विम्ब, प्रतीक, लक्ष्यार्थ वा व्यङ्ग्यार्थ नभएर सरल रुपमा अर्थ स्पष्ट हुन्छ । जस्तै:

केशरी पवन कुमार गई पारी सीता खोजीको ।

ए धरी रुप सानु रातीको जानु खोजीको

पहँची लङ्का मफार सीता खोजीको ।

वहाँ नपाई फर्केर आई खोजीको

आइ विभीषण दर्वार सीता खोजीको ।

यहाँ सीतको खोजीमा हनुमान लंकामा जाँदा सानो रुप धरेर रातको समयमा लंकाको हरेक ठाउँ खोज्दै विभीषणको दर्वारमा पुगेको कुरा उल्लेख छ । प्रस्तुत शब्दहरुले पनि सोही कुरा दर्शाएकोले यहाँ अभिधार्थ छ ।

## ४.२.२.२ होरी गीतमा लक्ष्यार्थ

शब्दहरुको साधारण अर्थले सन्दर्भ बुझाउन नसकेमा त्यसलाई अर्के अर्थमा बुझ्नु पर्ने हुन्छ । उक्त दोस्रो अर्थलाई लक्षणा अर्थ भनिन्छ । होरी गीतहरुमा यस्तो लक्षणा अर्थ दिने गीतहरु प्राय:कमै भेट्छिन्छन् ।

एउटा उदाहरण-

नायिका- चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।
घाट घटाला डुङ्गा तराइ दे भिजैको,
चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

माझी- घाटको खेवा क्या दिने गोरी भिजैको,
चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

नायिका- माथ सूर्यफूल लैजा घटाला भिजैको,
चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

माझी- घाटको खेवा नही पुग्यो गोरी भिजैको,
चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

नायिका- नाक बेसरी लैजा घटाला भिजैको,
चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

माझी- घाटको खेवा नही पुग्यो गोरी भिजैको,
चुँदरी पारै पार चुँदरी रङ्ग भिजैको ।

प्रस्तुत गीतमा एउटी महिलाले माझीसित नदी तारिदिन आग्रह गर्दा माझीले नदीको महसुल के दिन्छ्यौ? भनी प्रश्न गर्छ । महिलाले आफुले लगाएको गहनामध्येको शिरमा लगाउने सूर्यफूल लैजाऊ भन्छे । तर माझीले उक्त सूर्यफूलले महसुल पुगेन भन्दै उसको यौवनमा आँखा लगाएको हुनाले उसले ‘के दिन्छ्यौ’ को अर्थ लक्षणामा बुझ्नु पर्छ । फेरि नायिकाले नाकमा लगाउने बेसरी लैजाऊ भन्छे । माझीले फेरि पनि पुगेन भन्दै जान्छ । यसरी एकातिर महिलामाथि हुने गरेको यौनशोषणलाई पनि चित्रण गरेको छ भने अर्कातिर साहित्यिक दृष्टिकोणले हेर्ने हो भने माझीको कथन लक्षणार्थ छ ।

### ४.२.२.३ होरी गीतमा व्यङ्ग्यार्थ

शब्दशक्तिको तेस्रो प्रकार व्यङ्ग्यार्थ हो । व्यङ्ग्यार्थ भनेको बाङ्गो अर्थ हो । जव वक्ताको कथनको अभिधा र लक्षणाबाट सन्दर्भ बुझाउन सकेन भने व्यङ्ग्यार्थबाट बुझ्नु पर्छ । होरी गीतमा यदाकदा यस्ता कथनहरु प्रकट हुन्छन् । जस्तै :

तिमी कहाँ छियाउ बेली कन्हैया
ए घुम्टी नखोल मथै नबोल
नलाग मथै छेक्डान तिमी कहाँ छियाउ बेली कन्हैया
ए जाउ वहाँ त जहाँ काट्यौ रात ।
छ क्या काम तिम्रो हामी साथ तिमी कहाँ छियाउ बेली कन्हैया ।

उपर्युक्त गीतमा गोपिनीले कृष्णको प्रेममा शङ्का गर्दै भन्छिन्, 'तिमी हिजो कहाँ गएका थियौ ? मैले रातभरी बाटो हेरी बिताएँ । अव तिमी मसित नबोल, मेरो घुम्टो खोलेर मुख पनि नहेर । किनकि तिमीलाई त म भन्दा प्यारी कोही अन्य रहेछ । अब तिम्रो हामीसित के काम ? जहाँ रात विताएका थियौ उतै जाउ ।' उक्त भनाइको सोझो अर्थ यो भए तपनि व्यङ्ग्यार्थमा हेर्दा गोपिनीको भनाइको आशय कृष्णले आफुभन्दा अरुसित बोल्नु हुँदैन र अन्त कतै जानु हुँदैन भन्ने हो । त्यसैले उक्त गीत व्यङ्ग्यार्थ प्रस्तुत गरिएको छ ।

## ४.२.३ विषयगत विश्लेषण

होरी गीतहरु विभिन्न विषयवस्तु समेटेर रचना गरिएकाले यहाँ ती विषयवस्तुको आधारमा विश्लेषण गर्नु सान्दर्भिक हुन्छ ।

### ४.२.३.१ होरी गीतमा भक्ति/स्तुति

#### क) शिव स्तुति

(आध्यात्मिक भाव समेटिएको होरी गीत)
शिवजीको पूजा लागी रे सदाशिवजीको पूजा लागी रे ।
ए दूध अक्षता शक्कर पूजा
पूजा कर हो मनाइ रम्भा सदाशिवजीको पूजा लागी रे ।
ए क्याहाको पूजा क्याहाको पान
बेल पत्ति शक्कर पूजा रे सदाशिवजीको पूजा लागी रे ।

अर्थात शिवजीको पूजाको लागी पान, बेपत्ती, शक्कर, दूध, अक्षता आदि सर्जाम जुटाएर पूजा गरिने प्रसङ्ग उल्लेख छ ।

**ख)** **राम स्तुति**

(राम भक्तिमा आधारित आध्यात्मिक गीत)

जय हो! जय हो!! जय हो!!! रघुनाथ प्रभुकी जय हो, रघुनाथ प्रभुकी ।

रावण मारी, लङ्कामा हारी राज्य विभीषण भइ हो

रघुनाथ प्रभुकी जय हो, रघुनाथ प्रभुकी ।

सीता माई अग्नि  जलाई राखी आगाका माभ्कै हो

रघुनाथ प्रभुकी ...................... ।

उक्त गीतमा लंकामा विजय गरी सीतालाई ल्याएर फर्केका रामको स्तुतिगान गर्दै रघुनाथ प्रभुको जय जयकार गरिएको छ । जसले रावणलाई मारेर लंकालाई हराएर विभीषणलाई राजगद्दी सम्पेर फर्केका रामचन्द्रको जय होस् । जसले आगो बालेर आगाको बीचमा सीतालाई राखेर अग्नि परीक्षा गरी अयोध्यामा फर्काए ती रघुकुलका मालिक रामचन्द्रको जय होस् भनिएको छ ।

**ग)** **कृष्ण स्तुति**

(कृष्ण भक्तिमा आधारित आध्यात्मिक गीत)

जय हो श्रीकृष्ण मुरारीकी जय हो श्रीकृष्ण मुरारीकी ।

जय हो जय हो जय हो श्रीकृष्ण मुरारीकी जय हो श्रीकृष्ण मुरारीकी ।

बालक महाँ असुर मारी तारी गरी सो नासै हो

श्रीकृष्ण मुरारीकी जय हो श्रीकृष्ण मुरारीकी ।

जय हो जय हो जय हो श्रीकृष्ण ..................।

देखी विहारी ब्रह्मा भुल्यारी लज्जित भइ शरण गइ हो

श्रीकृष्ण मुरारीकी जय हो .......................।

मथुरा जाई कंश पछारी दिया गति सो पर्दै हो

श्रीकृष्ण मुरारीकी जय हो .......................।

यहाँ भगवान श्रीकृष्णको जय जयकार गरिएको छ । 'जसले बालककालमा पुतना लगायत ठूलठूला राक्षसलाई मारेका थिए । त्यस्ता श्रीकृष्ण मुरारीको जय होस् । जसको बाल विहार देखेर ब्राह्माजी पनि रनभुल्लमा परेका थिए र पछि लज्जित भएर शरणमा परेका थिए । त्यस्ता श्रीकृष्ण मुरारीको जय होस् । जसले मथुरा गएर कंशलाई मारेर परमगतिमा पऱ्याए त्यस्ता श्रीकृष्ण मुरारीको जय होस्' भनिएको छ ।

### ४.२.३.२ होरी गीतमा मायाप्रीति

केटा र केटीको रतिरागमा आधारित गीतलाई श्रृङ्गारिक गीत भनिन्छ ।

झट्ट आऊ न माधव प्रेम गरी झट्ट आऊ न माधव प्रेम गरी ।
ए श्याम सुन्दरको रुप मनोहर ।
ए मनमा बसिगो प्राण सरी झट्ट आउ न माधव.........।
ए तिम्रा वियोगले पागल पाऱ्यो ।
ए रोइ रहेछु पीर परी झट्ट आऊ न माधव ......... ।
ए गाइ चराऊ, वंशी बजाऊ ।
ए खाऊ, दूध, दही चोरी गी झट्ट आऊ न माधव .......... ।
ए कुञ्जमा आऊ रास रचाऊ ।
बाहु समाऊ प्यार गरी झट्ट आऊ न माधव ............. ।
-गोपिनीहरु कृष्णको प्रेममा विह्वल हुँदै भन्दछिन् । 'हे माधव तिमी हामीलाई प्रेम गरेर छिट्टै आऊ न । तिम्रो सुन्दर तथा मनोहर रुप हाम्रो मनमा प्राण सरीबसीसकेको छ त्यसैले छिट्टै आऊ हामीलाई प्रेम गर ।तिम्रो वियोग सहन नसकी हामी पागल समान भएर रोइरहेका छौं त्यसैले छिट्टै आऊ । हाम्रो साथमा गाई चराएको र वंशी बजाएको हेर्न चाहन्छौ बरु दूध दही चोरी गरेर खाऊ यसमा हाम्रो कुनै गुनासो छैन किनकि तिमी विना हामीलाई बाँच्न कठिन परिरहेको छ । वृन्दावनमा विहार गर रासलिला रचाऊ प्रेमले हामीलाई आलिङगन गर तिमी छिट्टै आऊ हामीलाई प्रेम गर तिमी विना बाँच्न गाह्रो भो ।'

## ४.२.३.३ प्रकृति वर्णन

(प्राकृतिक सौन्दर्य वर्णन गरिएको गीतहरु यस वर्गमा पर्दछन् ।)
राधे रमाइला दिन आए राधे रमाइला दिन आए ।
चारैतिर हरियाली छाए पंक्षीले प्वाख केलाए ,
रमाइला दिन आए राधे रमाइला दिन आए ।
लहरा,कुञ्ज, मुनाबीच लुक्दै,कोइलीले गीत सुनाए ,
रमाइला दिन आए,राध रमाइला दिन आए ।
कठजाई फुलले, पवन सित घुम्दै मग मग वास बहाए,
रमाइला दिन आए,राधे रमाइला दिन आए ।
भमरा,माहुरी,फुलहरु चुम्दै,गुञ्जायमन गराए,
रमाइला दिन आए राधे...............।
ऐसेलु,काफल,पाकेर लुत्के रस लेऊ भन्दै बोलाए,
रमाइला दिन आए राधे...............।
सुन्दर शोभित, वसन्त वनमा, प्रेमीले दिल मिलाए,
रमाइला दिन आए राधे...............।

उक्त गीतमा श्री कृष्णा वसन्त ऋतुको सुन्दर मनोहरछवि देखेर मोहित हुदै राधासिसत यस्तो बेला माया प्रीतिकोसुअवसर गुमाउनु हुदैन भन्दै प्राकृतिक सुन्दरताको वर्णन गर्दछन् । हे राधे अब तत वसन्त ऋतुको हरियाली पुर्ण रमाइलादिन आएका छन्। चारैतिर हरियाली छाएको छ ,चरा-हरुले आफ्ना प्वाँख फैलाउदै मीठा गीतहरु सुनाउदै छन् । बनका लहरा,कुञ्ज र मुनाहरुबीच लुक्दै कोइलीको मीठो गीत गुञ्जिदै छ । राम्रा राम्रा रङ्गी विरङ्गी फूलहरुले पवनसित मितेरी लगाउँदै मग मग वासना फैलाउदै छन् । भुँमरा र माहुरीहरुले फूलहरु चुम्दै भूँ भूँ गर्ने स्वरले वन नै गुञ्जायमान गराएका छन् । ऐसेलु, काफल आदि फलहरु पाकेर डाली निहुरी रसले पूर्ण भई सो फलको रस लिनको लागि जनमानसमा विज्ञापन गरिरहेका छन् । यस्तै सुन्दर शोभित बसन्त ऋतुको अवसरमा अनकौं प्रेमी जोडीहरुले मनको मिलन गराएका छन् । त्यसैले हामीले पनि यो सुअवसरलाई चुकाउनु हुँदैन भन्दै राधासित आग्रह गरिरहेको वर्णन छ ।

### ४.२.३.४ होरी गीतमा विरह व्यथा

(परदेश गएको श्रीमानको वियोगमा प्रियतमा यसरी विरह पोख्छिन् )

छैन भर, कर्कली पातको पानी, यो जीवन, छैन भर ।२
छैन घर, वर्षाई आँसु, म रुन्छु , प्यारा छैन घर ।२
आगुको फागु, जान्छ कसोरी, छैन भर
अहिले विरही हुन्छु म, प्यारा छैन घर । वर्षाइ आँसु ............ ।
कर्कली पातको पानी यो जीवन, छैन भर ।
थामूँ कसोरी आँसुको धारा छैन भर ।
ढोलकीको स्वर म सुन्छ प्यारा छैन घर ।
वर्षाइ आँसु म रुन्छ ................।
जाई सञ्जाई ओइली झर्ने फूल छैन भर
सपनीमा हार उइनन्छु प्यारा छैन घर ।
वर्षाइ आँसु म रुन्छ ................।

अर्थात यो जीवन कर्कली पातको पानी सरी क्षणभंङगुर छ तैपनि मेरा पियारा घरमा नहुँदा आँसु वर्षाइ रोइरहन्छु । यो वर्षको फागु कसरी वित्ने हो थाहा छैन अर्थात यो फागुमा श्रीमान आउनु हुन्छ वा हुन्न थाहा छैन । तैपनि आउनु हुन्न कि भन्ने आशङ्कामा अहिले नै विरही भएर रोइरहेछु । म यो आँसुको धारा थाम्न असमर्थ छु । जव गाउँमा होरी खेल्ने तयारी हुन्छ । ढोलकीको स्वर सुनिन्छ । सबै पुरुषहरु राम्रा सुकिला लुगा लगाई होरी खेल्न जान्छन्, त्यसबेला मेरो मन एक तमासको हुन्छ र आँसुका धारा वर्षाइ रोइरहन्छु । जाइ र सञ्जाइका फूलहरु आफ्नो बहारमा फूल्छन् र ओइली झर्छन । सपनीमा म ती फूलको माला गाँसीरहेकी हुन्छु तर विपनीमा विरही भएर आँसु वर्षाइ रोइरहन्छु ।

### ४.२.३.५ चेतनामूलक हेरी गीत

(समाजमा रहेका विकृति र विसङगति हटाई सकारात्मक सोचाई राखेर प्रगति पथमा लम्कने सन्देश)

एइ उठ उठ नेपाली भाई यो प्यारो नेपालमा
ए लौ लौ यो प्यारो नेपालमा ।
ए नर र नारी एक भई बाँचौं ।
ए प्रीतिको फूल फुलाऔं यो प्यारो नेपालमा
ए लौ लौ यो प्यारो नेपालमा ।
ए आलस्य छोडी जाँगर चलाई
ए विकासको मूल फुटाऔं यो प्यारो नेपालमा ।
ए लौ लौ यो प्यारो नेपालमा ।
ए छोरा र छोरी पढ्न पठाई ।
ए शिक्षाको ज्याति जलाऔं यो प्यारो नेपालमा ।
ए लौ लौ यो प्यारो नेपालमा ।
ए रीस र राग छोड सबही ।
ए प्रेमको बस्ती बसाऔं यो प्यारो नेपालमा ।
ए लौ लौ यो प्यारो नेपालमा ।

उक्त गीतमा समाजमा रहेका विकृतिहरु हटाई सकारात्मक सोचका साथ अगाडि बढ्न आग्रह गर्दै भनिएको छ, 'हाम्रो प्यारो देश नेपालमा सबैले जागरुक भई उठ्नु परेको छ । नर र नारीहरुमा विभेद नगरी एकजुट भएर प्रीतिको फूल फुलाउनु परेको छ । सबैले अल्छी छोडेर जोश र जाँगरका साथ विकासको गतिलाई तीव्र बनाउनु छ । छोरा छोरीमा विभेद नगरी सबैलाई विद्यालय पठाई शिक्षाको ज्याति जलाउनु छ । सबै जात जाती, भाषा भाषाी तथा विभिन्न वर्ग र समुदायका व्यक्तिहरु बीच रीस राग छोडेर प्रेमको बस्तीमा परिणत गर्नु छ ।

### ४.२.३.६ सामाजिक (ग्राम्य परिवेश वर्णन)

श्रीकृष्णको वृजमण्डल देशको ग्राम्य परिवेशको वर्णन यसरी गरिएको छ ।

वृजमण्डल देश अति रसिया, वृजमण्डल देश अति रसिया ।
ए कृष्ण मुरारी पिताम्बर धारी ।
मोर मुकुट शिर धरिया, वृजमण्डल देश अति रसिया ।
ए साँवरो सुरती मोहन मूर्ति ।
ए कोटी नगर ती छवि न्यारी वृजमण्डल देश .......... ।

ए घर घर नारी, सुन्दर प्यारी ।
मृग नयना, चन्द्र मुखिया वृजमण्डल देश ........ ।
ए कोइली बोलाइ, हात्ती हिडाई ।
हार श्रृङ्गार बढी बढाई वृजमण्डल देश ......... ।
ए नन्द दुलारे कुमार जी प्यारे ।
बाल गोपाल साथी संगिया वृजमण्डल देश ........ ।

उक्त गीतमा श्रीकृष्णको मथुरा नगरको ग्राम्य परिवेशको सुन्दर वर्णन गरिएको छ । यसमा भनिएको छकि 'वृजमण्डल देश धेरै रमणीय वातावरणले सजिएको छ । जहाँ कृष्ण मुरारीले पहेलो वस्त्र धारण गरेका छन् तथा शिरमा मोर मुकुट धारण गरेका छन् । उनको अनुहार साँवलो रङको भएपनि रुपरङ्ग मोहित पार्ने खालको छ । करोडौं नगरहरुमा उनको छवि अनौठो छ । जुन गाउँमा हरेक घरकी नारी सुन्दर र प्यारी देखिन्छिन । जसका आँखा मृगको जस्तै चम्किला र चन्द्रमा जस्तो चम्किलो अनुहार छ । जसको बोली कोयलीका जस्तो मधुर छ र हिडाईको चाल हात्तीको जस्तो छ । हार श्रृङ्गारहरुले अति शाभायमान बनाएको छ । जहाँ नन्द कुमार कृष्णजी सबैका प्यारा छन् र बाल गोपालहरु उनका साथी संगी छन् । यसरी गाउँको वातावरण नै सुन्दर र मोह लाग्दो छ ।' भनिएको छ ।

### ४.२.३.७ संस्कृति वर्णन

(कृष्ण र राधिकाले गाउँको पटकानीमा होरी खेलेको वर्णन)

होरी माच्चि गै पटकानी होरी माच्चि गै पटकानी
यता कन्हैया बलके भैया
उता राधिका ललिता नि होरी माच्चि गै पटकानी ।
यता कन्हैया होरी खेलैया
उता चन्द्रावली जानी होरी माच्चि गै पटकानी ।
यता कन्हैया अवीर हनैया ।
उता सखी राधारानी होरी माच्चि गै पटकानी ।
यता कन्हैया पिच्की हनैया ।
उता सखि रंग रंग पानी होरी माच्चि गै पटकानी ।
यता कन्हैया वंशी बजैया ।
उता बाजी विनाई होरी माच्चि गै पटकानी ।

प्रस्तुत गीतमा श्री कृष्ण र राधिका लिलेर गाउँको पटकानीमा होरी खेलेको सुन्द वर्णन गरिएको छ । गाउँको पटकानीमा होरी माच्चिएको छ अर्थात धुम मचेको छ । एकतिर बलरामका भाइ कृष्ण कन्हैया छन् भने अर्का तिर राधा र ललिता छिन् । कृष्ण कन्हैया होरी खेलाइरहेका छन् भने उता

चन्द्रावली खेलिरहेकी छन् ।कृष्ण अविरले राधा र उनकी संगीनीलाई छ्यापाछ्याप गरिरहेका छन् । कृष्णले पिच्कारीमा रंग भरेर हान्दैछन भने राधा र उनकी सखीले पानीमा रंग घोलेर हानी रहेकी छिन् । कृष्णले बाँसुरी बजाउदै छन भने राधाले विनायो बजाउदै छिन् ।
यसरी कृष्ण र राधिकाको होरी चरम चुलीमा पुगिसकेको कुराको वर्णन गरिएको छ ।

### ४.२.३.८ ऐतिहासिक होरी गीत

ऐतिहासिक सन्दर्भ औंल्याई नयाँ नेपालको निर्माण तथा रक्षा गर्न आह्वान गरिएको सन्देश मूलक गीत ।

मातृभूमिको रक्षा कन अब आओ नेपाली फर्किकन ।
अब आओ नपाली फर्किकन ।
ए विश्वभरिमा नाम चिनायौ
ए वीर नेपाली भनिकन अब आओ नेपाली फर्किकन ।
ए विश्वका ठुला शक्तिका सामु ।
ए लड्यो नेपाली डटिकन अब आओ नेपाली फर्किकन ।
ए अंग्रेज भागे जर्मन भागे
ए गोर्खाको हाँक सुनीकन अब आओ नेपाली फर्किकन ।
ए बन्दुक तोप भागे डराई ।
उ नाङ्गो खुकुरी देखिकन अब आओ नेपाली फर्किकन ।
ए गोर्खाली वीर सतलजका तिर ।
ए काँगडा किल्ला नाघिकन अब आओ नेपाली फर्किकन ।
ए छोडी विदेश फर्क झटही ।
ए देश विकास गर्नाकन अब आओ नेपाली फर्किकन ।
ए पौरखी हात बाँधी नराख ।
ए बाटा र घाटा खन खन अब आओ नेपाली फर्किकन ।

उक्त गीतमा इतिहासमा विश्वका ठुल ठुला शक्तिका सामु वीर नेपाली भनेर चिनाएका, बन्दुक र तोपका आगाडि नाङ्गो खुकुरी लिएर लडेका, देशको पश्चिमी सीमा अगाडि बढ्दै काँगडा किल्ला पारगरी सतलज नदी सम्म पुगेको सन्दर्भ औंल्याउँदै वर्तमान परिप्रेक्षमा देशको सीमा रक्षाका लागि हामीले खट्नु पढ्छ । देशको युवा जोस र जाँगरलाई विदेशमा खेर फाल्नु हुदैन । स्वदेशमा फर्केर यहाँका बाटा घाटाहरु खन्नु पर्दछ भन्ने सन्देश दिएको छ ।

हालको युवा पुस्तामा होरी गीतको माध्यमद्धारा जनचेतना जगाउन खोजिएका गीतहरु रचना गरिएका छन् ।

# पाँचौ परिच्छद

## ५. उपसंहार, अछामी भाषिकाको शब्दसुची र सन्दर्भग्रन्थ सूची

यस परिच्छेदमा प्रत्येक परिच्छेदको सारांस र छोटकरीमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.१ सारांश

यस शोत्रपत्रको पहिलो परिच्छेदमा शोध शीर्षक , शोधकार्यको प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमा, शोधकार्यको अवधि, शोधविधि र शोधपत्रको रुपरेखाले शोधको मूर्ततालाई प्रष्टयाएको छ ।

दोस्रो परिच्छेदमा अछाम जिल्लाको सामान्य परिचय दिइएको छ । यस अन्तर्गत अछाम जिल्लाको नक्शा, अछामको भौगोलिक परिचय दिइएको छ । यस अन्तर्गत भू-वनोट, अछामको नामकरण, नदी र खोलाहरुको सामान्य परिचय दिइएको छ । अछामका नदी र खोलाहरुमा कर्णाली नदी, बढी गङ्गा, कैलास खोला, चाइरवा गाड, विनायक गाड, छिपे खोला आदि रहेका छन् । अछामको राजनैतिक विभाजनमा १३ वटा क्षेत्र र ७५ वटा गा.वि.का नामहरु दिइएका छन् साथै शिक्षा, स्वास्थ्य, विद्युत, यातायात, सञ्चार, पर्यटन क्षेत्रको छोटो परिचय दिइएको छ । ऐतिहासिक परिचय अन्तर्गत प्राचीनकाल, पूर्वमध्यकाल, मध्यकाल (बाइसी राज्यहरु र एकिकरण पछि) आधुनिककाल (२००७ साल पछि) को छोटो चिनारी दिइएको छ । अछामका प्रमुख धार्मिक स्थालहरुको परिचयका क्रममा बढी मालिका खप्तडको खापर जगन्नाथ र सहस्रलिङ्ग, वैद्यनाथ ज्यातिर्लिङ्ग बान्नीगढी, वरदादेवी, प्रभाको माडी, श्रीकोटकी भग्न, जाल्पादेवी, केदार केदारी ( नदाइ), तितौराकी त्रिपुरा सुन्दरीको छोटो परिचय दिइएको छ । अछामका ऐतिहासिक स्थालहरुमा विनायक, विमकोट, घुँघुरकोट, मंगलसैन, तडिगैरा, दर्नाकोट, बान्नीगढी, कालीमाटी गढीको सामान्य परिचय प्रस्तुत छ । अछामका प्रमुख चाडपर्वमा विसुतिहार, जेठासे पूर्णिमा, साउने संक्रान्ति, साउनेपूर्णिमा, श्रीकृष्ण जन्माष्टमी, घाँसेसंक्रान्ति, बडादशै, कार्तिकपूर्णिमा, तिहार, भैलेपूर्णिमा, भुवाऔसी, मकरसक्रान्ति, शिवरात्री, होरी, चैतेदशै, पुतला आदि छन् ।

शोधपत्रको तस्रो परिच्छेदमा होरी गीतको सैद्धान्तिक परिचय दिइएको छ । यस अन्तर्गत पौराणिक पृष्ठभूमि, होरी परिचय, होरी गीतको परिचय, लोक डेउडा र होरी डेउडाको तुलना, होरी डेउडाको ऐतिहासिक पक्ष, होरी डेउडाको क्षेत्र, होरी गीतको संरचना ( कथ्य, भाषा, चरण वा पद, लय वा भाका, छन्द) होरी गीतको प्रयोजन (आनन्दको अनुभव र अनुष्ठानको सम्पादन), होरी गीतको महत्व ( साँस्कृतिक तथा ऐतिहासिक महत्व, सामाजिक महत्व, धार्मिक महत्व) अलङ्कार प्रयोग आदिले होरी गीतको संद्धान्तिक परिचय दिएको छ ।

शोधपत्रको चौथो परिच्छेदमा अछामी होरी गीतको वर्गीकरण र विश्लेषण गरिएको छ । प्रथम खण्डमा होरी गीतको वर्गीकरण गरिएको छ । जसमा होरी गीतलाई वर्गीकरण गर्न तीनवटा

मुख्य आधारहरु लिइएका छन् । (१) रचनाकालका आधारमा (२) स्थानीय छन्दका आधारमा (३) विषयवस्तुको आधारमा । (१) रचनाकालका आधारमा वर्गीकरण गर्दा प्रारम्भिक होरी गीतहरु, डण्डी स्वामीकालीन होरी गीतहरु, आधुनिक होरी गीतहरु रहेका छन् । स्थानीय छन्दका आधारमा वर्गीकरण गर्दा चौधवटा छन्दहरु जस्तै त्रिपदी छन्द, दीर्घतुरा छन्द, दुढामी छन्द, दुढौची छन्द, पौपट छन्द, चौपदी छन्द, तुर्याली छन्द, त्रिभंग छन्द, मन्दतुर्या छन्द, मन्दतुरा छन्द, मन्द दुढौची छन्द, डेवडी छन्द, मन्दगामी छन्द, मन्ददुभंगी छन्द, आदि रहेका छन् । विषयवस्तुका आधारमा वर्गीकरण गर्दा श्रृङ्गारिक, सामाजिक, ऐतिहासिक, पौराणिक, साँस्कृतिक, प्रकृति चित्रण, चेतनामूलक आदि रहेका छन् । परिच्छेदको द्वितीय खण्डमा होरी गीतको विश्लेषण गरिएको छ । होरी गीतको विश्लेषणलाई तत्वगत विश्लेषण, अर्थगत विश्लेषण र विषयगत विश्लेषण गरी तीन भागमा बाँडिएको छ । तत्वगत विश्लेषणमा भावात्मकता, लयात्मकता, भाषाशैली र अलङ्कार पर्दछन् । भावात्मकता अन्तर्गत विरह भाव, शोकभाव, वात्सल्यभाव, क्रोधभाव, हाँस्यभाव, विस्मयभाव, रतिभाव, डरभाव, जुगुप्साभाव पर्दछन् । अलङ्कार अन्तर्गत उपमा, रुपक, अनुप्रास तथा श्लेष अलङ्कारका उदाहरणहरु प्रस्तुत गरिएका छन् । अर्थगत विश्लेषण्मा अभिधा अर्थ, लक्षणा अर्थ र व्यञ्जना अर्थका केही उदाहरणहरु प्रस्तुत छन् । अन्त्यमा विषयगत विश्लेषण अन्तर्गत होरी गीतमा स्तुति (शिव स्तुति, राम स्तुति, कृष्ण स्तुति) होरी गीतमा मायाप्रीति, प्रकृति वर्णन, विरह व्यथा, चेतनामूलक, सामाजिक परिवेश वर्णन, संस्कृति वर्णन, ऐतिहासिक आदि रहेका छन् ।

## ५.२. निष्कर्ष

नेपाल बहुधार्मिक, बहुजातीय, बहुसाँस्कृतिक मुलुक भएकोले यहाँ विविध खालका साँस्कृतिक चाडपर्वहरु विभिन्न ठाउँहरुमा आफ्नै मौलिक परम्परा अनुसार मनाइदै आइरहेको छ । यसै सन्दर्भमा अछामको होरी पर्व आफ्नो छुट्टै पहिचान बोकेको पर्व हो । यद्यपि होरी पर्व हिन्दु मात्रको महत्पवूर्ण चाडपर्व मध्येको एउटा हो । तैपनि अछाम जिल्ला तथा यसका छिमेकी जिल्लाहरुमा होरी पर्वले छुट्टै विशेषता बोकेको छ ।

होरी खेल डेउडा खेल जस्तै दुईवटा समूहमा मिलेर वृत्ताकार रुपमा पंक्तिवद्ध भएर खेलिने हुनाले यसलाई डेउडाकै अर्को रुप पनि मानिन्छ । तथापि डेउडा र होरीमा थुप्रै भिन्नता रहेकाले यो पर्व विशेषमा मात्र खेलिने डेउडा हो । यसका गीतहरुलाई होरी डेउडा पनि भनिन्छ । शिवरात्रीको एक हप्तापछि गाउँको पटकानीमा पुरुषहरु एकत्र भई ढोल टेम्को र झ्याली बाजाले होरी सुरु भएको संकत गर्दै होरीको आरम्भ गरिन्छ । होरी गीत फलाक्ने टोली नाइकेलाई खलिफा भनिन्छ । खलिफाको निर्देशनमा रहेर दुबै समूहका मानिसहरुले हात र खुट्टाको चालको साथै गीत गाउने गर्दछन् ।

यस प्रकारको होरी गीतको अध्ययन, वर्गीकरण र विश्लेषण गरी साहित्यिक कोटीमा पुऱ्याउने कार्य हालसम्म कसैले नगरेको हुँदा उक्त रिक्ततालाई पूर्ति गर्न यस शोधपत्रले सहयोग पुऱ्याउने आशा एवं विश्वास प्रकट गर्दछु ।

## सन्दर्भग्रन्थसूची


१. अछामको इतिहाँस डा. राजाराम सुवेदी २०५८

२. अछामी होरीका सन्दर्भमा डण्डी स्वामी केवलानन्द - २०६१ फणेन्द्रराज रेग्मी

३. झारखण्ड वैजनाथ क्षेत्र एक चिनारी-२०५७, सुरतबहादुर शाह

४. फुटकर होरी गीत- यदुनाथ शर्मा

५. वृहत् नेपाली शब्दकोश ने.रा.प्र.प्र.२०४०

६. होरी डेउडा -२०६१, टीकापुर साँस्कृतिक समाज टीकापुर

## परिशिष्ट

## अछामी शव्दसूची

यस शोधपत्रमा संकलित होरी (डेउडा) गीतमा आएका अछामी शब्दहरुको नेपाली अनुवाद :

| अछामी | | नेपाली |
|---|---|---|
| अनमोला | - | अमूल्य |
| अलछिन | - | कुलक्षण |
| आला | - | ताजा |
| उइनन्छु | - | गाँस्छु |
| उराइठो | - | मनमोहक |
| क्याउ | - | के |
| कैको | - | कसको |
| खर खर | - | फटाफट |
| खरी | - | चरम् पराकाष्ठा |
| खेडान | - | जम्मा गर्न |
| खेवा | - | शुल्क वा महसुल |
| घरथी | - | घरमै |
| घुँइके | - | तेजगतिमा गए |
| चुँदरी | - | पछ्यौरी |
| छियाउ | - | थियौ |
| छेक्डान | - | जिस्किन |
| जताई | - | बताई |
| जनछाड | - | नछोड |
| जन फुलेइ | - | नफुल्नू |
| जनि तोड | - | नटिप |
| जैऱ्या | - | जाबो वा नीच |
| डण्डोला | - | फिरन्ते |
| तम | - | तिमी |
| त्याँ | - | त्यहाँ |
| तिनथै | - | तिनीसँग |

| | | |
|---|---|---|
| त्यैकन | - | त्यसलाई |
| धम्कि गै | - | धम्काएर गए |
| न्यारी | - | अनौठो |
| पातलु | - | पातलो |
| पाल्या | - | द्वारे द्वारपाल |
| पिउँ | - | लोग्ने |
| बाजी रे | - | बज्यो रे |
| बल्ल | - | गोरु |
| बाइजा | - | गैहाल |
| बेर | - | अवेर |
| बैरीनी | - | शत्रु |
| बेली | - | हिजो |
| बैरालो | - | दुश्मनी |
| भिजैको | - | भिजेको |
| मकी | - | मलाई |
| मझार | - | माझ |
| मथै | - | मसँग |
| मदान | - | मात्तिन |
| माच्ची गै | - | चरम चुलिमा पुग्यो |
| मोर चङ्ग | - | मुर्चङ्गा |
| यही थी | - | यसै ठाउँमा |
| योगीकी नाई | - | योगीको जस्तै |
| राया | - | चिने |
| रिसान्नी | - | रिसाउने छिन |
| लाई | - | लगाई पहिरी |
| लाग्या | - | लागे |
| लुच्चा | - | लोभी, कन्जुस |
| लुत्के | - | निहुरे |
| बरण | - | वर्ण |
| विआहार | - | विनाआहार |
| सनिसार | - | संसार |
| सम्मार | - | स्याहार |

| | | |
|---|---|---|
| सरसाई | - | प्रशंसा |
| सौराई | - | सम्झना |
| सौरास | - | ससुराली |
| हामकी | - | हामीलाई |
| हाँसन्नी | - | हाँस्ने छिन |
| हुल्ली | - | हुल वा कोलाहल |

## यस शोधपत्रको लागि सहयोग गर्ने व्यक्तिहरु

१. कर्णबहादुर थापा-दर्ना हाल पथरैया कैलाली
२. कृष्णबहादुर भण्डारी - बलिया कैलाली
३. कृष्णबहादुर रावल - प्र.अ. अन्नपूर्ण उ.मा.वि. कालागाउँ
४. गिरीराज पौडेल - नेपालगंज
५. चक्रबहादुर रावल चाफामाडौ अछाम
६. चन्द्र बहादुर रावल - चाफामाण्डौ अछाम
७. तेजबहादुर भण्डारी - कालागाउँ अछाम
८. धनञ्जय तिमिल्सेना - टीकापुर
९. नृपबहादुर खड्का - टीकापुर
१०. महानन्द जोशी - नेपालगंज
११. यम बहादुर भण्डारी बलिया कैलाली
१२. हिक्मतबहादुर सोडारी - कालागाउँ अछाम